CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤣᤴ ᤔᤢᤴᤎᤢᤶ

साप्पोःक् चोꞋमेन् मुन्धुम्

लिम्बू जातिमा कोख-पूजा

बैरागी काइँला



नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤣᤴ ᤔᤢᤴᤎᤢᤶ

साप्पोःक् चो॒मेन् मुन्धुम्

लिम्बू जातिमा कोखपूजा

सङ्कलन, सम्पादन र अनुवाद
बैरागी काइँला

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साप्पो:क चो?मेन् मुन्धुम

सङ्कलन/सम्पादन र अनुवाद : बैरागी काइँला
प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ
संस्करण : पहिलो वि.सं. २०४८, भदौ
दोस्रो, वि.सं. २०७९ (६०० प्रति)
सर्वाधिकार : नेपाल प्रज्ञा-प्रतिष्ठान
आवरण सज्जा : सीताराम राई
मुद्रण : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ
मूल्य : रु. ५६० ।-

ISBN : 978-9937-781-67-1

SAPPO:K CHO?MEN MUNDHUM : LIMBU JATIMA KOKH-PUJA
by BAIRAGI KAINLA

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत्विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जनआन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवम् नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, सामाजिक शास्त्र आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समभ्रदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ। यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ। यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो। नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो। नेपाल प्रज्ञा-प्रतिष्ठान स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्वसामु नेपाललाई चिनाउने काममा लागिरहेको छ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभाग छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आआफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन्। युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालको अध्ययन अनुसन्धानमा नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अघि बढिरहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति तथा आजीवन सदस्यसमेत रहनुभएका वरिष्ठ कवि एव् मुन्धुमविद् श्री बैरागी काइँला 'तिलविक्रम नेम्बाङ'द्वारा तयार पारिएको यो ग्रन्थ दोस्रो संस्करणका रूपमा प्रकाशन भएको छ । लिम्बू जातिमा विद्यमान रहेको एउटा अत्यन्त महत्त्वपूर्ण संस्कार कोखपूजासँग सम्बन्धित यस ग्रन्थबाट सम्बन्धित पक्षले अधिकतम् लाभ हासिल गर्ने कुरामा नेपाल प्रज्ञा-प्रतिष्ठान विश्वस्त छ । म यस ग्रन्थको लागि श्री काइँलाप्रति आभार व्यक्त गर्दछु । कम्प्युटर-कलाका लागि सीताराम राईलगायत प्रकाशनसँग सम्बन्धित सबैलाई धन्यवाद दिन्छु ।

(डा. जगमान गुरुङ)
उपकुलपति
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कृतज्ञता ज्ञापन

वि.सं. २०४८ मा ने.रा.प्र.प्रले **साप्पोःक् चोꥸमेन् मुन्धुम् : लिम्बू जातिमा कोखपूजा** नामक ग्रन्थ प्रकाशित गरेको थियो । त्यसबखत लिम्बू भाषालाई देवनागरी लिपिमा आलेखन गर्ने पद्धति निर्माण भइसकेको थिएन । ने.प्र.प्र.ले ईमानसिंह चेम्जोङ सम्पादित लिम्बू–नेपाली–अङ्ग्रेजी शब्दकोश (वि.सं. २०१८) लाई परिमार्जित गरी बृहत् शब्दकोश निर्माणका आधारमा सम्पादन गर्ने योजना बनाएपछि लिम्बू भाषालाई देवनागरी लिपिमा आलेखन गर्दा अनुसरण गर्ने केही विधि निर्माण गर्‍यो । शब्दकोशमा प्रविष्टि दिँदा सुरुमा नै सिरिजङ्गा लिपिमा प्रविष्टि राख्ने निर्णयअनुसार वि.सं. २०४८ देखि नै कम्प्युटरमा सिरिजङ्गा लिपि निर्माण गर्ने कार्य प्राविधिकि विज्ञ करुण थापाको सहयोगमा आरम्भ गरियो र वि.सं. २०४९ सालको अन्ततिर सम्पन्न पनि भयो ।

सिरिजङ्गा फन्ट तयार हुनुअघि तथा देवनागरी लिपिमा लिम्बू भाषाका आलेखन कसरी गर्ने भन्ने पद्धति तयार हुनुअघि ने.रा.प्र.प्रले **साप्पोःक् चोꥸमेन् मुन्धुम् : लिम्बू जातिमा कोखपूजा** नामक ग्रन्थ प्रकाशित गरेकाले पाठकका लागि लिम्बू भाषाको ध्वनि सटिक रूपमा लेखन गर्न सकिएको थिएन । लिम्बू भाषाको ध्वनि सटिक रूपमा आलेखन नहुँदा अर्थ लगाइमा कठिनाइ हुन्छ । त्यसैले **साप्पोःक् चोꥸमेन् मुन्धुम् : लिम्बू जातिमा कोखपूजा** नामक ग्रन्थको अर्को संस्करण अवश्यक थियो ।

नेपाल प्रज्ञा–प्रतिष्ठानले अनुसरण गरेको लिम्बू भाषाको आलेखन पद्धतिअनुसार सिरिजङ्गा लिपिमा लिम्बू भाषा र देवनागरी लिपिमा लिम्बू भाषाको आलेखन गरी नेपाली अनुवाद राखेर बृहत् संशोधन र परिमार्जनसहित आज लगभग बत्तिस वर्षपछि नेपाल प्रज्ञा–प्रतिष्ठानबाट नै पुनः यो ग्रन्थ प्रकाशित हुँदै छ ।

यसका लागि नेपाल प्रज्ञा–प्रतिष्ठान, विशेष रूपमा कुलपतिज्यू र सदस्य–सचिवज्यूमा आभारसहित कृतज्ञता व्यक्त गर्दछु । यस कामको समन्वयका लागि प्राज्ञ शशी लुमुम्बू, कम्प्युटर सेटिङ्गमा सहयोग गर्ने सिताराम राई र सुमन राईलाई धन्यवाद दिन्छु ।

– बैरागी काइँला

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुई शब्द

संसारमा विविध जातिका आआफ्ना भाषा, संस्कृति तथा संस्कार छन् । मानव इतिहासमा सभ्यता र संस्कृतिको उत्थानमा यी सबैको आआफ्ना महत्त्वपूर्ण भूमिका रहेका छन् । वर्तमान नेपालको पूर्वी क्षेत्र, जसलाई पल्लोकिरात वा लिम्बुवान पनि भनिन्छ, –मा बसोबास गर्ने किरात लिम्बू जाति भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा धनी जाति हो । यही लिम्बू जातिको धार्मिक, सांस्कृतिक र सामाजिक चलनको, संस्कारविधिको अध्ययनका क्रममा लेखकले यहाँ कोखपूजा अर्थात् साप्पोःक् चोमेन् (कोखपूजा) को बृहत् प्रस्तुति गर्ने प्रयत्न गरेको छ । लिम्बू जातिमा स्त्रीले गर्भधारण गरेपछि गर्भको रक्षाका लागि पूजा गरिन्छ । यस पूजाको अति नै महत्त्व हुन्छ भन्नेकुरा त यो पूजा गर्नलाई ३ दिनको समय लागेबाट नै प्रस्ट हुन्छ । नेपालका वा संसारका अन्य कुन कुन जातिमा यस प्रकारले गर्भ रक्षाका लागि पूजाको बृहत् अनुष्ठान गरिन्छ खोजेर तुलनात्मक अध्यय हुन सके उत्तम कार्य हुने थियो ।

लिखित रूपमा कुनै शास्त्रको अभावले मुखमुखैबाट फेदाङमा वा माङदेम्बाले यस पूजाको अनुष्ठान सम्पन्न गर्दछन् । यो पूजा गर्दा फेदाङमा वा माङदेम्बा पौवासारताप (पाँचथर) निवासी स्व. रनसेर याङ्देम्बा (नेम्बाङ) ले मुखले फलाकेका मुन्धुम टिपेर (टेप गरेर) तथा अन्य फेदाङमा वा माङदेम्बाहरूले पनि फलाकेको मुन्धुम सुनेर, दाँजीकन यस साप्पोःक् चोमेन् (कोखपूजा) को पाठ यस रूपमा तयार पार्ने काम भएको छ । सङ्क्षिप्तमा परिचयात्मक ढङ्गले नेपाली भाषामा अनुवाद दिएर देवनागरी लिपिमा लिम्बू भाषामा साप्पोःक् चोमेन् (कोखपूजा) को मुन्धुमको मूलपाठ यहाँ प्रस्तुत गरिएको छ ।

कर्मकाण्डको विधान प्रस्तुत गर्दा तोङ्बा, पेहेङ तथा केराका पातहरू लासोमा कति कति कसरी चाहिने र राख्नुपर्ने छोटकरीमा विवरण दिइएको छ । यसमा त्रुटि धेरै छन्, संशोधन पछि हुने नै छ ।

यस पुस्तकमा वर्णित कोखपूजाको अध्ययनको क्षेत्र पाँचथर जिल्लाको पौवासारताप गा.वि.स.अन्तर्गत सारताप गाउँ हो । यो गाउँ लिम्बू जातिमा नेम्बाङ थरको लिम्बूमा पनि याङ्देम्बा उपथर भएकाहरूको बसोबास भएको गाउँ हो ।
पूजा-अनुष्ठानका मुख्य पुजारी फेदाङमा रनसेर पनि याङ्देम्बा उपथरका नेम्बाङ हुन् । कर्ताको रूपमा रहेकी उपकारी स्त्री, जसको निर्विघ्न प्रसवका लागि यो पूजा-अनुष्ठान गरिएको छ, तिनी याङ्देम्बा उपथरका नेम्बाङसँग विवाह भई आएकी हुन् । अर्को शब्दमा याङ्देम्बा उपथरका नेम्बाङको पत्नी हुन् । यो अध्ययन क्षेत्रको जानकारी यहाँ राख्नुको मुख्य उद्देश्य के हो भने, यही पूजा अन्यत्रका थुम वा गाउँमा सम्पन्न गर्दा खोलानाला, डाँडाकाँडा, पानी-पँधेरा र गाउँकै नाम पनि अर्कै हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फेरि पूजा गर्दा पनि विधिवधानमा कतिपय कुराहरू थुमथुमका फेदाङमाले केही फरक गर्न पनि सक्दछन् ।

कुनै निर्दिष्ट अध्ययन क्षेत्रभित्र पारेर प्रस्तुत गरिएको यो कोखपूजाले, तर समग्र लिम्बू जातिकै सामाजिक र सांस्कृतिक परम्पराको अध्ययनको झल्को दिने प्रयत्न गरेको भने निश्चय नै हो । स्व. इमानसिंह चेम्जोङ (वि.स.२०१८) ले "किरात मुन्धुम (किरातको वेद)" मा सङ्क्षिप्तमा यस पूजाको उल्लेख गर्नुभएको छ । काठमाडौंबाट हालै मात्र श्री आसमान सुब्बा (वि.स.२०४५) ले लेखी प्रकाशित गर्नु भएको "किरात धर्म र कर्मसंस्कार विधि" भन्ने पुस्तकमा पनि यसबारेमा सङ्क्षिप्त चर्चा छ ।

लिम्बू जातिको हराउन लागेको धार्मिक, सांस्कृतिक र सामाजिक प्रचलन तथा संस्कारहरूका अध्ययन र संरक्षणमा यसले केही सघाउ पुर्‍याउने छ भन्ने आशा छ ।

अन्त्यमा, अति सतर्क हुँदाहुँदै पनि मुद्राराक्षसले गर्दा अनेक ठाउँमा भुल हुन गएकामा क्षमायाचना गर्दछु । यो पुस्तकको पाण्डुलिपि आद्योपान्त हेरेर आफ्ना अमूल्य सुझाउ दिने प्राज्ञ-परिषद्का सदस्य श्री कृष्णचन्द्रसिंह प्रधान, मित्र श्री चैतन्यकृष्ण उपाध्यायलाई हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछु । दुई विद्वान् मित्रहरूका सुझाउले नै परिशिष्ट (ख) को मुन्धुममा प्रयुक्त शब्दहरू, शब्दार्थहरू र टिप्पणी तयार गर्ने प्रेरणा पाएँ ।

यो पुस्तकको पाण्डुलिपि अक्षर अक्षर पढी लिम्बू भाषामा अनेक सुधार, अनुवादमा सहयोग र अमूल्य सुझाउ दिनुहुने सिक्किम (भारत) निवासी लिम्बू भाषाका विद्वान् र विशेषज्ञ मुरिङला, बी. बी. सुब्बाको भने चीर ऋणि रहने छु । पाण्डुलिपि तयार पार्न सहयोग गर्ने लिम्बू भाषा र साहित्यका विद्वान् लेखक बिरही काइँला, भानिज रामराज आङदेम्बेलाई पनि धन्यवाद दिनै पर्छ । यो पाण्डुलिपि टाइप गरिदिने साहिला लामा तथा फोटोकपी तयार गर्ने काममा सहयोग गर्ने विजयकुमार महर्जनलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बैरागी काइँला
२०४८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

विषयप्रवेश	१
लेखनपद्धति	२०
साप्पोःक् चोऽमे़न् मुन्धुम् : लिम्बू जातिमा कोखपूजा	२४
कुदाप् माङ्खमा	२५
सिरिङ्माको पूजा	२९
वाजमाको पूजा	४५
तक्सङ्बाको पूजा	५५
तेन्छामा-खन्जमाको पूजा	६३
युमासाम्माङ् मुन्धुम् नु माङ्घो	८४
हिम साम्माङ् मुन्धुम् नु माङ्घो	१३३
थे़बासाम्माङ् मुन्धुम् नु माङ्घो	२१५
आप्चारा पक्चानाको साम्माङ माङ्घो	२६७
वागङ्मा साम्पाङ माङ्घो	२८१
माङ्गे़न्ना माङ्घो	२८१
परिशिष्ट (क) : पूजाका विधि र विधान (सामासरजाम)	३२०
परिशिष्ट (ख) : शब्द, शब्दार्थ र टिप्पणी	३२५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयप्रवेश

संसारमा विविध जाति र जनजातिका आफ्ना बोली, भाषा, साहित्य, संस्कृति, धर्म र सभ्यता छन् । आधुनिक संसारमा तर यी जाति र तिनका परम्परा विजातीय प्रभावबाट अप्रभावित निक्खर चोखो भने रहन सकेका छैनन् । तथापि रूढिगत चलेका कतिपय संस्कार र परम्परा, रीति र रिवाजहरू भने समयको परिवर्तनबाट अप्रभावित रही आएका छन् ।

वर्तमान नेपाल देशको पूर्वी पहाडमा सदियौँदेखि बसोबास गर्ने जातिहरूमा राई (खम्बु), याक्खा र लिम्बू नै प्रमुख हुन् । आफूलाई यिनीहरूमध्ये कतिपयले हिजोआज नतृत्वशास्त्रमा मङ्गोल भनिने मानववंशका हौं भन्न रुचाउँछन् । तर, इमानसिंह चेम्जोङ (चेम्जोङ, १९६७) का मतमा यस भूभागमा क्रमसः खाम्बोङ्बा (भूमिपुत्र), ताङसाक्था (मङ्गोल) र मुनाफेन (चिनिया मूल) का जाति आए । यिनैका रक्त सम्मिश्रणबाट कालान्तरमा किरात (राई, याक्खा र लिम्बू) जातिको एक नयाँ जातिको जन्म भयो ।

भाषाका दृष्टिले किरातहरूले भोट-बर्मेली परिवारका भाषा बोल्दछन । किरात भाषाहरूमा लिम्बू भाषा सार्वनामिक भाषा हो । किरात राई भाषाहरूमा बान्तावा भाषा पनि सार्वनामिक भाषा हो (डा. नोबलकिसोर राईसँग बातचितको आधारमा) भनिन्छ ।

कोखपूजा अर्थात् साप्पोःक् चोʔमेन्

लिम्बू जातिमा प्रचलित सामाजिक-धार्मिक प्रचलनको अध्ययनका क्रममा **साप्पोःक् चोʔमेन् (कोखपूजा)** अर्थात् गर्भको रक्षा, सुरक्षित प्रसूति, जन्मिने शिशु र जन्मदिने आमा (स्त्री) को रक्षाको पूजाको चर्चा प्रस्तुत गरिएको छ । गर्भ रहेपछि गर्भवती स्त्री स्वयम् प्रमुख उपकारी वा कर्ता वा अनुष्ठानकर्त्री भएर आफ्ना गर्भको रक्षा र निर्विघ्न जायजन्म होस् भनेर देवीदेवतालाई पुकाररिने पूजा नै **साप्पोःक् चोʔमेन् (कोखपूजा)** वा शाब्दिक अर्थमा भुँडीको पूजा हो ।

आदिकालमा रगतद्वारा साइनो-सम्बन्ध वा हाडनाताको स्पष्ट र निर्दिष्ट सामाजिक सम्बन्धको व्यवस्था नहुँदै, शैशवको सानो भन्ज्याङ काटेर किशोर वयमा टेक्न पुगेका चेली-माइतीले फुलेका फूल मन पराउन थालेर, फूल साटासाट गर्ने, फूलले हानाहान गर्ने बैंसको प्रभाव र यौनकामनाको भावनाले वशीभूत भएपछि नै प्रतिफलमा जीवनभरलाई तिनीहरूले रिस, इबी, आँखी र डाही पाएर अनन्त त्रासदीमा मान्छेले बाँच्नुपरेको कथा किरात लिम्बू जातिको मुन्धुममा वर्णित छ ।

लिम्बू जातिमा स्त्री गर्भवती भएपछि गर्भवतीले भिरपहरा नचढ्नु, रुख नचढ्नु, जँघार वा खोलानाला ननाघ्नु, गाईवस्तु बाँध्ने दाम्लो ननाघ्नु, बाँसको तामा नकाट्नु, जस्ता अनेकन् निषेधका रूढिहरूले धार्मिक-सांस्कृतिक-सामाजिक संस्कार र अनुष्ठानका रूपमा उतिबेलैदेखि गर्भका सन्तानसँगै जन्मेर हुर्केका होलान् । यस्तो निषेध स्त्रीका लागि मात्र नभएर पुरुषका लागि पनि हुन्छन् ।

आसमान सुब्बा (वि.स. २०४५) लेख्नुहुन्छ- "गर्भवती अवस्थामा कुनै जन्तु बाँधिराखेको अवस्थामा त्यो दाम्लो नाघ्दैन । जुनसुकै फलफूल राम्रो नफुली नपाकी खान हुँदैन, खाँदैन । कुनै जन्तु काटमार गर्नु गराउनु र काटेको, मारेकोसमेत हेर्दैन ता कि त्यो जन्तु काटेर मर्दा जुन गतिले मर्छ त्यसै सकलको जन्मन्छ । एवम् रितले सुनचाँदी पगालेको हेर्नुहुँदैन । बाँसको टुसा त जबसम्म जन्माउने उमेर रहन्छ, तबसम्म कुनै टुसा नभाँच्ने प्रचलन अद्यापि पाइन्छ ।"३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

के विश्वास गरिन्छ भने यो **साप्पोःक् चोʔमेन्** (कोखपूजा) गरेपछि निर्विघ्न प्रसूति मात्र होइन, गर्भपात, प्रसूतिकालमा गर्भवतीको अकाल मृत्यु तथा शिशुलाई बालमृत्युबाट पनि बचाउन सकिन्छ ।

यो पूजाको अनुष्ठान गर्ने उचित समय भने गर्भ रहेको नवौं महिनाभित्र नै हो । कुनै विशेष कारणले यस अवधिभित्र नै यो अनुष्ठान सम्पन्न गर्न नसकेमा नानी जन्मिएर पनि, पछिबाट समेत गर्ने चलन छ भनिन्छ तर यो कोखपूजा अघि होस्, कि पछि होस् गर्नु अनिवार्य हुन्छ ।

धार्मिक र सामाजिक संस्कारको लिखित विधान नभएकाले कति कालदेखि श्रुतिपरम्परामा मुन्धुम जीवित छ भन्नु सहज छैन । स्थान र कालविशेषमा संस्कारको विधिमा देखापरेका भिन्नता र विविधतामा माथिको कारण पनि प्रमुख छ । लिम्बू जातिभित्र महागुरु फाल्गुनन्द (वि.स. १९४२-२००५) को अवतरणपश्चात् संस्कारविधिमा ठूलो परिवर्तन आउनुका साथै आफ्ना भाषा र लिपिमा संस्कार विधिहरू लिपिबद्ध (बैरागी काइँला, वि.स. २०४७) गर्ने कार्य पनि आरम्भ भयो । महागुरुका अनन्य चेला याम्बोङ (इम्बुङ) निवासी रनधोज नेम्बाङ (वि.स. १९७४।९।१९ -२०१८।८।२१) ले लिपिबद्धगरेका अनेक पुस्तकहरूमा "साम्माङ च्याङ अर्थात् नौ ग्रह शान्तिको पुस्तक" पनि एक हो, जो अति महत्त्वपूर्ण छ । इमानसिंह चेम्जोङले अत्यन्त मिहिनेत गरेर दीर्घ खोजपश्चात् "किरात मुन्धुम् (किरातको वेद)" वि.स. २०१८ (सन् १९६१) सालमा छापी प्रकाशित गरे । वि.स. २०४५ मा काठमाडौँबाट आसमान सुब्बाले "किरात साम्यो नु येत्छाम्थिम् (किरात धर्म र कर्मसंस्कार)" नामक पुस्तक लेखी प्रकाशित गरे । भारतको बिरही काइँलाको सम्पादनमा दार्जिलिङको मिरिकबाट सन् १९८९ मा आङलाबाङ, धनबहादुर खेवा, लिम्बू लिखित "किरातपरम्परा : लिम्बू रीतिथिति र संस्कृति" प्रकाशित भएको छ ।

लिम्बू जातिमा प्रचलित पूजाहरूमा ठूला पूजाहरू अमध्येमा साप्पोःक् चोʔमेन् (कोखपूजा) पनि पर्दछ । यो पूजाको अनुष्ठानमा समय र सामग्री पनि धेरै चाहिन्छ । तीनराते पूजाहरूमा एक मानिन्छ यसलाई । प्रथम दुई दिनका पूजाहरू घरबाहिर नै गरिन्छन् । अन्तिम दिन अर्थात् तेस्रो दिनको माङ्गेन्ना पूजा साँझ पारेर घरभित्र गरिन्छ । ध्यानमा राख्नुपर्ने के कुरा छ भने साप्पोःक् चोमेन्को पूजा गर्दा मात्र युमा साम्माङ, थेबा साम्माङ र हिम् साम्माङका पूजा पनि घरबाहिर नै गरिन्छन् ।

पहिलो दिनको कार्यक्रम

पहिलो दिनको कार्यक्रमलाई विभिन्न २ चरणमा बाँड्न सकिन्छ, जस्तै :

१. वाचा बाँध्ने (पाःत्चा खेङ्मा) विधि (कतिले मʔवा वादेːम्मा पनि भन्दछन्)
२. कुदाप मन्साउने पूजा : विधि र विधान
३. मुख्य पूजा । मुख्य पूजाको पनि दुई खण्ड हुन्छन् : (१) पाङ्फे चम्मा र (२) घरका देवताहरूमा (क) युमा साम्माङ, (ख) हिम् साम्माङ र (ग) थेबा साम्माङका पूजा ।

पूजाविधि

पहिलो दिन सर्वप्रथम कुदाप साम्माङहरूको पूजा गरिन्छ । यसका लागि घरदेखि निकै टाडा पाखाबारी वा वनमा सफा ठाउँ रोजेर सुग्घर सफा गरीकन भुईं ताछेर, बढारेर, माटो सम्याएर पूजास्थान (थान) को निर्माण निम्नानुसार गरिन्छ ।

१. कुदापको पूजाका लागि माटो सम्याएर ढिस्कनाझैं अलि अग्लो उचालेर लहरै थानहरूको थापना गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. कुदापको पूजापछि मुख्य पूजा (मुख्य देवीदेवताहरूको पूजा) आरम्भ गर्न अघि "पाङ्फे चम्मा"को विधान पूरा गर्नुपर्दछ ।

३. मुख्य पूजा तब सुरु हुन्छ । सफा गरेको स्थानमा माटो सम्याई लहरै एक तलाको साङबे (टाँडमाथि थान) मन्दिरझैँ थान बनाइन्छ । टाँड पारेर नयाँ भाटा खिपेर तला छापेको माथि कोठा छुट्याई युमा साम्माङ, हिम् साम्माङ र थेबा साम्माङको अलग अलग कोठा बारेको, हेर्दा एउटै टाँड देखिने लहरे साङ्बे तयार भएपछि पूजाविधि सुरु हुन्छ । घरका देवीदेवताको पूजा गर्दा सधैँ युमा साम्माङकै पूजा सबैभन्दा पहिले गर्ने चलन छ । सबैको पूजा क्रमसँग गरी सकेपछि थान विसर्जन गरिन्छ ।

(क) बाचा बाँध्ने मन्त्र र विधि (पाःत्चा खेङ्मा)

कुनै पनि प्रकारको ठुलो, सानो पूजा गर्दा पूजाविधि सुरु गर्नअघि बाचा बाँध्ने (पाःत्चा खेङ्मा) विधि अथवा नराम्रा भूतप्रेत, डङ्किनीहरूलाई पूजास्थलमा आउन नदिनाका लागि चारैसुर बाँध्ने अथवा चारैसुरका बाटाहरू छेक्ने काम गरिन्छ । माङ्देम्बा वा फेदाङ्माहरूले पूजास्थल तयार गरेर थान थापनाहरू गरी सकेर सो स्थानको चारैसुर वा किल्ला मन्त्रले बाँधेर पूजा आदि सुरु गर्दछन् । पूजास्थल वा पूजाको अनुष्ठानमा नराम्रा डङ्किनी, भूतप्रेत, हंस, आत्माहरूको आँखा नलागोस्, डाही नलागोस्, कुनै प्रकारको विग्रह नपरोस् भन्दै चारैतिर अछेताले हान्दै फलाक्नुपर्दछ । चिलदेव, बिरालोदेव आदिले कुनै प्रकारले हानि गर्न नसकुन् भन्दै पुजारीले चारैकिल्ला बाँधेको छु भन्दै अछेता छर्दै फलाक्नुपर्दछ । उपकारीहरूका गाउँघर, शरीर तथा उनका येबो-मैनाम (सट्टामा प्रयोग गरिने प्रतीक चिह्न) लाई सबै नराम्रा देवीदेवताहरूबाट सुरक्षित गर्नु मन्त्रले बाँधेको छु भनी फलाक्दै चारै कुनामा अछेता छर्दै वाचा बाँध्ने विधि समाप्त गरिन्छ ।

(ख) कुदाप मन्साउने पूजा : विधि र विधान

वाचा बाँध्ने विधि सम्पन्न गरेर घरदेखि निकै टाढा पाखाबारी वा वनमा नराम्रा डङ्किनी र अनिष्टकारी देवीदेवता आदिलाई मन्साउने पूजा गरिन्छ । यी नराम्रा जङ्गली देवीदेवताहरूलाई समष्टिमा कुदाप भनिन्छ । उक्त अवसरमा पुजिने कुदाप निम्नानुसारका हुन्छन् :

१. सिरिङ्मा
२. तेन्छामा
३. खन्जमा (खजमा)
४. वाजमा (वजमा)
५. तक्सङ्बा

वनका देवीदेवताहरू जसले घरगृहस्थीलाई पिर, दुःख, कष्ट दिन्छन्, कुदाप अथवा वनका सिकारी देवीदेवता भनिन्छन् । लिम्बू जातिमा कुदाप भनिएकालाई धामीझाँक्रीले लाप्चे सिकारी, बिजुवानी, वनको सिकारी आदि विभिन्न नामले पुकार्दछन् ।

हज्सन पाण्डुलिपि, भोल्युम ८५, फेदाङबाको लम्बर ५ (१-४२) का अनुसार तक्सङ्बाको स्वास्नी भनेको कुम्रेक (देसान) हो । माटो केही उठाएर हाँचो ढिस्कना लामो तेर्सो सम्याईकन माथि लेखिएजस्तो क्रमैसँग यिनको पूजा गरिन्छ, तथापि तेन्छामा र खन्जमा (खजमा) को भने युगल पूजा हुन्छ र अन्तमा वाजमाको पूजा गर्नुअघि तक्सङ्बाको पूजा गरिन्छ । स्थानविशेष र फेदाङ्मा अनुसार कतिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu
फाक्मुरा, वगङमा र मिसेःक्को पनि पूजा गर्दछन् । सबैलाई केराको पात- २/२ जोर चित पारेर बायाँबाट लहरै राखी आसन दिनुपर्छ । तक्सङबालाई भने तोङ्बा दिनुपर्छ । त्यसबाहेक तक्सङबालाई १ ओटा कुखुराको बास्ने भाले नै भोग दिनुपर्छ, अन्डा पर्दैन । अरू अरूलाई १/१ जोर भालेपोथी कुखुरा (ससाना भए पनि हुन्छ), १/१ जोरका दरले अन्डा दिनुपर्छ । भोग दिइएका कुखुराका प्वाँख उखेलेर मात्र चढाउनु पर्छ । भोग दिएका कुखुराका टाउकाहरू चढाउनुपर्छ । अन्डा खुकुरीले ठुङेर चढाउनुपर्छ । तर वाजमा (वजमा) लाई भने लाम्चो खालको ढुङ्गा ठड्याएर थान थापना गर्नुपर्छ र लिङ्गो (याग्राङ्सिङ) १ जोडी गाडिदिनुपर्छ । भोग दिइएका कुखुराका आन्द्राहरू लिङ्गोमा ध्वजा टाँगेझैँ टाँगी चढाउनुपर्दछ ।

पूजा सकेर थानहरू विसर्जन गरेपछि भोग दिइएका जिवात वा अन्डाहरू प्रसादका रूपमा खाइन्छ तर वाजमा (वजमा) भनेको बिजुवानीलाई चढाएको भोगने रोगी, निम्सरो र स्त्रीजातिले नखानु भनिन्छ । कुदापको पूजा सकेर घर आउँदा र घरभित्र प्रवेश गर्नुअघि बलेको अगुल्टो टेकेर मात्रै पस्नुपर्दछ ।

(ग) कुदाप (मन्साउने) को पूजा : विधि र विधान

१. सिरिङ्मा

(क) थान थापना गर्ने । थापना गरिएको थानमा सामा-सर्जाम पुगेपछि पूजा सुरु गरिन्छ ।

(ख) पूजा सुरु गर्दा देवीदेवतालाई आह्वान गरेकोझैँ पुकार गरिन्छ । जस्तैः

(ग) आह्वान

. . . पृथ्वी, आकाश, जल, थल, हावाबतास सबै अदृश्य भइसके । उत्तरको भोट र महाचीन, दक्षिणको तराई, मधेस, नदीनाला र सागरहरू पनि दृष्टिबाट अब ओझेल भइसके । फक्ताङलुङ, केवालुङ, सेन्छेन्लुङ, वाधिन्लुङ, चम्फत्लुङझैँ पवित्र हिमाल पर्वतहरू पनि अदृश्य भइसके । जलचर, थलचर, वनस्पति, पशु र पन्छीहरू, तथा तरुनी र तन्नेरीहरू सबै दृष्टिबाट ओझेल भइसके है । ठुलो साँझ भइसकेको छ, आकाशमा चारैतिर ताराहरू झलमल्ल उदाइसकेका छन् । अहो, यो मध्यरातको प्रहर नै त तिम्रो (देवीदेवताहरूको) जाग्ने, डुलिखाने, चलिखाने ठिक समय हो । ठिक यसै बखत पारेर रातोमाटो सम्याएर, सफासुग्घर पारेर, लिपेर तिमीलाई थानमान दिएको छु । केराका पात ओछ्याएर आसन वा थान (लासो) दिएको छु । फूलका कलशहरू, दियोबत्तीहरू दिएको छु । यस थानमा आई बसिदिनू है, पूजाअर्चना थापिदिनू है ।

(घ) सरिङ्मो स्तुति र पुकार

यसरी माथि (ग) भनिएअनुसार देवीदेवताहरूलाई आह्वान गरेर थानमा राखेपछि अभीष्टको प्राप्तिको निमित्त पूजा सुरु गर्दा सम्बन्धित देवीदेवताको स्तुति गर्ने र पुकार गर्ने गरिन्छ । जस्तै : आदौमा तिमी (सिरिङमा) नेखोलुलु भन्ने स्थानमा उत्पन्न भयौ अनि त्यस स्थानबाट हिमाल नाघेर दक्षिण दिशा आउँदा फक्ताङलुङ, केवालुङ, सेन्छेन्लुङ, वाधिन्लुङ, चम्फत्लुङझैँ पवित्र हिमाल पर्वतहरू हुँदै झऱ्यौ । डाँडाकाँडा, खोलानाला, र नाघीहरू नाघेर मानिसहरूले आवाद गरेको ठाउँहरू कता छन् भनेर खोज्दै आफ्ना नातागोता पहिल्याउँदै, दाजुभाइ खोज्दै लिम्बू जातिहरूले ढाकेको यस भेकमा झऱ्यौ । तिमी आउँदा आगो लागेको झैँ, डढेलो लागेको झैँ चारैतिर हुँदा हाम्रा पुर्खाहरूमा कुनै हाम्रा प्रथम प्रथम प्रकट भएका देवता आगोको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्वालाझैं रापिलो आएछन् भनेर मान्छे (लिम्बू जाति) ले तिम्रो अभ्यर्थना र पूजा गरेछन् । कुखुराको डिम्बा र कुखुराकै भोग दिएर पूजा गरेछन् ।

यही चलनले आज पनि तिम्रो पूजाप्रार्थना गरेको छु । तिम्रै दरसन्तानमा यो उपकारी (फलानी) ले जो (फलाना) गाउँको (फलाना) थरगोत्र (फलाना) को सँग बिहेबारी भई आएकाले आज गर्भ रही महिनासमेत पूरा भएकाले निर्विघ्न प्रसूति होओस् भनी तिम्रो सेवामा फेदाङ्मा मलाई (फलाना) पठाएकीले हात जोडी विनम्रताले प्रार्थना सेवा गर्न आएको छु । आयु, धन, सम्पत्ति र बल देऊ । (फलानी) को हराएको सातो र हंस छोडिदेऊ । सट्टामा बरु चढाइएका अन्डा र कुखुरा खाऊ । कल्याण गर । . . . . इत्यादि भन्दै स्तुति र पुकार गरिन्छ ।

२. **तेन्छामा र खन्जमा**

(क) थान थापना गर्ने : माथि सिरिङमाको (क) जस्तै गर्ने ।
(ख) माथि सिरिङमाको (ख) जस्तै गर्ने ।
(ग) आह्वान : माथि सिरिङमाको (ग) जस्तै गर्ने ।
(घ) तेन्छामा र खन्जमाको स्तुति र पुकार

ऋतुपरिवर्तनमा घामझैं कहिले उँभो आएर पृथ्वीको धनी हुने, हे उँभौलीको देउता तेन्छामा । त्यसरी नै कहिले उँधो औलमधेस झरेर पृथ्वीकै धनी हुने, हे उँधौलीका देउता खन्जमा, आज तिमीहरूको पुकार गर्दै छु ।

यो उपकारी (फलानी) ले जो (फलाना) गाउँको (फलाना (थरगोत्र) सँग बिहेबारी भई आएकीले आज गर्भ रही महिनासमेत पूरा भएकाले निर्विघ्न प्रसूति हओस् भनी तिम्रो सेवामा फेदाङ्मा (फलाना) मलाई पठाएकीले हात जोडी प्रार्थना सेवा गर्न आएको छु । आयु, धन, सम्पत्ति र बल देऊ । (फलानी) को हराएको सातो र हंस छोडिदेऊ । सट्टामा चढाएको अन्डा र कुखुराहरूको भोग खाऊ । कल्याण गर । . . . इत्यादि भन्दै स्तुंति र पुकार गरिन्छ ।

३. **तक्सङ्बा : वनको सिकारीको पूजा**

(क) थान थापना गर्ने : माथि सिरिङमाको (क) जस्तै गर्ने ।
(ख) आह्वान : माथि सिरिङमाको (ख) जस्तै गर्ने ।
(ग) माथि सिरिङमाको (ग) जस्तै गर्ने
(घ) तक्सङ्बाको स्तुति र पुकार

. . . . तिमी त वनजङ्गलका धनी हौ । जङ्गल र वनपाखामा सिकार गरी खेलीखाई हिंड्छौ । मालिङ्गो घारीमा टुसाहरू भाँच्दै पड्काउँदै हिंड्छौ । निगालो, देवनिगालोका अटव्य घारीमा. खेल्दै बस्छौ । त्यही मालिङ्गोको चोया काढेर साप्तु (साप्तोक) बुनेर जाँड पकाई त्यसमा राखेर खाने हे वनका सिकारी देवता । तिमीलाई नमस्कार छ ।

यो उपकारी (फलानी) तिम्रै सन्तति हो । यो (फलानी) ले (फलाना) थरगोत्रका (फलाना) सँग बिहेबारी भई आएकीले आज गर्भ रही महिनासमेत पूरा भएकाले, निर्विघ्न प्रसूति हओस् भनी तिम्रो सेवामा फेदाङ्मा (फलाना) मलाई पठाएकीले हात जोडी प्रार्थना सेवा गर्न आएको छु । आयु, धन, सम्पत्ति र बल देऊ । (फलानी) को हराएको सातो र हंस छोडिदेउ । सट्टामा चढाएको अन्डा र कुखुराहरूको भोग आऊ । कल्याण गर । हे वनका सिकारी देवता । तिमी भिरका धनी र पहराका देवता हौ । रूखपात र वनजङ्गलका मालिक हौ । खोलानालाका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवता हौ । तिम्रा सन्तान रुख चढ्दा नलड्डुन्, पहरामा हिँड्दा नलड्डून्, खोला तर्दा नबगुन् । आशिष देऊ , जीवनदान देऊ । . . इत्यादि भन्दै स्तुति र पुकार गरिन्छ ।

४. वाजमा (वजमा) : बिजुवानी सिकारीको पूजा

(क) थान थापना गर्ने : माथि सिरिङमाको (क) जस्तै गर्ने ।
(ख) आह्वान : माथि सिरिङमाको (ख) जस्तै गर्ने ।
(ग) माथि सिरिङमाको (ग) जस्तै गर्ने
(घ) वाजमाको स्तुति र पुकार

. . . . हे वाजमा । तिमी त बिजुवानी हौ । तिम्रो उत्पत्ति मा भएको हो । आफ्नो उत्पत्तिको अवस्थलबाट डुल्दै खेल्दै तिमी हिमाल नाघेर दक्खिनमा मान्छे (लिम्बू जाति) मा आफ्ना नातागोता खोज्दै आयौ । तिमी येबाहरूले पुजी आएका, मानी आएका बिजुवानी देवी हौ । पूर्वका हुन् या पश्चिमका, उत्तरका हुन् कि दक्खिनका, सबै येबाहरूको गुरु तिमी नै हौ । हिमाल नाघेर फक्ताङलुङ, केवालुङ हुँदै दक्खिन आएकी र हाम्रा बिचमा पुजिएकी देवी हौ । तिमी भनेकी लामो जामा लाएर र बज्ने चाँपको माला (घन्टीको माला) भिरेर, खुट्टामा छिङ्छिङ् बज्ने घुङ्घुरू लाएर ढोल बजाउँदै, थाल ठटाउँदै याग्राङसिङ (थानमा गाडेको लिङ्गो) वरिपरि नाच्दै हिँड्ने हौ । तिम्रो सेवा गर्दछु । यो उपकारी (फलानी) तिम्रै सन्तति हो । यो (फलानी) ले (फलाना) थरगोत्रका (फलाना) सँग बिहेबारी भई आएकीले आज गर्भ रही महिनासमेत पूरा भएकाले, निर्विघ्न प्रसूति होस् भनी तिम्रो सेवामा फेदाङ्मा (फलाना) मलाई पठाएकीले हात जोडी प्रार्थना सेवा गर्न आएको छु । आयु, धन, सम्पत्ति र बल देऊ । (फलानी) को हराएको सातो र हंस छोडिदेउ । सट्टामा चढाएको अन्डा र कुखुराहरूको भोग आऊ । कल्याण गर । . . . इत्यादि भनेर स्तुति र पुकार गरिन्छ । यसरी पहिलो दिनको पहिलो खण्डको कार्यक्रम सकिन्छ । पहिलो दिनको दोस्रो खण्डको कार्यक्रमलाई दुई चरणमा बाँड्न सकिन्छ, जस्तै :

१. पाङ्फे चम्मा अथवा वाचा हम्मा
२. घरको मुख्य देवीदेवताहरूका पूजाअनुष्ठान, जस्तै :
   (क) युमा साम्माङको पूजाअनुष्ठान
   (ख) हिम् साम्माङको पूजाअनुष्ठान, र
   (ग) थेबा साम्माङको पूजाअनुष्ठान

१. पाङ्फे चम्मा अथवा वाचा हम्मा

पूजाको आरम्भमा मन्साइने नराम्रा देवीदेवताहरूलाई खुसी पारेर तिनको बाटो छेकिन्छ । अब पूजाको मुख्य भाग जसलाई पूर्वाङ्ग भन्दा हुन्छ, सुरु हुन्छ । मुख्य पूजा सुरु गर्नु अगाडि भेला भएका भद्रभलादमी, पञ्च, दाजुभाइ र इष्टमित्रहरूलाई साक्षी राखेर अघिबाट कुनै प्रकारको वाचाबन्धन गरेको भए, ती वाचाबन्धन खोल्नुपर्छ । त्यसैले यसलाई पाःत्चा (वाचा) हम्मा पनि भनिएको हो । उपस्थित सबैलाई पूजा गर्नाका कारण र उद्देश्य बताउने काम र यस काममा उनीहरूको आशीर्वाद र सहमति मागिन्छ । यसकारणले यसलाई पाङ्फे चम्मा अर्थात् विषयप्रवेश पनि भनिएको हो ।

फेदाङ्माले सोधी खोजी गरीकन सबै कुरा भन्दछ । सोध्नु पनि पर्छ र उपस्थित अन्यले हो भने हो, नत्र होइन, जे हो जानेको भनिदिएर सबै वाचाबन्धनहरूबाट उपकारीलाई मुक्त गरीकन उपकारीले गरेको यस पूजाअनुष्ठान सफल होस् भन्दछ । फेदाङ्माले उपस्थित भद्रभलादमी, पञ्च, दाजुभाइ र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इष्टमित्रहरूलाई भन्छन् . . . परम्परागत रूपमा हिजोदेखि नै हामीले गरी ल्याएकाले आज मिति वि.सं. . . साल, . . महिना, . . गते, . . वारका दिन भद्रभलाद्मी, पञ्च, दाजुभाइ र इष्टमित्रहरूलाई भेला गराई उपकारी आयुष्मती (फलानी) ले यो पूजा गर्ने मन गरेकीले आज सबैको सन्मुख म भन्दै छु . . . उसको यस्तो विचार वा हाम्रा आशिष वचनहरू आकाशबाट परेको पानीले नबगावस्, खोलाले पनि बगाई नलैजाओस् है। डाँडोहरूले नथुनोस्, पहाडहरूले छेकेर राख्न नसकोस् है। भन्ज्याङहरूले नरोकोस्, देउरालीहरूले छेकेर राख्न नसकोस्। यसरी हामीले हातहातले त्यस्ता राम्रा वचनहरू थाप्यौँ है।

हिजो (फलाना) को स्वास्नी यो (फलानी) ले आफ्ना आमाबाबु, वा सासु-ससुराका तर्फबाट दाजुभाइ वा माइतीका तर्फबाट आफ्नै वाचा-बन्धन वा भाकल गरी रोकिएका बाटाहरू छन् भने आज सबै वाचा-बन्धनहरू खोली दिएको छु . . . सबै खुल्यो। कि खुलेन ? फेदाङमाले उपस्थित भद्रभलाद्मी, पञ्च, दाजुभाइ र इष्टमित्रहरूलाई सोध्नुपर्छ। उनीहरूले एकस्वरमा जवाफ दिनुपर्छ . . . खुल्यो है, खुल्यो है।

आज १७ थुमका १० लिम्बूहरूले मानी आएका चलनअनुसार आज चन्द्र-सूर्य साक्षी राखी पितापुर्खादेखि . . . बाँधेका वाचाबन्धनहरू हामीले फुकाएकोलाई खोलानालाहरूले बगाई लैजाओस्, लैजाओस् है। उपस्थित भद्रभलाद्मी, पञ्च, दाजुभाइ र इष्टमित्रहरूले एकस्वरमा जवाफ दिनुपर्छ . . . बगाई लैजाओस्, लैजावस् है।

आज भरे घरका देवीदेवताहरू, युमा साम्माङ, हिम् साम्माङ, थेबा साम्माङको पूजा गर्दा हामीले गरेको पूजाप्रार्थना सबै देवीदेवताहरूका कानमा परोस् है। भद्रभलाद्मी, पञ्च, दाजुभाइ र इष्टमित्रहरूले एक स्वरमा जबाफ दिनुपर्छ . . . देवीदेवताको कानमा परोस् है, देवीदेवताले सुनोस् है।

यसरी अधिबाट कुनै प्रकारको वाचाबन्धन गरेर आफू बाँधिएको भए, यस मन्त्रले खुला गरेर मुक्त भई अब मुख्य पूजा सुरु हुन्छ। यसपछि अब घरको मुख्य देवीदेवता मानिने युमा साम्माङ, हिम् साम्माङ, थेबा साम्माङको पूजा सुरु गर्नुपर्दछ।

२. घरको मुख्य देवीदेवताहरू र तिनको थानमान

युमा साम्माङ, हिम् साम्माङ र थेबा साम्माङ लिम्बू जातिको मुख्य देवीदेवता हुन्। यी तीनैओटा देवीदेवता लिम्बू जातिको देवताहरूमा विशिष्ट मात्र होइन, महान् पनि हुन्। यिनको पूजा गर्दा थान थापना गर्दा टाँड भएको वा तला भएको थान (साङ्बे) बनाउनुपर्छ अर्थात् तिनलाई उच्च स्थान दिनुपर्छ। भुइँभन्दा माथि टाँढमाथि भएको वा तलामाथि भएको थानलाई साङ्बे भनिन्छ। बाहिर बारीका कान्लामा सफासुग्घर गरी घोँचाहरू गाडेर बाँसका छोटा छोटा भाटाहरू चोयाले बुनेर तला छापिन्छ तर बिचबिचमा बारेर युमा **साम्माङ**, हिम **साम्माङ** र थेबा **साम्माङ**का लागि बेग्लाबेग्लै कोठा बारिन्छ। यसको छहारी भाटाहरू बुनेर वा स्याउलाहरूको हालिन्छ। साङ्बे तयार भएपछि केराको पातहरू विधिविधानअनुसार ओछ्याई पूजाका अन्य सामा-सरजाम पुऱ्याएर पूजा सुरु गरिन्छ।

लिम्बू जातिले गर्ने पूजाआजामा केराको पातको अति महत्त्व छ। देवीदेवताहरूलाई आसन दिनलाई होस् वा स्याउली भैँ हातमा (जलले अभिषेक गर्न) हल्लाउनलाई होस्, केराको पात नभई हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(क) युमा साम्माङको पूजा : विधिविधान

१. साप्पो:क चोमेनका लागि युमाको थानको निर्माण गर्दा माथि वर्णन् गरिएझैँ गरिन्छ । साङ्बेमाथि युमाका लागि बारेको पहिलो कोठामा थान बनाइन्छ । चित र पोट पारेर ६ जोर केराका पातहरू क्रस (+) पारीकन ओछ्याइएका केराको पातमाथि बिछ्याउनुपर्छ । तोङ्बा १ जोर दिनुपर्छ । ठुलो डबकामा शुद्धजल युमा साम्माङलाई अभिसिञ्चन गर्नु वा छर्कनु राख्नुपर्छ, जसलाई "वदुम् पक्वा" भनिन्छ, आवश्यकताअनुसार पातले छर्कने काम हुन्छ । सुँगुर १ भोगबलि दिनुपर्छ । सुँगुरको भोग दिंदा कोखिलामा भालाले रोपेर भोग दिइन्छ र रगत चढाइन्छ । पोलेको र पकाएको पकुवा पनि चढाउनुपर्छ । येबो वा मैनाम राख्नुपर्छ ।

२. सामासर्जाम पुगेपछि पूजा आरम्भ हुन्छ ।

३. आह्वान गरेको झैँ पुकार गर्ने काम माथि सिरिङ्माको पूजा गर्दाको (ख) मा झैँ गनुपर्दछ ।

४. युमा साम्माङको स्तुति र पुकार

सम्बन्धित देवीदेवतालाई आह्वान गरेर थानमा राखेपछि अभीष्टको प्राप्तिको निमित्त पूजा सुरु गरिँदा सम्बन्धित देवीदेवताको स्तुति गर्ने र पुकार गर्ने गरिन्छ । युमाको स्तुति गर्ने र पुकार यसरी गरिन्छ, जस्तै : . . . हे युमा ! हे थाक्थाक्कुम्मा ! तानको धनी ! तानको डोरी भनेको जीवनको गति हो, गतिको निरन्तरता जीवन हो र तिमी त्यसैको देवी हौ । तिमी माबोहाङमा हौ । माबो कुलवंशमा इच्छाले प्रवेश गरेर प्रकट भएकी हे देवी ! सुनको गहनाले पहँलै सुहाएकी छौ । चाँदीका धवल गहनाले सेतै रूप्यौलो रूप पाएकी छौ । हे सुनुयुमा ! तिमी सृष्टिको आदिम स्रोत हौ । तिमी आदिमाता नै हौ । हे युमा, म तिम्रो स्तुति गर्दछु ।

यो उपकारी (फलानी) तिम्रै सन्तति हो । (फलाना) गाउँको यो (फलानी) ले (फलाना) गाउँको (फलाना) कुलवंश र थरगोत्रका (फलाना)सँग बिहेबारी भई आएकीले आज गर्भ रही महिनासमेत पूरा भएकाले, निर्विघ्न प्रसूति हओस् भनी तिम्रो सेवामा फेदाङ्मा (फलाना) मलाई पठाएकीले देब्रे हातले तिम्रो देब्रे पाउ समाती, दाहिने हातले दाहिने पाउ स्पर्श गरेर उठाई प्रार्थना सेवा गर्न आएको छु । म फेदाङमा (फलाना)ले यो केही नजान्ने र केही नदेख्ने, अज्ञानी र अकिञ्चन जो तिम्रै सन्तति हुँ, उपस्थित भई सेवापुकार गर्दछु । मैले गरेको सेवापुकार खुसी भई सुनिदेऊ ।

हे युमा, उहिले, आदिकालमा कच्चा पृथ्वी जमेपछि उद्‌भिद् र पशुपन्छी, जलचर र थलचर तथा मनुष्यको सृष्टि गरी सकेपछि, तिमीले लीला गर्दै सर्वत्र पुग्ने ईच्छा गरेर नेपाल (उपत्यका) मा आयौ । सबैले तिमीलाई ठुलोदेवी रहेछौ भनी पूजा गरेर "महारानी हौ, ठकुरानी हौ" भन्दै तिम्रो स्तुति गरे । तिमीलाई खुसी पारे । तिमीले आयु दियौ, बल दियौ । धनसम्पत्ति दियौ, वरदान दियौ ।

पछि पूर्वतिर पहाडैपहाड हिंडेर खेल्दै आयौ । फेदेन यकमा आइपुग्यौ । सुम्जिलि सुम्हेत्लुङ बनायौ, बस्यौ । यस देवस्थलमा सबैले तिम्रो पूजा र स्तुति गरे । खुसी भयौ । सबैको भलो गऱ्यो । यसरी डाँडाकाँडा, खोलानाला नाघ्दै हिंड्ने, गाउँ गाउँ घुमिहिंड्ने भनेर तिमीलाई सबैले "मुलुकेनी" माई भनी सम्बोधन गरी पूजा र स्तुति गरे । यस्तो तिमी युमालाई मेरो नमस्कार छ । सेवा गर्दछु । सबैतिर घुमिहिंड्ने तिमी, यासोक पूण्यभूमिमा पुग्यो र तिमीलाई सबैले "यासोकेनी" भनी पूजा र स्तुति गरे । यस्तो तिमी युमालाई मेरो नमस्कार छ । सेवा गर्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्ना मायाको बलले लीला गर्दै, यसरी डुल्दै तिमी एकपल्ट निभुखोलाको नामको पवित्र खोलामा आइपुग्यौ । सुनका गहनाले सुहाएकी थियौ । चाँदीको सफा सेतो गहनाले सुहाएकी थियौ । हे सुनुयुमा ! हे आदिमाता ! माछाका मसिना भुराझैं हुल हुल भएर खोलाको पानीमा उँधोउँभो गरी खेल्दै उत्तरतिर बढ्दा माक्सिङ्वा नामको पवित्र स्थलमा पुगेर, निभुखोलाको किनारमा तान फिँजाएर, सुनका थोलीले तान बुनिरहँदा तिमीले अत्यन्त रूपवती तरुनीको रूप धारण गरेकी थियौ । एक दिन माबोहाङ कुलवंशको दुइ भाइ चैचिते र खरबले नाम भएका जलहारीहरू जाल हान्दै हान्दै त्यता आइपुगे । तिनले देखुन् भनेर अझ आफ्नो रूपलाई उज्यालो र झलमल पारेर सुनका थोलीले तान बुनिबस्यौ । बैँसले मस्त भएकी अत्यन्त रूपवती तरुनीको रूपमा एकलास खोलाकिनारमा तिमीलाई त्यसरी देखेर चकित भएका तिनीहरूप्रति आफ्नो मायाले वश गरेर मानिसलेझैं बात गर्न थाल्यौ । साँच्चै, ती दुईभाइले तिमीलाई त आफैजस्ता मरणशील मानिस मात्रै थाने । हे युमा ! तिमीलाई नमस्कार छ । मायाको वशमा परेका ती दाजुभाइले तिमीलाई तरुनी (मानिस) ठानेर "घर जाऊँ । घरजम गरौँ" भने भन्दा करुणाको देवी तिमीले पनि तिनीहरूसँग हिँड्यौ र तिनको घर गयौ । हे युमा ! तिमीलाई नमस्कार छ । मान्छेको मरणशील चोला लिएर जन्मनेहरू उपर दया गरेर मायाले एकाबिहानै तिमी कसिङ्गर लगाउँदै हिँड्यौ, घरभित्र । यसरी कसिङ्गर लगाउँदै मूल खाँबो पुगेपछि, अरू मरणशील चोलाधारीको नजर तिमीमाथि पर्न थाल्यो । रिस, इबी, आँखी र डाहीबाट पिरोल्लिईकन दुःखित भएर तिमीले त अलप भइदियौ । मानिसका दृष्टिबाट यसरी सदाका लागि अलप भइदिँदा तिम्रो करुणाले नै तिमीले चैचिते (धनजिती) र खरबलेका शरीरमा प्रवेश गर्‍यौ र तिनलाई देवतुल्य तुल्यायौ । हे युमा तिमीलाई नमस्कार छ । माबोहाङ कुलवंशको कुलघरानामा यसरी प्रकट भएर मानव (लिम्बू) जातिको कल्याण गर्ने आराध्य देवी हुन गई सकल मानव जातिकै कल्याण गर्ने देवी भयौ । हे माबोहाङ्मा ! हे सुनुयुमा ! तिमीलाई नमस्कार छ । हे . . . . थाक्थाक्कुम्मा ! जीवनरूपी तानको धनी ! तिम्रो सेवापुकार गर्दछु । आज वि.स. . . साल, . . .महिना, . . .गते, . . बारका दिन, यो उपकारी (फलानी), प्रतीक (येबो, मैनाम) को धनी आयुष्मतीले हिजो (फलाना) कुलवंश र थरगोत्रका (फलाना)सँग बिहेबारी भई आएकीले आज गर्भ रही महिनासमेत पूरा भएकाले, निर्विघ्न प्रसूति हओस् भनी तिम्रो सेवामा फेदाङ्मा (फलाना) मलाई पठाएकीले हात जोडी प्रार्थना सेवा गर्न आएको छु । हे सुनुयुमा ! यस उपकारी (फलानी) लाई आयु, धन, सम्पत्ति र बल देऊ । निर्विघ्न प्रसूति हओस् । जन्मेको शिशु स्वस्थ हओस् । यस (फलानी) को हराएको सातो हंस छोडिदेउ । सट्टामा बरू चढाएको अन्डा र कुखुराहरूको भोग खाऊ । कल्याण गर । हे माबोहाङ्मा ! हे थाक्थाक्कुम्मा ! हे सुनुयुमा ! तिमीलाई नमस्कार छ । . . . इत्यादि भनेर स्तुति र पुकार गरिन्छ ।

(ख) हिम् साम्माङको पूजा : विधिविधान

१. थान बनाउँदा टाँडमाथि युमाको थान लगत्तै पछिको कोठामा बनाउनुपर्छ । केराको पात बिछ्याएको माथि ८ जोर चितपोट पारेर केराको पातको थान (लासो) राखिन्छ । सातौं जोर भन पोटैपोट पारेर घोप्टो नै राखिन्छ । यसमा के ध्यान दिनुपर्छभने भरे भोग दिएको पशु वा पन्छीको रगत त्यसमाथि पर्न दिनुहुँदैन (त्यसकारण पोट राखेको) । यसरी जम्मा ८ जोर पात राखिन्छ । तोङ्बा १ जोर र ठुलो डबकामा शुद्धजल अथवा "वदुम् पक्वा" अभिसिञ्चन गर्नका लागि राख्ने । अघि युमा गर्दाझैं येबो वा मैनाम राख्नुपर्छ । यो राखेपछि उपकारी (कर्ता) उपस्थित भइरहनुपर्दैन । भालुबाँसको मुठा पारेको स्याउला

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चाहिन्छ । सुँगुर १ दिनुपर्छ । भोग दिँदा कोखिलामा भालाले रोपेर मार्नुपर्छ । पछिबाट पोलेको र पकाएको मासु थानमा चढाउनुपर्छ ।

२. सामा-सर्जाम पुरा गरेपछि पूजा आरम्भ हुन्छ ।
३. आह्वान गरेको भैँ पुकार गर्ने काम माथि सिरिङ्माको पूजा गर्दाको (ख) मा भैँ गनुपर्दछ तर छन्द र लय यसको आफ्नै प्रकारको हुन्छ । प्रत्येक वाक्यको सुरुमा पायुङ/हायुङ भनेर सुरु गरिन्छ तर अन्त्यमा थेबा साम्माङकोमा वाक्यको अन्त्यमा उम् . . उम् भनेभैँ कुनै किसिमको पद भनिँदैन ।

४. हिम् साम्माङको स्तुति र पुकार ।

सम्बन्धित देवीदेवतालाई आह्वान गरेर थानमा राखेपछि अभीष्टको प्राप्तिको निमित्त पूजा सुरु गरिँदा सम्बन्धित देवीदेवताको स्तुति गर्ने र पुकार गर्ने क्रममा **हिम् साम्माङको** स्तुति गर्ने र पुकार यसरी गरिन्छ, जस्तै : . . . .हे घरको देवता ! सेतै केश फुलेको देवता (खवालुप् थाक्फुत् माङ) तिमी हौ ! शरीर धारण गरेर मानव समुदायबिच आउने देवताहरूमा तिमी सबैभन्दा पहिलो र जेठो हौ । तिमी लाबेलुङ्बे नाम्बेलुङ्बे देवता हौ । सृष्टिकालदेखि नै मानिसको घरघडेरी रूङेर रक्षा गरिदिने सेतै फुलिसकेका बाजे देवता भनेको तिमी नै हौ । म तिम्रो सेवापुकार गर्दछु । स्तुति गर्दछु । आदौमा तिमी मुनाफेन (महाचीन) बाट हिमाल नाघेर दक्खिनमा लिम्बू जाति भएको यस देशमा डुल्दै डुल्दै आयौ । तिम्रा साथमा अनेक देवीदेवताहरू, जलचर, थलचर, पशुपन्छीहरू पनि साथमा लागेर आए । अभ्र दक्खिन भर्दै आउँदा मान्छेलाई दुःखकष्ट दिने अन्य कति देवीदेवताहरू पनि तिम्रा साथ लागेर आए । त्यसरी नै मान्छेलाई मद्दत गर्ने राम्रा देवीदेवताहरू पनि साथ लागेर आए । फनागा देवता पनि तिमीसँगै साथ लागी आयो । पाङरिमा चमतिमा साथै आए । उँभौली र उँधौलीका देवीदेवताहरू पनि पछिपछि साथ लागेर आए । तिब्बत (भोट) को देवता सायाला मुदेन र सुक्खिमको देवता फाक्मुरा तिम्रै साथ लागेर आए । भिरपहरामा कुदिहिँड्ने, उफ्रिहिँड्ने आँखाको लोती लामो भरेको बाँदरदेव पनि तिमीले ल्यायौ । कोठेबारीमा अदुवाको पाना र लसुनको पोटीमा बस्ने थुङधाङ्बा (सूर्यदेव) देवता पनि साथैमा ल्यायौ । अगलबगलमा यस्ता अनेक देवीदेवताहरू ल्याउँदा पखेटा फट्फट् गर्दै उड्ने चिलदेव पनि साथै लिएर आयौ ।

हिमाल नाघेर दक्खिन आउँदा फक्ताङलुङ, केवालुङ हुँदै १० लिम्बू (लिम्बू जाति) को घडेरी खोज्दै खोज्दै आएर बस्ने देवताहरूमा जेठो देवता तिमी नै हौ । म तिम्रो स्तुति गर्दै पुकार गर्दछु ।

आज वि.स. . . . साल, . . . महिना, . . . गते, . . . वारका दिन यो उपकारी (फलानी), प्रतीक (येबो, मैनाम)को धनी आयुष्मतीले हिजो (फलाना) थरगोत्रका (फलाना) सँग बिहेबारी भई आएकीले आज गर्भ रही महिनासमेत पूरा भएकाले निर्विघ्न प्रसूति हओस्, जन्मेको शिशु स्वस्थ हओस् भनी तिम्रो सेवामा फेदाङ्मा (फलाना) मलाई पठाएकीले हात जोडी प्रार्थना सेवा गर्न आएको छु । हे थाक्फुत् माङ ! हे सेतै फुलेका बाजेदेवता ! यस उपकारी (फलानी) लाई आयु, धन, सम्पत्ति र बल देऊ । निर्विघ्न प्रसूति हओस् । यस (फलानी) को हराएको सातो हंस छोडिदेऊ । सट्टामा बरु चढाएको अन्डा र कुखुराहरूको भोग खाऊ । कल्याण गर । थाक्फुत् माङ ! हे हिम्साम्माङ ! हे लाबेलुङबा नाम्बेलुङबा देवता ! तिमीलाई नमस्कार छ ।. . . इत्यादि भनेर स्तुति र पुकार गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ग) थेबा साम्माङको पूजा : विधिविधान

तानाबाना

थेबा साम्माङको पूजाअनुष्ठान विधिसम्मत तरिकाले गर्दा फेदाङ्माले तानाबाना पूरा गर्नुपर्छ । अर्थात् पूजा गर्ने पुजारी अथवा फेदाङ्माले तागा भन्ने वस्त्र लाउनुपर्छ । तागा मेख्लीजस्तै हुन्छ । टाउकोमा अग्लो चुच्चो टोपी (यासापिप्पु) लगाउनुपर्छ । यासापिप्पु भनेको थारको गर्दन (जुरो)को छालाबाट बनाएको चुच्चे अग्लो टोपी हो । यासापिप्पुको अभावमा टाउकामा सेतोकपडाको फेटा अथवा पागा पगरीझैं बेर्नुपर्छ । फेदाङ्माले देब्रे हातमा ढाल (सिदि खो, मादि खो) बोकी दाहिने हातले भाला टेकी उभिएर थेबा साम्माङको आह्वान, स्तुति र पुकार गर्नुपर्छ ।

सहयोगी

लोहोरिङदेन र पिच्चवा दुई भाइ चुक्निबा तथा लात्तिबाका कुलवंशका नै हुन् (साइनोमा दाजुभाइ अथवा काका पनि हुन सक्दछन्) । यी दुई) भाइले चुक्निबा तथा लात्तिबालाई उहिले सिकार खेल्ने आदि काममा तथा पहिलो पटक तिनका आङमा थेबाको प्रवेश भई थेबा साम्माङको पूजा गर्ने काममा तिनलाई सहयोग गरेका थिए भनिएकाले त्यसैको स्मृतिमा आजसम्म पनि थेबाको पूजाअनुष्ठान गर्दा फेदाङमा (चुक्निबा, कतिले लात्तिबा पनि भन्दछन्, जसको देहमा थेबा प्रविष्ट भएका हुन्छन्) को साथमा उनलाई सहयोग गर्नका लागि दुई सहयोगी (दाजुभाइ) पिच्चवा र लोहारिङ्देन साथमा हुनै पर्दछ ।

विधिविधान

१. थान बनाउँदा तला भएको थान अर्थात् साङ्बे बनाउनुपर्छ । टाँडमाथिका तीन कोठामध्येको अन्त्यको तेस्रो कोठामा थेबा साम्माङको थान थापना गरिन्छ । केराको पातहरू ओछ्याएर अनि सोमाथि गन्ती गरेर चाहिने जति केराको पात बिछ्याउनुपर्छ । जम्मा ८।१६ जोर चाहिन्छ । तोङ्बा १ जोर दिनुपर्छ । ठुलो डबकामा शुद्धजल (वदुम पक्वा) देवतालाई बेला बेला अभिषेक गर्नका लागि राख्नुपर्छ । कोखपूजा गर्दा कुखुराको बास्ने भाले १ भोग दिनुपर्छ । भोग दिंदा कुखुराको भालेलाई लट्ठीले डँडाल्नुमा हिर्काएर चुच्चोबाट रगत छदाई मार्नुपर्छ र रगत पातमा थापेर थानमा चढाउनुपर्छ (पछि जोखना यसैबाट हेरिन्छ) । भरे भोग दिएको भालेको पकाएको र पोलेको मासु पनि चढाउनुपर्छ ।

२. सामा-सर्जामहरू पूरा भएपछि पूजा आरम्भ हुन्छ ।

३. आह्वान गरेको झैं पुकार गर्ने काम माथि सिरिङ्माको पूजा गर्दाको (ख) मा झैं गनुपर्दछ तर छन्द र लय यसको आफ्नै प्रकारको हुन्छ । पुकार गर्दा सुरुमा जोडले तीनपटक कराएर अहहह . हे . . हे . . हे . . . भनेर थेबा साम्माङलाई सम्बोधन गरिन्छ । बिस्तारै बोलाएको उनी सुन्दैन थिए अरे भनिन्छ । त्यसपछि प्रत्येक वाक्यको सुरुमा ए . . . तथा अन्त्यमा उम् . . उम् भनेर टुङ्ग्याइन्छ ।

४. थेबा साम्माङको स्तुति र पुकार

हे शक्तिको देवता (मुक्कुम्साम्बे) ! हे मेरा पितापुर्खा (सुनुथेबा) ! हे वीर, पराक्रमका देवता (हाङ्साम् थेबा) ! तिमीलाई नमस्कार छ ।

आज मिति वि.स. . . . साल, . . . महिना, . . . गते, . . .वारका दिन यो उपकारी आयुष्मती, तिम्रै सन्तति (फलानी) ले तिम्रो सेवा गरिदेऊ भनी तिम्रो सेवामा मलाई पठाएकीले घर्स्रिंदै पर्स्रिंदै आएको छु । नाम्भुन्यक, इधुङ्यक, वाधिन लुङ, चम्फत्लुङ र केवालुङ हुँदै फक्ताङलुङ भएर तिम्रो अवस्थल पारुङ तेम्बे मारुङ तेम्बेमा, तिम्रो देब्रे पाउ देब्रे हातले समाती, दाहिने हातले तिम्रो दाहिने पाउ स्पर्श

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेर माथि उठाई सेवा गर्न आएको छु । हे सुनुथेबा ! के मुक्कुम्साम्बे ! पराक्रम र शक्तिको देवता ! तिमीलाई नमसकार छ ।

केही नजान्ने, केही नदेख्ने म अकिञ्चन र निरीह तर तिम्रै सन्तति हुँ । म फेदाङमा (फलाना) ले देब्रे हातले तिम्रो देब्रे पाउ समाती दाहिने हात माथि उचालेर प्रणाम गर्दछु । अज्ञानी, लाटी र अन्धीसरह यो उपकारी येबोमैनामको धनी (फलानी) को (फलाना) गाउँको (फलाना)सँग बिहे भई, गर्भ रही महिना पनि पुगेकाले तिम्रो सेवा आराधना गर्न पठाउँदा तिम्रो पाउमा पर्न आएको छु । हे मुक्कुम्साम्बे ! नमस्कार छ ।

उपकारी (फलानी) को सेवा ग्रहण गर्न, हे मुक्कुम्साम्बे, म तिमीलाई तिम्रा लाथि बनाएको थानमानमा लैजान्छु । हिजो तिमीले सिकार गर्दै, खेल्दै हिमालबाट दक्खिन झर्दा हिँडेका बाटाहरू हुँदै पारुङमारुङ तेम्बेबाट हिँडेर हामी फक्ताङलुङ आइपुग्यौँ । भाला, बर्छा र लिसो पासोले अनेक सिकार गर्दै अब केवालुङ झर्‍यौँ । त्यहाँबाट सेन्छेन्लुङ भएर वाधिन्लुङझैँ पवित्र स्थलमा आइपुग्यौँ । अब हामी यहाँबाट हिँडेर चम्फत्लुङ पुग्यौँ है । अनेक प्रकारका जन्तुजनावरका सिकार गरी क्रीडा गरेको स्थल हामी सेपाङदेन आइपुग्यौँ । पासो र दर्जन थापी जन्तुको सिकार गर्ने सेपाङदेन नाघेर लिसोपासो थापी पन्छीहरूको सिकार गरी तिमीले बसेको ठाउँ पुपाङदेन आइपुग्यौँ है ।

हे पराक्रमी शक्तिको देवता मुक्कुम्साम्बे । शीघ्रगामी पेभाक्खुम् नेम्बाङ कुलवंशको पुर्खा हौ । पशुपन्छीको सिकार गर्दै डाँडाकाँडा, नाघी र चौर तथा वनजङ्गल डुली हिँड्थ्यौ । हे थेबा साम्माङ ! तिमीलाई नमस्कार छ । अब हामी पुपाङदेन नाघेर इधुङयक आइपुग्यौँ । यहाँबाट हामी देवस्थलझैँ पवित्र र सिद्ध नाम्भुनयक आइपुग्यौँ यहाँबाट अब हामी (. .) हुँदै (. .) मा आइपुग्यौँ । अनि (. .) बाट अब उपकारी (फलानी) को लौकिक घरगृहस्थीमा आइपुग्यौँ है ।
संसारमा लौकिक घरभित्र सफासुग्घर बनाई टाँडमाथि बनाएको तिम्रो थान (साङ्बे) मा तिमीलाई थानमान दिएको छ, आसन दिएको छ । थानमान स्वीकार गरेर बसिदेऊ है ।

हे बाजे देवता ! पराक्रमी शक्तिको देवता मुक्कुम्साम्बे ! तिमी लडाकु योद्धाले झैँ अग्लो चुच्चो थारको छालाको टोपी ओढ्ने ! एक हातमा (भोटे) तरबार र एक हातमा बर्छा बोक्ने ! लेकको बेत र औलको बेतले बनेको ढाल भिरेर लडाइँ लड्ने ! हे पराक्रमी देवाधिदेव ! तिमीलाई नमस्कार छ ।

तिमी पेभाक्कुम् नेम्बाङ कुलवंशको पुर्खा हौ । उहिले पुपाङदेनबाट चराका सिकार गर्दै इधुङयक आयौ । नेम्बाङ कुलवंशको अत्यन्त नै पराक्रमी दुई भाइ चुक्निबा र लात्तिबा पनि त्यतातिर लिसो थापेर, पासो थापेर चराचुरुङ्गी र जन्तुजनावरका सिकार गर्दथे । आफ्ना लीलाले तिमीले तिनले थापेका लिसो पल्टाईदिन्थ्यौ, पासो भत्काईदिन्थ्यौ । दर्जन उल्टाईदिन्थ्यौ । ती दुई भाइले फेरि बनाउँदथे र तिमीले फेरि पनि भत्काईदिन्थ्यौ । के यस्तो भयो ? के को लोदर भयो ? भनेर तिनले चिन्ताले व्याकुल भएर अनेक तर्कना गरे, जोखना हेरे तर तिनको केही सिप लागेन । हे देवादिदेव ! ती मनुवाले थाहा पाउने सकेनन् । हे बाजे देवता ! पराक्रमी शक्तिको देवता मुक्कुम्साम्बे ! तिमीलाई नमस्कार छ ।

हे बाजे देवता ! पराक्रमी मुक्कुम्साम्बे ! बेतका ढाल भिरेर तरवार (भोटे) र बर्छा धारण गर्ने देवता ! सेतो फेटा शिरमा बाँधेको तिमी कालो र सेतो चँवरले हम्काइदिनुपर्ने । योद्धाले झैँ अग्लो थारको छालाको चुच्चे टोपी (यासापिप्पु) ओढ्ने तिमी ! अति बलवान् र वेगवान् शीघ्रगामी भएकैले तिम्रा सन्ततिलाई पेभाक्खुम् नेम्बाङ भने नि । तिमीलाई सेवा छ । यसरी लीला गर्ने तिमीले, मान्छेमाथि दयामाया गरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एक बिहान सेतै फुलेको बुढो मानिसको रूप धारणा गरेर पासोमा परेको भएर सुतिदियौ । यसरी तिनको (मान्छेको जुनी पाएकाहरूको) आँखामा देखा परिदियौ । चुक्निबा र लात्तिबाले तिमीलाई मान्छे नै हो ठानेर पासोबाट फुकाई लहराहरूले बाँध्दा बाँधिएनौ । ती दुई भाइसँग कुस्ती खेलिरह्यौ । अन्त्यमा तिनले पटुका फुकाएर बेस्सरी कस्दा भने, बाँध्दा भने आफ्नै इच्छाले बाँधियौ । हे सुनु थेबा ! तिमीलाई नमस्कार छ ।

हे शक्तिशाली, लडाइँ जित्ने देवता ! हे सुनुथेबा ! पटुकाले बाँधिने देवता ! यसरी कुस्ती पर्दा र बाँधिदा भएको तिम्रो स्पर्शले ती दुई भाइले देवतुल्य भई देववाणी बक्न थाले । तिनको आङमा चढेर तिमीले आफ्नो परिचय दियौ र प्रकट हुनाको अभीष्ट बतायौ ।

आफ्नो दया र मायाले यसरी नेम्बाङ कुलवंशका चुक्निबा र लात्तिबाको देहमा प्रविष्ट भई सबै मनुष्यको कल्याण र रक्षा गर्ने देवता भयौ ।

आङमा थेबा साम्माङ चढेका बेला देवतुल्य बल र पराक्रमले युक्त भएर ती दुई भाइ टाउकोमा ठुलो ओखलको यासापिप्पु ओढेर, बेतका ढालका सट्टामा ढुङ्गाको ठुलो जाँताहरू बोकेर, सुहाउँदिलो देखिने तिनीहरू पवित्र आप्ताङ्वा र तिदाङ्वा खोलाहरू वारिबाट पारि अनि पारिबाट वारि उफ्रेर नाघ्दथे । शत्रुको आँखा तिरिमिरी पार्दै चम्कने भोटे तरबार र तिखा भाला बोक्ने तिनीहरू इधुङ्यक, नाम्भुनयक वरिपरि खेलिहिँड्थे । यस्ता शक्तिका धनी हे सुनुथेबा ! हाम्रो सेवा र नमस्कार छ ।

आज वि.स. . . साल, . . . महिना, . . .गते, . . . वारका दिनमा लिन आएर तिमीलाई म बोकेर लैजाँदै छु । इधुङयकबाट बोकेर लाँदै छु । नाम्भुनयकको घमैलो र पवित्र डाँडामा पुग्यौँ । अब हामी (. .) भएर (. .) मा पुग्यौँ । त्यहाँबाट उपकारी (फलानी) जो मरणशील चोला पाएर जन्मेकी हो, उसको गाउँ (फलानो) मा पुगेर अब उसको घरदैलोमा पुग्यौँ ।

यो उपकारी (फलानी), प्रतीक (येबो, मैनाम)को धनी आयुष्मतीले हिजो (फलाना) कुलवंश र थरगोत्रका (फलाना)सँग बिहेबारी भई आएकीले आज गर्भ रही महिनासमेत पूरा भएकाले, निर्विघ्न प्रसूति हओस् भनी तिम्रो सेवामा फेदाङ्मा (फलाना) मलाई पठाएकीले तिमीलाई बोकेर ल्याई (फलानी)को घरगाउँमा थापना गरेको टाँडमाथिको थान (साङबे)मा पुऱ्याएँ, राखेँ है । तिम्रै अवस्थल जानेर यस थापना गरेको थानमा तिम्रो उचित मान पुगेको सम्झेर बसिदेऊ है । दुई हात जोडी जोडी प्रार्थना सेवा गर्न आएको छु । हे सुनुथेबा माङ ! हे मुक्कुम्साम्बे, शक्तिको देवता ! यस उपकारी (फलानी) लाई आयु, धन, सम्पत्ति र बल देऊ । निर्विघ्न प्रसूति हओस् । जन्मेको शिशु स्वस्थ हओस् । यस (फलानी) को हराएको सातो हंस छोडिदेऊ । सट्टामा बरु चढाएको कुखुराको भालेको भोग ग्रहण गर । कल्याण गर । हे मुक्कुम्साम्बे, शक्तिको देवता ! हे सुनुथेबा ! तिमीलाई नमस्कार छ ।. . . इत्यादि भनेर स्तुति र पुकार गरिन्छ ।

यसपछि पहिलो दिनको कार्यक्रम यहीँ समाप्त हुन्छ ।
भोलिपल्ट दोस्रो दिनको कार्यक्रम सुरु हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दोस्रो दिन

दोस्रो दिनको कार्यलाई दुई भागमा बाँड्न सकिन्छ । जस्तै : दोस्रो दिन सर्वप्रथम बिहान (१) दोबाटोमा आप्चारा पक्चाना/दोबाटे सिकारी देवताको पूजा गरिन्छ । त्यसपछि नजिकको खोलामा गएर (२) वागङ्माको पूजा गरिन्छ ।

(क) आप्चारा पक्चाना (दोबाटे सिकारी देवता) को पूजा र विधिविधान

१. दोबाटोमा पूजा गर्नुपर्छ ।

२. काठ (कुनै रुखको हाँगाआदि)को घोँचा गाडेर भकिअमिलोको काठ खिपेर बनाएको दाबिलो (पन्यु) लाई अङ्गारको कालोले धर्काधर्का तेर्सो पारेर रङ्गाईकन त्यस घोँचामा झुन्ड्याउनुपर्छ ।

३. आप्चारा पक्चानाको पूजा गर्दा फलाकिने मुन्धुमको छन्द र लय सामान्य (युमा साम्माङको पूजामा फलाकेको झैँ) भन्दा फरक, थेबा साम्माङ र हिम् साम्माङको पूजामा फलाकेको झैँ छोटा लयका हुन्छन् । हिम् साम्माङको पूजामा प्रत्येक वाक्यको सुरुमा . . पायुङ/हायुङ . . .भन्दै थालनी हुन्छ । त्यरी नै आप्चारा पक्चानाको पूजामा पनि प्रत्येक वाक्यको सुरुमा . . स . . भनेर थालनी गरिन्छ ।

४. स्तुति र पुकार

आदिकालमा लोग्नेमान्छे अथवा पुरुषजातिले पनि स्त्रीजातिले गर्भधारण गरेझैँ पिँडौलामा गर्भधारण गर्दथे । तिमी पनि हे आप्चारा पक्चाना देवता ! पिँडौलामा गर्भधारण गरेर दोबाटोमा हिँड्थ्यौ, बस्दथ्यौ । बाटा हिँड्नेहरूले तिमीलाई यस्तो अवस्थामा देखेर दयामायाले खानेकुराहरू दिन्थे । दोबाटामा बाटाको बिचमा भात पकाउँदै भकिअमिलोको काठको दाबिलोले चलाउँथ्यौ, पकाउँथ्यो, खान्थ्यौ ।

यसरी नै दिन बितेपछि तिम्रो मरणपश्चात् पनि तिमीलाई गर्भरहने स्त्रीहरूले दोबाटामा खानेकुरा ल्याएर दिइरहे र आजसम्म दिइरहेका छन् ।

आज वि.स. . . साल, . . . महिना, . . .गते, . . . वारका दिन यो उपकारी (फलानी), प्रतीक (येबो, मैनाम) को धनी आयुष्मतीले हिजो (फलाना) थरगोत्र (कुलवंश) का (फलाना)सँग बिहेबारी भई आएकीले आज गर्भ रही महिनासमेत पूरा भएकाले, निर्विघ्न प्रसूति हओस् भनी तिम्रो सेवामा केही नजान्ने केही नदेख्ने, अकिन्चन म फेदाङ्मा (फलाना) मलाई पठाएकीले हात जोडी प्रार्थना सेवा गर्न आएको छु । हे दोबाटे सिकारी देवता ! यस उपकारी (फलानी) लाई आयु, धन, सम्पत्ति र बल देऊ । निर्विघ्न प्रसूति हओस् । जन्मेको शिशु स्वस्थ रहोस् । मेरो पुकार सुनी, खुसी भई यस (फलानी) को हराएको सातो र हंस छोडिदेऊ । सट्टामा बरू भोगबलि स्वीकार गरिदेऊ । हे आप्चारा पक्चाना ! तिमीलाई नमस्कार छ ।. . . इत्यादि भनेर स्तुति र पुकार गरिन्छ ।

आप्चारा पक्चानाको पूजा सकेपछि खोलामा जाने र विविध विधानपूर्वक वागङ्माको पूजा गर्ने काम हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ख) वागङ्माको पूजा र विधिविधान

१. खोलामा गएर पूजा गर्नुपर्छ ।

२. खोला ठुलो भए, त्यसको पानी सानो भँगालोमा फर्काई ल्याएर त्यसमा घाँचाहरू काटेर गाडीकन साँघु बनाउनु पर्छ । साँघुको वारिपारि लिङ्गो गाड्नुपर्छ । कुखुरा १ जोर, परेवा १ जोर भोगदिनका लागि चाहिन्छ । यसरी थानको थापना गरिसकेपछि विधिविधानअनुसार सामासर्जाम पूरा गरेर पूजा सुरु हुन्छ । काटेर परेवाको भोग दिइन्छ । कुखुरालाई डँडाल्नुमा हिर्काई भोग दिनुपर्छ ।

३. पुकार गर्ने छन्द र लय सामान्य लेग्रो तानेर गाइने छन्द नै हुन्छ ।

४. स्तुति र पुकार : हे वागङ्मा ! आदिकालमा चेली र माइती दाजु र बहिनी थिए । डुल्दै खेल्दै जाँदा पहरामा फूलहरू देखेर चेलीलाई असाध्य मन पऱ्यो । चेलीले दाजु माइती राजालाई त्यो फूल टिपी मागी । फूलका नाम थिए सेम्फुङ र पाङफोक फुङ । माइती राजा पनि चेलीलाई मनपर्ने फूल खोज्दै लाग्यो उत्तर दिशा तमोर नदीको किनारैकिनार हिमाल भेकको लेकैलेक । ठुलो अक्कर पहरोमा थियो फूल । आँटेर चढ्यो भिरमाथि पहरामा । अफ्ठेरो भिरमाथि पहरामा फुलेको फूल टिप्न खोज्दा लडेर तमोर नदीमा खस्यो । तमोर नदीको वेगवान् धारले बगाएर लग्यो उसलाई । माइतीको यस्तो अकाल मृत्युले विह्वल भएकी चेली अब तमोर नदीको किनारै किनार बगेको माइतीको लास खोज्दै दक्खिन लागी । नदीले बगाएको माइतीको लास नदेख्दा अनेक तर्कना गर्दै, जोखना र लच्छिन हेर्दै, रुँदै हिँडी रही । धेरै तल तमोर नदीको किनारै किनार हिँड्दै झर्दा सेरेक (सेगेक) सुरुङमा भन्ने पवित्र स्थलमा पुगेर माइतीको लास भेटी ।

देब्रे हातले तिम्रो देब्रे पाउ समातेर, दाहिने हातले तिम्रो दाहिने पाउ छोएर
हात माथि उचालेर प्रणाम गर्न पठाएकी छ है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ-ᤆᤥ᤹ᤔᤣᤴ (᥈᥍᥋)

ᤔᤠᤱᤃᤣᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥉)

ᤀᤣ - ᤀᤠᤸ ᤜᤣᤏᤣ᤹ᤃᤔᤢ ᤏᤡᤛ᤻ᤛᤣ ᤛᤣᤰᤂᤠ ᤔᤠᤱ ॥
ᤁᤠᤋᤠ᤺ᤰᤁᤫᤠ ᤌᤡ᤺ ᤏᤢ ᤔᤢᤰᤁᤢᤶᤔᤠ ᤌᤡ᤺ ᤌᤠᤶᤏᤢ ॥
ᤋᤣᤳᤗᤠᤛᤥ ᤁᤣᤳᤋᤢᤱ ᤗᤠᤈᤶᤔᤢ ᤁᤣᤳᤋᤢᤱᤗᤥ ॥
ᤕᤠ᤹-ᤛᤩᤠ᤹ ᤌᤠᤶᤏᤢᤒᤣ ᤜᤢᤰᤛᤥᤔᤢ ᤁᤣᤳᤋᤢᤱᤗᤥ ॥
ᤗᤠ᤺ᤛᤣᤔᤡ ᤁᤣᤳᤋᤢᤱ ᤏᤠᤶᤛᤣᤔᤡ ᤁᤣᤳᤋᤢᤱᤗᤥ ॥
ᤛᤡᤱᤍᤢᤶ ᤁᤣᤳᤋᤢᤱᤗᤥ ᤐ᤹ᤘᤠᤔᤢ ᤁᤣᤳᤋᤢᤱᤗᤥ ॥
ᤗᤢᤱᤍᤢᤶ ᤁᤣᤳᤋᤢᤱᤗᤥ ᤐ᤹ᤘᤠᤔᤢ ᤁᤣᤳᤋᤢᤱᤗᤥ ॥
ᤁᤴᤇᤣ᤹ᤃᤖᤔᤢ ᤀᤢᤴᤇᤥ᤺ᤱᤃᤖᤔᤢ ॥
ᤂᤏᤣ᤹ᤍᤢᤒᤠ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ)॥
ᤋᤣᤴᤎᤠᤶᤔᤢ ᤔᤣ᤺ᤰᤂᤡᤶ ᤗᤃᤢ ᤋᤠ᤺ᤖᤢᤀᤠᤱᤃ ॥

साप्पोःक्-चोʔमेन् (२७५)

माङ्गेन्ना माङ्घो (३)

ए - आल् हेनेʔगमु निस्से सेक्खा माङ् ॥
काताःक्वा थिः नु मुक्कुम्मा थिः थाम्नु ॥
तेत्लासो केत्तुङ् लाजम्मु केत्तुङ्लो ॥
याʔ-स्याʔ थाम्नुबे हुक्सोमु केत्तुङ्लो ॥
लाःसेमि केत्तुङ् नाम्सेमि केत्तुङ्लो ॥
सिङ्दुम् केत्तुङ्लो पʔवामु केत्तुङ्लो ॥
लुङ्दुम् केत्तुङ्लो पʔवामु केत्तुङ्लो ॥
कन्छेʔगरमु उन्छोःङ्गरमु ॥
खनेʔदुबा (मिङ् पाःप्मा)रेगमु ॥
तेन्धाम्मु मेःक्खिम् लगु तारूआङ्ग ॥

कोखपूजा (२७५)

शिर उठाउने पूजा (३)

अब तिमी भनेको त सत्य र साँच्चो देवता हौ, ईश्वर हौ ।
उनिउँको पातले ओथारोमा गुम्स्याई बनाएको
शक्तिदायी जाँड राखेर, केराको पातको थान बनाएर विधि पूरा गरैं नि ।
(उपकारीको) माना-चामल राख्ने विधि पूरा गरैं ।
थानको दायाँ र बायाँ
जून र घामझैं दियोहरू राख्ने विधि पूरा गरैं ।
पूजा गर्दा अभिसिञ्चन गर्नका लागि
रुखको टोड्कामा जमेको आदिम निर्मल जल
ढुङ्गाको टोड्कामा जमेको आदिम मिंल जल
थानमा राख्ने विधि सबै पूरा भयो है ।
यो त उहिले फलाना (नाम भन्नू)ले विवाह गरी ल्याएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤨ᤹ᤰ ᤆᤨ᤹ᤔᤧᤴ (᥈᥍᥌)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤨ (᥊)

ᤀᤧ - ᤁᤴ ᤕᤧᤒᤨᤍᤠᤱᤔᤧᤴ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧᤴ ॥
ᤁᤴ ᤂᤏᤧ᤹ᤍᤢᤔᤠ (ᤔᤡᤱ ᤐᤠ᤹ᤵᤔᤠ) ᤀᤡᤱᤃᤔᤢ ॥
ᤛᤧᤔᤢᤀᤡ ᤐᤨ᤹ᤰᤂᤧ ᤛᤧᤀᤡᤳ ᤐᤨ᤹ᤰᤂᤧᤸᤗᤧᤃ ॥
ᤔᤡ᤹ᤵᤔᤠ ᤕᤨᤃᤖ ᤛᤧᤃᤧ᤹ᤰ ᤛᤢᤖᤢᤱᤔᤠᤏᤢ ॥
ᤌᤠᤰᤐᤧᤗᤢᤱᤔᤠᤏᤢ ᤕᤨ ᤂᤡᤒᤧᤗᤢᤱᤔᤠᤏᤢ ॥
ᤛᤧᤃᤧ᤹ᤰ ᤛᤢᤖᤢᤱᤏᤢ ᤑᤨ᤹ᤰᤂᤢᤱᤅᤠᤱ ॥
ᤀᤡᤃᤧᤰᤏᤡ᤹ᤱ ᤑᤢᤱᤏᤢ ᤛᤡᤰᤁᤧᤏᤡ᤹ᤱ ᤑᤢᤱᤏᤢᤖᤨ ॥
ᤛᤧᤃᤨ᤹ᤳᤏᤢ ᤁᤨ᤹ᤳᤏᤢ ᤁᤨ᤹ᤳᤋᤢᤱᤔᤢ ᤋᤠᤖᤥ᤹ᤱᤗᤨ ॥
ᤔᤡ᤹ᤵᤔᤠ ᤁᤱᤃ ᤌᤨ ᤜᤠᤱᤘᤠᤌᤨ᤹ᤰ ᤑᤢᤱᤏᤢᤖᤨ ॥
ᤛᤧᤏᤠ᤹ᤳᤏᤢ ᤏᤠ᤹ᤳᤏᤢ ᤏᤠ᤹ᤳᤋᤢᤱᤔᤢ ᤋᤠᤖᤥᤱᤗᤨ ॥

साप्पोःक्-चोꞌमेन् (२७६)

माङ्गेन्ना माङ्घो (४)

ए - कन् येबोदाङ्मेन् मैनाम्दाङ्मेन् ॥
कन् खनेꞌदुमा (मिङ् पाःप्मा) इङ्गमु ॥
सेमुइ पोःक्खे सेइत् पोःक्खेल्लेग ॥
मिःप्मा योगर सेगेःक् सुरुङ्मानु ॥ [५३]
थाक्पेलुङ्मानु यो खिबेलुङ्मानु
सेगेःक् सुरुङ्नु फोःक्खुङ्ङाङ् ॥
इगेक्निःङ् फुङ्नु सिक्केनिःङ् फुङ्नुरो ॥
सेगोःत्नु कोःत्नु कोःत्तुङ्मु तारूःङ्लो ॥
मिःप्मा कङ्ग थो हाङ्वाथोःक् फुङ्नुरो ॥
सेनाःत्नु नाःत्नु नाःत्तुङ्मु तारूङ्लो ॥

कोखपूजा (२७६)

शिर उठाउने पूजा (४)

यो उपकारी येबो मैनामको धनी फलानी (नाम भन्नू) त गर्भवती हुन जाँदा त
हिजो तल सेगेक सुरुङमा भन्ने ठाउँमा
थाक्पेलुङ्मा खिबेलुङ्मा नामक अवस्थलमा
उसको तानबुन्ने अवस्थल सेगेक सुरुङ्माबाट
तल तल औलतिर बाबियोको फूल, सालिम्मोका फूलहरूतिर खेलिहिँड्ने
हिजो हराएको उसको सातो खोज्दै खोज्दै पक्रेर ल्याउँदै छु है ।
हिजो माथि माथि लेकमा फुल्ने हाङ्वाथोक फूलमा अलमलिएको उसको सातो,
हराएर जताततै उडी हिँडेको उसको सातो पक्रेर ल्याउँदैछु है ।

---

[५३] धनकुटा र पाँचथर (मौवा गा.पा.) थुम जोडिने तमोर नदी र मौवाखोलाको दोभानको किनारको याक्चाना घाट (कसैले हाक्पाराघाट ६ थर भनेका छन्) घाट कुनै स्थानविशेष । युमादेवीले यसै स्थानमा तमोर नदीको वारि र पारि हुने गरी तान फिँजाएर तान बुन्दथिन् भन्ने लोककथन छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤧᤴ (᥈᥍᥍)

ᤔᤠᤅᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥋)

ᤀᤧ - ᤌᤥ ᤛᤧᤶᤑᤢᤱᤔᤧᤏᤢ ᤐᤠᤱᤒᤥ᤺ᤰ ᤑᤢᤱᤔᤧᤏᤢ ॥
ᤛᤡᤃᤡ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ᤑᤥ᤺ᤰᤂᤢᤱᤔᤢ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤛᤥᤛᤠᤶ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ᤑᤥ᤺ᤰᤂᤢᤱᤔᤢ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤜᤧᤵᤐᤢᤃᤠᤷ ᤁᤳᤌᤥ ᤘᤠᤜᤱ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ) ᤔᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤇᤧ ~ ᤛᤡᤃᤡ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤇᤧ ~ ᤛᤥᤛᤠᤶ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤜᤧᤵᤐᤢᤃᤠᤷ ᤁᤳᤌᤥ ᤘᤠᤜᤱ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ) ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤜᤧᤵᤐᤢᤃᤠᤷ ᤁᤳᤌᤥ ᤘᤠᤜᤱ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ) ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤇᤧ ~ ᤛᤡᤃᤡ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤇᤧ ~ ᤛᤥᤛᤠᤶ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥

साप्पोःक्-चोऽमेन् (२७७)

माङ्गेन्ना माङ्घो (५)

ए - थो सेम्फुङ्मेनु पाङ्बोःक् फुङ्मेनु ॥
सिगि थाःक्तुङ्लो फोःक्खुङ्मु थाःक्तुङ्लो ॥
सोसाम् थाःक्तुङ्लो फोःक्खुङ्मु थाःक्तुङ्लो ॥
हेप्पुगर कत्थो वाहङ् (मिङ् पाःप्मा) मु केत्तुङ्लो ॥
आम्बुत्छे : सिगि फोःक्खुङ् थाःक्तुङ्लो ॥
आम्बुत्छे : सोसाम् फोःक्खुङ् थाःक्तुङ्लो ॥
हेप्पुगर कत्थो वाहङ् (मिङ् पाःप्मा) केत्तुङ्लो ॥
हेप्पुगर कत्थो वाहङ्(मिङ् पाःप्मा) केत्तुङ्लो ॥[५४]
आम्बुत्छे : सिगि फोःक्खुङ् थाःक्तुङ्लो ॥
आम्बुत्छे : सोसाम् फोःक्खुङ् थाःक्तुङ्लो ॥

कोखपूजा (२७७)

शिर उठाउने पूजा (५)

सेम्फुङ (सनाही फूल) का फूलहरूबाट, पाङ्बोक (जटामासी) का फूलहरूबाट
अलमलिएर उडिरहेका सातोलाई खोजेर, पक्रेर जगाईकन बोकेर ल्याएको छु है ।
त्यहाँबाट माथि आउँदा . . . खोल (नाम भन्नू) मा बोकेर ल्याइपुऱ्याएँ नि ।
बुई . . . बुई . . . सातो डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।
बुई . . . बुई . . . हंस डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।
त्यहाँबाट हिँडेको त माथि . . . खोला (नाम भन्नू) बोकेर ल्याइपुऱ्याएँ नि ।
त्यहाँबाट माथि आउँदा त. . . खोला (नाम भन्नू) बोकेर ल्याइपुऱ्याएँ नि ।
ए - बुई . . . बुई . . . सातो डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।
ए - बुई . . . बुई . . . हंस डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।

---

[५४] फेदाङमाले सेगेक (सेरेक) सुरुङमाबाट गर्भवती स्त्री र गर्भको अल्मली डुलिहिँड्ने सातो पक्रेर डँडालोमा नानी बोकेझैँ बोकेर ल्याउँछन् । यस्ता बेला फेदाङमाले फलाकेको दृश्य अत्यन्त नाटकीय हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤧᤴ (᥈᥍᥎)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤔᤠ (᥌)

ᤀᤧ - ᤁᤴ ᤕᤧᤒᤥᤍᤠᤱᤔᤠ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧᤱ ॥
ᤔᤠᤱᤃᤧᤴᤏᤠᤍᤠᤱᤔᤠ ᤆᤥ᤹ᤔᤧᤴ ᤋᤠᤱᤔᤧᤱ ॥
ᤀᤠᤴᤍᤧᤴ ᤔᤠᤰᤛᤡᤱᤘᤠ ᤗᤢᤱᤎᤢᤱᤏᤢ ᤌᤥ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤁᤱᤃᤔᤢ ᤀᤠᤸᤗ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ) ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤆᤧ ᤛᤡᤃᤡ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤆᤧ ᤛᤥᤛᤠᤶ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤜᤧᤵᤔᤢᤃᤷ ᤌᤥ ᤁᤒᤢ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ) ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤜᤧᤵᤔᤢᤃᤷ ᤌᤥ ᤐᤠᤱᤓᤧ᤹ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ) ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤆᤧ ᤛᤡᤃᤡ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤆᤧ ᤛᤥᤛᤠᤶ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥

साप्पोःक्-चो?मे़न् (२७८)

माङ्गे़न्ना माङ्घमा (६)

ए - कन् ये़बोदाङ्मा मैनाम्दाङ्मे़ङ्ग ॥
माङ्गे़न्नादाङ्मा चो?मे़न् ताङ्मे़ङ्ग ॥
आन्दे़न् माक्सिङ्वा लुङ्धुङ्नु थो थाःक्तुङ्लो ॥
कङ्गमु आल्ल . . . वाहङ् (मिङ् पाःप्मा) के़त्तुङ्लो ॥
आम्बुत्छे : सिगि फोःक्खुङ् थाःक्तुङ्लो ॥
आम्बुत्छे : सोसाम् फोःक्खुङ् थाःक्तुङ्लो ॥
हेप्मुगर थो कबु (मिङ् पाःप्मा) के़त्तुङ्लो ॥
हे़प्मुगर थो पाङ्भे?(मिङ् पाःप्मा) के़त्तुङ्लो ॥
आम्बुत्छे : सिगि फोःक्खुङ् थाःक्तुङ्लो ॥
आम्बुत्छे : सोसाम् फोःक्खुङ् थाःक्तुङ्लो ॥

कोखपूजा (२७८)

शिर उठाउने पूजा (६)

येबोमैनामको धनीको,
शिर उठाउने पूजाको धनीको सातो र हंस बोकेर
अघि माक्सिङ्वा नामक पवित्र अवस्थलबाट उँभो ल्याउँदा त
फलाना (नाम भन्नू) खोलामा ल्याइपुऱ्याएँ है ।
त्यस खोलाबाट हिँडेर फलाना गाउँ (नाम भन्नु)
यो फलाना गाउँ (नाम भन्नू)मा ल्याइपुऱ्याएँ नि ।
बुई . . . बुई . . . सातो डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।
बुई . . . बुई . . . हंस डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।
अब त्यहँबाट गाउँ (गाउँको नाम भन्नू)मा ल्याइपुऱ्याएँ है ।
अब त्यहँबाट गाउँ (गाउँको नाम भन्नू)मा ल्याइपुऱ्याएँ है ।
बुई . . . बुई . . . सातो डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।
बुई . . . बुई . . . हंस डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤣᤴ (᥈᥍᥏)

ᤔᤠᤱᤃᤣᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥍)

ᤁᤢᤈᤢᤘᤠ᤺ᤳᤁᤔᤢ ᤑᤠᤵᤔᤠᤍᤣᤴ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤁᤢᤈᤡᤖᤡᤰᤁᤔᤢ ᤘᤠᤜᤵᤔᤠ ᤋᤧᤴᤏᤥᤖᤥ ॥
ᤁᤢᤍᤣ᤺ᤳᤁᤖᤔᤢ ᤘᤠᤜᤵᤔᤠᤋᤧᤴᤏᤥᤖᤥ ॥
ᤛᤡᤃᤡ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ᤁᤢᤛᤠᤶᤔᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤇᤣ ~ ᤛᤡᤃᤡ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤀᤠᤶᤒᤢᤳᤇᤣ ~ ᤛᤥᤛᤠᤶ ᤑᤥ᤺ᤰᤂᤢᤱ ᤌᤠ᤺ᤰᤋᤢᤱᤗᤥ ॥
ᤕᤧᤒᤥᤍᤠᤱᤔᤠᤖᤧᤴ ᤁᤴ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤠᤖᤧᤴ ॥
ᤁᤒᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ᤐᤠᤱᤓᤣ᤹, ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤗᤥ᤺ᤰᤑᤠ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ᤛᤡᤱᤎᤡᤶᤔᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤀᤧ ᤏᤡᤛᤣ ᤏᤡᤛᤣ ᤔᤠᤱ ᤛᤧᤰᤂᤠ ᤔᤠᤱ ᤆᤣᤍᤥ᤹ᤖᤥ ॥

साप्पोःक्-चोऽमेन् (२७९)

माङ्गेन्ना माङ्घो (७)

कुजुवाःत्कमु फाप्मादेन् के़त्तुङ्लो ॥
कुजिरिक्कमु वाहप्मा ते़न्नोरो ॥
कुदेःत्करमु वाहप्मा ते़न्नोरो ॥
सिगि के़त्तुङ्लो कुसाम्मु के़त्तुङ्लो ॥
आम्बुत्छे : सिगि फोःक्खुङ् थाःक्तुङ्लो ॥
आम्बुत्छे : सोसाम् फोःक्खुङ् थाःक्तुङ्लो ॥
ये़बोदाङ्मारे़न् कन् मैनाम्दाङ्मारे़न् ॥
कबु के़त्तुङ्लो पाङ्भे? (मिङ् पाःप्मा) के़त्तुङ्लो ॥
लोःक्फा सिङ्धिम्मु के़त्तुङ्लो ॥
ए - निस्से निस्से माङ् सेक्खा माङ् चेदो»रो ॥

कोखपूजा (२७९)

शिर उठाउने पूजा (७)

अब त्यहाँबाट उसले पानी भर्ने धारा र
उसले थाङनाभोटा र लुगाफाटा धुने धारामा
उसको सातो र हंस बोकेर ल्याइपुऱ्याएँ है ।
बुई . . . बुई . . . सातो डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।
बुई . . . बुई . . . हंस डँडालोमा बोकेर ल्याइपुऱ्याएँ नि ।
अब भने येबो मैनामको धनीको, यो उपकारीको
गाउँघर(गाउँको नाम भन्नू)मा ल्याइपुऱ्याएँ है ।
काठ र बाँसले बनेको लौकिक घरमा
(उसको सातो र हंस) बोकेर ल्याइपुऱ्याएँ है ।
हे सत्य र साँच्चो ईश्वर ! तिमीलाई सेवा छ है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤧᤴ (᥈᥎᥆)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥎)

ᤁᤴ ᤕᤧᤒᤥᤍᤠᤱᤔᤧᤴ ᤀᤠᤸ ᤛᤡᤃᤡ ᤗᤡ᤺ᤱᤂᤢᤱᤗᤥ ॥
ᤁᤴ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧᤴ ᤀᤠᤸ ᤛᤥᤛᤠᤶ ᤗᤡ᤺ᤱᤂᤢᤱᤗᤥ ॥
ᤁᤴ ᤔᤠᤋᤠ ᤗᤡ᤺ᤱᤂᤢᤱᤗᤥ ᤀᤡᤔᤣ᤺ᤳᤔᤢ ᤗᤡ᤺ᤱᤂᤢᤱᤗᤥ ॥
ᤏᤡᤛ᤻ᤛᤧ ᤏᤡᤛ᤻ᤛᤧ ᤔᤠᤱ ᤛᤧᤰᤂᤠ ᤔᤠᤱ ᤆᤧᤍᤥᤖᤥ ॥
ᤛᤡᤱᤍᤢᤶ ᤆᤢᤘᤠ᤺ᤳᤗᤢ ᤐ᤹ᤘᤠ ᤆᤢᤘᤠ᤺ᤳᤗᤢᤖᤥ ॥
ᤗᤢᤱᤍᤢᤶ ᤆᤢᤘᤠ᤺ᤳᤗᤢ ᤐ᤹ᤘᤠ ᤆᤢᤘᤠ᤺ᤳᤗᤢᤖᤥ ॥
ᤁᤱ ᤛᤢᤃᤢᤳ ᤔᤧᤴᤍᤥ᤺ᤰᤁᤧ ᤑᤠᤱᤒᤢᤳ ᤔᤧᤴᤍᤥ᤺ᤰᤁᤧᤖᤥ ॥
ᤗᤣ᤺ᤳᤇᤠᤶ ᤔᤧᤴᤍᤥ᤺ᤰᤁᤧᤖᤥ ᤑᤢᤱᤛᤠᤶ ᤔᤧᤴᤍᤥ᤺ᤰᤁᤧᤖᤥ ॥
ᤌᤠ᤺ᤱ ᤑᤢᤸᤗᤢ ᤑᤢᤸᤗᤢ ॥ ᤌᤠ᤺ᤱ ᤘᤣ᤺ᤳᤆᤧᤰ ᤘᤣ᤺ᤳᤆᤧᤰ ॥
ᤁᤴ ᤆᤥ᤹ᤔᤧᤴᤍᤠᤱᤔᤧᤱ ᤌᤠ᤺ᤱ ᤌᤠ᤺ᤱ ᤑᤥ᤺ᤰᤂᤢᤱᤗᤥ ॥

साप्पोःक्-चो?मे़न् (२८०)

माङ्गे़न्ना माङ्घो (८)

कन् ये़बोदाङ्मे़न् आल् सिगि लिःङ्खुङ्लो ॥
कन् मैनाम्दाङ्मे़न् आल् सोसाम् लिःङ्खुङ्लो ॥
कङ्ग माता लिःङ्खुङ्लो इमेःत्मु लिःङ्खुङ्लो ॥
ए – निस्से निस्से माङ् सेक्खा माङ् चेदो»रो ॥
सिङ्दुम् चुवाःत्लु प?वा चुवाःत्लुरो ॥
लुङ्दुम् चुवाःत्लु प?वा चुवाःत्लुरो ॥
कङ्ग सुगुत् मे़न्दोःक्के़ फाङ्बुत् मे़न्दोःक्के़रो ॥
लेःत्छाम् मे़न्दोःक्के़रो फुङ्साम् मे़न्दोःक्के़रो ॥
थाःङ् फुल्लु फुल्लु थाःङ् वेःत्चे़क् वेःत्चे़क् ॥
कन् चो?मे़न्दाङ्मे़ङ्ग् थाःङ् थाःङ् फोःक्खुङ्लो ॥

कोखपूजा (२८०)

शिर उठाउने पूजा (८)

अब बोकेर ल्याएको हंस र सातो
उपकारी येबोमैनाको धनीको देहमा हुलिदिन्छु हे ।
यो उपकारीको छाँया उसको देहमा हुलिदिन्छु है ।
रुखको टोड्कामा जमेको आदिम
निर्मल जलले अभिषेक गर्छु है ।
ढुङ्गाको टोड्कामा जमेको आदिम निर्मल जलले अभिषेक गर्छु है ।
सुत्केरी हुँदा मर्नेहरूका सुत्केरी सिहैं र प्रेतले नपिरोस्,
अनेक अनिष्टकारी भूत र प्रेतले नपिरोस् है ।
कम्मर मर्काउँदै माथि माथि उठ्दै
कम्मर मर्काउँदै लचक लचक
यो येबोमैनामको धनी, उपकारीको शिर उठाइदिन्छु है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤨ᤺ᤰ ᤆᤨ᤻ᤔᤧᤴ (᥈᥎᥇)

ᤔᤱᤃᤧᤴᤏᤠ ᤔᤱᤄᤨ (᥇)

ᤁᤴ ᤕᤧᤒᤨᤍᤱᤔᤧᤱᤃ ᤌᤠ᤺ᤱ ᤌᤠ᤺ᤱ ᤑᤨ᤺ᤰᤂᤢᤱᤗᤨ ॥
ᤁᤴ ᤔᤤᤏᤠᤶᤍᤱᤔᤧᤱᤃ ᤌᤠ᤺ᤱ ᤌᤠ᤺ᤱ ᤑᤨ᤺ᤰᤂᤢᤱᤗᤨ ॥
ᤋᤠᤃᤧᤖᤠ ᤔᤱᤅᤧ ᤏᤡᤱᤘᤠ᤻ᤑᤢ ᤔᤱᤅᤧ ॥
ᤏᤡᤛᤧ ᤏᤡᤛᤧ ᤔᤱ ᤛᤧᤰᤂᤠ ᤔᤱ ᤆᤧᤍᤨ᤻ᤖᤨ ॥
ᤋᤠ᤺ᤴᤇᤨ ᤋᤠᤖᤧᤸᤗᤧ ᤋᤠᤰᤏᤠᤶ ᤋᤠᤖᤧᤸᤗᤧ ॥
ᤀᤠᤸ ᤀᤡᤰᤛᤠ ᤆᤱᤎᤨ ᤂᤠᤶᤒᤧ᤺ᤰᤔᤢ ᤆᤱᤎᤨᤖᤨ ॥
ᤐᤡ᤺ᤴᤍᤠ᤻ᤛᤨ ᤆᤱᤎᤨ ᤑᤖᤧᤱ ᤁᤢᤈᤱᤎᤨ ॥
ᤋᤧᤳᤗᤠ ᤗᤠᤈᤶᤗᤧ ᤁᤴ ᤗᤠᤛᤨ ᤁᤧᤳᤋᤢᤱᤗᤨ ॥
ᤆᤢᤸᤗᤡ ᤆᤱᤎᤨᤖᤨ ᤕᤠ᤻-ᤛᤩᤠ᤻ᤔᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤨ ॥
ᤗᤠ᤺ᤏᤠᤶ ᤛᤠᤖᤡ ᤏᤢ ᤑᤢᤱᤛᤠᤖᤡ ᤁᤧᤳᤋᤢᤱᤗᤨ ॥

साप्पोःक्-चोʔमे़न् (२८१)

माङ्गे़न्ना माङ्घो (१)

कन् ये़बोदाङ्मे़ङ्ग थाःङ् थाःङ् फोःक्खुङ्लो ॥
कन् मैनाम्दाङ्मे़ङ्ग थाःङ् थाःङ् फोःक्खुङ्लो ॥
तागे़रा माङ्ङे़ तागे़रा निङ्वाʔफु माङ्ङे़ ॥
निस्से निस्से माङ् सेक्खा माङ् चेदोʔरो ॥
ताःन्छो तारे़ल्ले़ ताक्नाम् तारे़ल्ले़ ॥
आल् इक्सा चङ्धो खाम्बेःक्मु चङ्धोरो ॥
पिःन्दाʔसो चङ्धो फरे़ङ् कुजङ्धो ॥
ते़त्ला लाजम्ले़ कन् लासो के़त्तुङ्लो ॥
चुल्लि चङ्धोरो याʔ-स्याʔमु के़त्तुङ्लो ॥
लाःनाम् सारि नु फुङ्सारि के़त्तुङ्लो ॥

कोखपूजा (२८१)

शिर उठाउने पूजा (१)

यो उपकारी येबोमैनामको धनीको शिर
माथि माथि उठाई दिन्छु है ।
हे सर्वव्यापी र सर्वज्ञ तागेरा निङ्वाफु माङ !
हे सत्ते र साँच्चो ईश्वर ! तिमीलाई प्रणाम छ ।
अब त बिहानको शुभघडीमा
अब यहाँ पृथ्वीमाथि, भुइँमाथि
सुग्घर सफा पारी लिपपोत गरेर
केराको पात बिछाई थानमान बनाएँ है ।
लिपपोत गरेको भुइँमाथि
(उपकारीको नाममा) धानको
मानाचामल पनि भरेर राखेँ है ।
जूनघामझैँ फूलका कलशहरू पनि वरपर राखेँ है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤨ᤹ᤰ ᤆᤨ᤻ᤔᤧᤴ (᥈᥎᥈)
ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤨ (᥇᥆)

ᤋᤧᤔᤧ᤹ᤴᤍᤡᤱ ᤘᤗ᤹ᤰ ᤑᤢᤱ ᤛᤧᤶᤑᤢᤱ ᤏᤢ ᤛᤧᤃᤧ᤹ᤰ ᤑᤢᤱ ॥
ᤁᤨᤀᤡ ᤆᤱᤑᤠ᤹ᤱ ᤑᤢᤱ ᤐᤠᤱᤒᤨ᤹ᤰᤔᤢ ᤑᤢᤱᤏᤢᤖᤨ ॥
ᤛᤡᤱᤈᤠᤱᤃᤨ ᤑᤢᤱᤃ ᤕᤠᤶᤈᤠ᤹ᤱᤃᤨ ᤑᤢᤱᤏᤢᤖᤨ ॥
ᤛᤧ᤹ᤰᤔᤠᤖᤡ ᤑᤢᤱᤃ ᤘᤠ᤹ᤴᤍᤠᤕᤨ ᤑᤢᤱᤏᤢᤖᤨ ॥
ᤗᤠ᤹ᤛᤧᤔᤡ ᤁᤧᤳᤋᤢᤱ ᤏᤠᤶᤛᤧᤔᤡ ᤁᤧᤳᤋᤢᤱᤗᤨ ॥
ᤀᤠᤸᤗ ᤁᤱᤃᤔᤢ ᤆᤡᤏᤢᤁᤧᤏᤢᤔᤧᤴᤇᤠ᤻ ॥
ᤕᤧᤒᤨᤍᤠᤱᤔᤧᤱᤃ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧᤱᤃᤔᤢ ॥
ᤌᤡ᤹ᤴᤎᤠᤶ ᤏᤢ᤻ᤖᤖᤨ ᤛᤠᤎᤠᤶᤔᤢ ᤏᤢ᤻ᤖᤖᤨ ॥
ᤏᤠᤶᤛᤠ᤹ᤱ ᤁᤳᤋᤧ᤻ᤀᤨ ᤌᤧ᤹ᤰᤛᤠᤱ ᤁᤳᤋᤧ᤻ᤀᤨ ॥
ᤗᤠ᤹ᤛᤠ᤹ᤱ ᤁᤳᤋᤧ᤻ᤀᤨ ᤌᤧ᤹ᤰᤛᤠᤱ ᤁᤳᤋᤧ᤻ᤀᤨ ॥

साप्पोःक्-चोʔमेन् (२८२)
माङ्गेन्ना माङ्घो (१०)

तेमेःन्दिङ् वलःक् फुङ् सेम्फुङ नु सेगेःक् फुङ् ॥
कोइ चङ्फाःङ् फुङ् पाङबोःक्मु फुङ्नुरो ॥
सिङ्जाङ्गो फुङ्ग याम्जाःङ्गो फुङ्नुरो ॥
सेःक्मारि फुङ्ग वाःन्दायो फुङ्नुरो ॥
लाःसेमि केत्तुङ् नाम्सेमि केत्तुङ्लो ॥
आल्ल कङ्गमु चिनुकेनुमेन्छाʔ ॥
येबोदाङ्मेङ्ग मैनाम्दाङ्मेङ्गमु ॥
थिःन्धाम् नुʔररो साधाम्मु नुʔररो ॥
नाम्साःङ् कत्तेʔओ थेःक्साङ् कत्तेʔओ ॥
लाःसाः ङ् कत्तेʔओ थेःक्साङ् कत्तेʔओ ॥

कोखपूजा (२८२)
शिर उठाउने पूजा (१०)

तल औलमधेस (सागर)तिरका
ती सेम्फुङ (सनाइफूल) र सेगेक फूल पनि
माथि पहाडपर्वतका पाङ्बोक (जटामासी) फूल,
स्फूर्ति दिने सिङ्जाङ्गोका फूल र
मानिसले लाउनै पर्ने सेक्मारी (सिल्लरी) फूल राखेर,
यहाँ वर र पर जून र घामझैं दियोहरू बालेर विधिविधान पूरा गरैं है ।
तिम्रो प्यारी नातिनीलाई त यो उपकारी, येबो र मैनामको धनीलाई त
प्रसवका बेला दुःखकष्ट नहोस्, जन्मेको शिशु स्वस्थ हओस् है ।
यसलाई घामले जस्तै ढाकेर (सुरक्षित) राख है ।
यसलाई जूनले जस्तै ढाकेर (सुरक्षित) राख है ।
(सूर्यचन्द्र दायाँ होऊन् है) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤨ᤹ᤰ-ᤆᤨ᥅ᤔᤧ᤺ᤴ (᥈᥎᥉)

ᤔᤠᤱᤃᤧ᤺ᤴᤏᤠ ᤔᤠᤱᤄᤨ (᥇᥇)

ᤀᤠᤸᤗ ᤁᤱᤃᤔᤢ ᤆᤡᤏᤢ ᤁᤧ᤺ᤏᤢᤔᤧ᤺ᤴᤇᤠ᥅ ॥
ᤕᤧ᤺ᤒᤨᤍᤠᤱᤔᤧ᤺ᤱᤃ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧ᤺ᤱᤃᤔᤢ ॥
ᤏᤧ᤺ᤳᤋᤡ ᤆᤵᤋᤧ᤺ᤃᤖ ᤑᤢᤱᤘᤠ ᤆᤵᤋᤧ᤺ᤃᤖ ॥
ᤌᤨ - ᤛᤨᤎᤢᤱ ᤔᤧ᤺ᤴᤈᤵᤐᤧ᤺ ᤘᤗᤰ ᤔᤧ᤺ᤴᤈᤵᤐᤧ᤺ᤖᤨ ॥
ᤛᤨᤎᤢᤱ ᤑᤠᤱᤏᤧ᤺ᤖᤨ ᤌᤨ ᤘᤗᤰ ᤑᤠᤱᤏᤧ᤺ᤖᤨ ॥
ᤏᤧ᤺ᤳᤋᤡ ᤑᤠᤱᤏᤧ᤺ᤖᤨ ᤌᤨ ᤑᤢᤱᤘᤠ ᤑᤠᤱᤏᤧ᤺ᤖᤨ ॥
ᤁᤴ ᤕᤧ᤺ᤒᤨᤍᤠᤱᤔᤧ᤺ᤱᤃ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧ᤺ᤱᤃ ॥
ᤂᤡᤛᤢ᤹ᤶᤒᤢᤃᤖ ᤂᤡᤗ᤹ᤶᤔᤠ ᤋᤧ᤺ᤴᤌᤨ ॥
ᤌᤠᤰᤛᤢ᤹ᤶᤒᤢᤃᤖ ᤌᤠᤰᤌᤠᤰᤔᤠ ᤋᤧ᤺ᤴᤌᤨ ॥
ᤛᤠᤶᤕᤠᤱ ᤌᤨᤗᤡᤏᤢ ᤕᤢᤵᤐᤠ ᤌᤨᤗᤡᤏᤢ ॥

साप्पोःक्-चोʔमे़न् (२८३)

माङ्गे़न्ना माङ्घो (११)

आल्ल कङ्गमु चिनु के़नुमे़न्छाʔ ॥
ये़बोदाङ्मे़ङ्ग मैनाम्दाङ्मे़ङ्गमु ॥
ने़त्ति चप्ते़गर फुङ्वा चप्ते़गर ॥
थो . . . सोधुङ् मे़न्जप्पे़ वलक् मे़न्जप्पे़रो ॥
सोधुङ् फाङ्ने़रो थो वलक् फाङ्ने़रो ॥
ने़त्ति फाङ्ने़रो थो फुङ्वा फाङ्ने़रो ॥
कन् ये़बोदाङ्मे़ङ्ग मैनाम्दाङ्मे़ङ्ग ॥
खिसुःम्बुगर खिलःम्मा ते़न्थो ॥
थाक्सुःम्बुगर थाक्थाक्मा ते़न्थो ॥
साम्म्याङ् थोलिनु युप्पा थोलिनु ॥

कोखपूजा (२८३)

शिर उठाउने पूजा (११)

अब यो तिम्रो प्रिय नातिनीको त
जीवन र जोबनको फूल ओइलाउन नदिऊँ है ।
जीवनको पोखरीमा पानी सुक्न लागेमा
जीवनको पोखरी (सागर) बारिदिन्छु,
सर्वदा जलले भरिपूर्ण राख्छु है ।
जीवनफूललाई घेराबारा गरेर सुरक्षित राख्छु है ।
उपकारी यो येबो र मैनामको धनीले
तानको धागा बात्ने ठाउँमा, फिँजाएको ठाउँमा,
सुनको थाली र चाँदीको थाली लिएर
तान बुन्न बसेकी बखत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤵᤐᤨ᤹ᤰ ᤆᤨ᤹ᤔᤧᤴ (᥈᥎᥊)

ᤔᤱᤃᤧᤴᤏ ᤔᤱᤄᤨ (᥇᥈)

ᤌᤠᤰᤌᤠᤰ ᤕᤢᤅᤡᤸᤗᤧ ᤌᤠᤰᤆᤢᤶ ᤕᤢᤅᤡᤸᤗᤧ ॥
ᤌᤠᤰᤛᤢᤶᤒᤢᤃ ᤌᤠᤰᤐᤧ ᤋᤠ᤹ᤴᤍᤡ ᤔᤧᤶᤒᤨ᤹ᤳᤋᤧᤖᤨ ॥
ᤂᤡᤛᤢᤶᤒᤢᤃ ᤂᤡᤒᤧ ᤋᤠ᤹ᤴᤍᤡ ᤔᤧᤶᤒᤨ᤹ᤳᤋᤧᤖᤨ ॥
ᤂᤡᤛᤢᤶ ᤔᤧᤶᤒᤢ᤹ᤀᤧ ᤂᤡᤒᤧ ᤔᤧᤶᤒᤢ᤹ᤀᤧᤖᤨ ॥
ᤌᤠᤰᤛᤢᤶ ᤛᤴᤇᤢᤖᤨ ᤀᤠᤸ ᤂᤡᤒᤧ ᤛᤴᤇᤢᤖᤨ ॥
ᤁᤴ ᤕᤧᤒᤨᤍᤠᤱᤔᤠ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧᤱ ॥
ᤀᤠᤸᤗ ᤁᤱᤃᤔᤢ ᤆᤡᤏᤢ ᤁᤧᤏᤢᤔᤧᤴᤇᤠ᤹ ॥
ᤁᤴ ᤂᤏᤧ᤹ᤍᤢᤔᤠ (ᤔᤡᤱ ᤐᤠ᤹ᤶᤔᤠ) ᤃ ॥
ᤌᤰ ᤘᤠ᤹ᤴᤍᤧ ᤘᤠ᤹ᤴᤍᤧ ॥ ᤌᤰ ᤑᤢᤸᤗᤢ ᤑᤢᤸᤗᤢ ॥
ᤆᤢ ᤘᤠ᤹ᤴᤍᤧ ᤘᤠ᤹ᤴᤍᤧ ॥ ᤆᤢ ᤑᤢᤸᤗᤢ ᤑᤢᤸᤗᤢ ॥

साप्पोःक्-चोःमेन् (२८४)

माङ्गेन्ना माङ्घो (१२)

थाक्थाक् युङिल्ले थाक्चुम् युङिल्ले ॥
थाक्सुम्बुग थाक्पे ताःन्दि मेम्बोःत्तेरो ॥
खिसुम्बुग खिबे ताःन्दि मेम्बोःत्तेरो ॥
खिसुम् मेम्बु?ए खिबे मेम्बु?एरो ॥
थाक्सुम् सःन्छुरो आल् खिबे सःन्छुरो ॥
कन् येबोदाङ्मा मैनाम्दाङ्मेङ्ग ॥
आल्ल कङ्गमु चिनु केनुमेन्छा?॥
कन् खने?दुमा (मिङ् पाःम्मा) ग
थक् वाःन्दे वाःन्दे ॥ थक् फुल्लु फुल्लु ॥
चु वाःन्दे वाःन्दे ॥ चु फुल्लु फुल्लु ॥

कोखपूजा (२८४)

शिर उठाउने पूजा (१२)

तान बुन्न बस्दा (जीवन जिउने क्रममा)
यसबाट कुनै गल्ती नहोस् है ।
उसका जीवन-तानको धागाहरू नखुस्किउन्।
यिनको जीवन-तानको धागाहरूमा
कुनै प्रकारले गाँठा परेमा नचुँडिउन् है ।
यिनको जीवन-तानमा धागाहरू सोझ्याइदिऊँ है ।
यो येबो र मैनामको धनी
उपकारी फलानी (नाम भन्नू) लाई त
तिम्रो प्रिय नातिनीको
(यिनको त) जिउ हल्लाई हल्लाई
(यिनको त) कम्मर मर्काई मर्काई
स्फूर्ति र उत्साहले, बल र बर्गतले परिपूर्ण पारेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤨ᤺ᤰ-ᤆᤨ᥀ᤔᤧᤴ (᥈᥎᥋)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤨ (᥇᥉)

ᤋᤠᤃᤧᤖᤠ ᤔᤠᤱᤅᤧ ᤏᤡᤱᤘᤠ᥀ᤑᤢᤔᤠ ᤔᤠᤱᤅᤧ ॥
ᤌᤠᤱ ᤌᤠᤱ ᤑᤨ᤺ᤱᤛᤢᤖᤨ ᤕᤧᤵᤐᤡᤳ ᤑᤨ᤺ᤱᤛᤢᤖᤨ ॥
ᤏᤧᤳᤋᤡᤃᤧᤴ ᤑᤢᤱᤘᤠᤃ ᤆᤠ᤺ᤱᤈᤠ᤺ᤱ ᤗ᥀ᤖᤖᤨ ॥
ᤆᤠ᤺ᤱᤈᤠ᤺ᤱᤀᤧ ᤆᤠ᤺ᤱᤈᤠ᤺ᤱ ᤌᤠᤱᤌᤠᤱ ᤐᤨ᤺ᤰᤗ᥀ᤖᤨ ॥
ᤁᤴ ᤕᤧᤒᤨᤍᤠᤱᤔᤠ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧᤱᤃᤔᤢ ॥
ᤁᤴ ᤂᤏᤧ᥀ᤍᤢᤔᤠ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ) ᤃᤔᤢ ॥
ᤁᤢᤔᤠᤱᤃᤧᤴᤏᤠᤖᤧ ᤁᤢᤆᤨ᤺ᤳᤗᤢᤱ ᤌᤨᤄᤨᤔᤢ ॥
ᤏᤠᤶᤛᤠ᤺ᤱ ᤁᤳᤋᤧ᥀ᤀᤨ ᤌᤨ ᤌᤧ᤺ᤰᤛᤠ᤺ᤱ ᤁᤳᤋᤧ᥀ᤀᤨ ॥
ᤌᤠ᤺ᤱ ᤋᤡᤍᤡᤱ ᤋᤡᤍᤡᤱ ᤏᤠᤶᤛᤠ᤺ᤱᤔᤢ ᤁᤳᤋᤧ᥀ᤀᤨ ॥
ᤌᤠ᤺ᤱ ᤕᤧᤵᤐᤡᤳ ᤕᤧᤵᤐᤡᤳ ᤗᤠ᤺ᤛᤠ᤺ᤱᤔᤢ ᤁᤳᤋᤧ᥀ᤀᤨ ॥

साप्पोःक्-चोʔमेन् (२८५)

माङ्गेन्ना माङ्घो (१३)

तागेरा माङ्ङे निङ्वाʔफुमा माङ्ङे ॥
थाङ् थाङ् फोःङ्सुरो येप्पित् फोःङ्सुरो ॥
नेत्तिगेन् फुङ्वाग चाःङ्जाःङ् लʔररो ॥
चाःङ्जाःङ्ए चाःङ्जाःङ थाङ्थाङ् पोःक्लʔरो ॥
कन् येबोदाङ्मा मैनाम्दाङ्मेङ्गमु ॥
कन् खनेʔदुमा (मिङ् पाःप्मा) गमु ॥
कुमाङ्गेन्नारे कुचोःत्लुङ् थोघोमु ॥
नाम्साःङ् कत्तेʔओ थो थेःक्साःङ् कत्तेʔओ ॥
थाःङ् तिदिङ् तिदिङ् नाम्साःङमु कत्तेʔओ ॥
थाःङ् येप्पित् येप्पित् लाःसाःङ्मु कत्तेʔओ ॥

कोखपूजा (२८५)

शिर उठाउने पूजा (१३)

माथि माथि शिर ठाडो पारेको उभ्याऊँ है ।
(यिनको) जीवनको फूल झरिलो भरिलो होस्,
झरिलो झरिलो भरिलो भरिलो होस्, माथि माथि शिर ठाडो पारेको उभियोस् है ।
यो येबो र मैनामको धनी उपकारी फलानी (नाम भन्नू) लाई त
उसको सिद्धि (उच्च शिखर)को अवस्थलमा, माथिसम्म
घामका किरणले जस्तै चारैतिरबाट ढाकेर
जूनका जुनेलीले जस्तै चारैतिरबाट ढाकेर
जगजग झलमल्ल बलिरहेको सूर्यप्रकाशजस्तै
उज्यालो उभ्याएर राख है ।
माथि माथि (शिखरमा) शिर ठाडो गरेर जूनको जुनेलीजस्तै
उज्यालो उभ्याएर राख है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤧᤴ (᥈᥎᥌)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥇᥊)

ᤛᤧᤔᤧᤘᤠᤏᤢᤖᤥ ᤕᤧᤔᤧᤘᤠᤏᤢᤖᤥ ॥
ᤛᤠᤶᤍᤠᤱᤘᤠ ᤌᤠᤶᤏᤢ ᤁᤠᤖᤠ᤺ᤱᤘᤠ ᤌᤠᤶᤏᤢᤖᤥ ॥
ᤁᤴ ᤕᤧᤒᤥ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧᤸᤗᤧ ॥
ᤆᤡᤏᤢᤃᤧᤱᤃᤔᤢ ᤁᤧᤏᤢᤔᤧᤴᤇᤠ᤹ᤛᤠᤖᤧ ॥
ᤋᤠᤃᤧᤖᤠ ᤔᤠᤱᤅᤧ ᤏᤡᤱᤘᤠ᤹ᤑᤢ ᤔᤠᤱᤏᤧᤖᤥ ॥
ᤜᤧᤏᤧ᤹ ᤏᤡᤛ᤻ᤛᤧ ᤔᤠᤱ ᤛᤧᤰᤂᤠ ᤔᤠᤱᤏᤧᤖᤥ ॥
ᤛᤡᤃᤡ ᤏᤠ᤺ᤰᤋᤢᤖᤥ, ᤛᤥᤛᤠᤶ ᤏᤠ᤺ᤰᤋᤢᤖᤥ ॥
ᤛᤠ᤺ᤱᤃᤢ ᤏᤠ᤺ᤰᤋᤢᤖᤥ, ᤛᤰᤔᤠ ᤏᤠ᤺ᤰᤋᤢᤖᤥ ॥
ᤀᤠᤸᤗ ᤛᤡᤃᤡ ᤁᤢᤗᤧᤰᤘᤠ ᤛᤥᤛᤠᤶᤖᤧ ᤁᤢᤗᤧᤰᤘᤠ ॥
ᤀᤠᤸᤗ ᤛᤠ᤺ᤱᤃᤢ ᤁᤢᤗᤧᤰᤘᤠ ᤛᤰᤔᤠ᤺ᤖᤧ ᤁᤢᤗᤧᤰᤘᤠ ॥

साप्पोःक्-चो?मेन् (२८६)

माङ्गेन्ना माङ्घो (१४)

सेमेवानुरो येमेवानुरो ।
साम्दाङ्वा थाम्नु काराःङ्वा थाम्नुरो ॥
कन् येबो मैनाम्दाङ्मेल्ले ॥
चिनुगेङ्गमु केनुमेन्छा?सारे ॥
तागेरा माङ्ङे निङ्वा?फु माङ्नेरो ॥
हेने? निस्से माङ् सेक्खा माङ्नेरो ॥
सिगि नाःक्तुरो, सोसाम् नाःक्तुरो ॥
साःङ्गु नाःक्तुरो, सक्मा नाःक्तुरो ॥
आल्ल सिगि कुलेक्वा सोसाम्रे कुलेक्वा ॥
आल्ल साःङ्गु कुलेक्वा सक्माःरे कुलेक्वा ॥

कोखपूजा (२८६)

शिर उठाउने पूजा (१४)

अब त यहाँ सेमेवा येमेवा जोडी (पन्छी) ले
डाँफे र कन्याङकुरुङका जोडीले ।
यो येबो मैनामको धनी (नाम भन्नू) ले
तिम्रै प्रिय नातिनी (दरसन्तान) ले
हे सर्वज्ञ, सर्वशक्तिमान् र सर्वव्यापी ईश्वर !
हे एक मात्र सत्य र साँच्चो ईश्वर !
तिमीसँग उसले आफ्नो सातो र हंस माग्दै छ है ।
तिमीसँग उसले आफ्नो श्वास-प्रश्वास (प्राणवायु) माग्दै छ है ।
अब उसले त आफ्नो सातो र हंसको सट्टामा . . .
अब उसले त आफ्नो
श्वास-प्रश्वास (प्राणवायु) का सट्टामा . . .

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤧᤴ (᥈᥎᥍)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥇᥋)

ᤛᤠᤶᤍᤠᤱᤘᤠ ᤌᤠᤶᤏᤢ ᤁᤠᤖᤠ᤺ᤱᤘᤠ ᤌᤠᤶᤏᤢᤖᤥ ॥
ᤂᤠᤶᤗᤢᤱ ᤌᤠᤱᤅᤡᤸᤗᤧ ᤂᤠᤶᤗᤢᤱ ᤋᤠ᤺ᤰᤋᤧ᤹ᤀᤥ ॥
ᤔᤠᤱᤄᤥ ᤌᤠᤱᤅᤡᤸᤗᤧ ᤔᤠᤱᤄᤥ ᤋᤠ᤺ᤰᤋᤧ᤹ᤀᤥ ॥
ᤘᤠᤕᤠ ᤌᤠᤱᤅᤡᤸᤗᤧ ᤘᤠᤕᤠᤔᤢ ᤋᤠ᤺ᤰᤋᤧ᤹ᤀᤥ ॥
ᤛᤧᤰᤂᤠ ᤔᤠᤱ ᤜᤧᤏᤧ᤹ ᤏᤡ᤻ᤛᤧ ᤔᤠᤱ ᤜᤧᤏᤧ᤹ᤖᤥ ॥
ᤐᤧᤗᤡ ᤛᤧᤰᤂᤠᤖᤥ ᤐᤠ᤺ᤸᤗᤠᤔᤢ ᤛᤧᤰᤂᤠᤖᤥ ॥
ᤀᤰᤂᤧ ᤛᤧᤰᤂᤠᤖᤥ ᤋᤠ᤹ᤈᤧᤱᤔᤢ ᤛᤧᤰᤂᤠᤖᤥ ॥
ᤛᤠᤵᤐᤠᤱᤗᤠ ᤏᤡ᤻ᤛᤧ ᤁᤧᤔᤠᤱᤗᤠ ᤏᤡ᤻ᤛᤧᤖᤥ ॥
ᤁᤱᤃᤔᤢ ᤆᤢᤰᤘᤠ ᤏᤠᤶᤛᤡᤱᤔᤢ ᤁᤳᤋᤧ᤹ᤀᤥ ॥
ᤁᤱᤃᤔᤢ ᤆᤢᤰᤘᤠ ᤗᤠ᤺ᤛᤡᤱᤔᤢ ᤁᤳᤋᤧ᤹ᤀᤥ ॥

साप्पोःक् चोऽमेन् (२८७)

माङ्गेन्ना माङ्घो (१५)

साम्दाङ्वा थाम्नु काराःङ्वा थाम्नुरो ॥
खाम्लुङ् थाङ्ङिल्ले खाम्लुङ् ताःक्तेऽओ ॥
माङ्घो थाङ्ङिल्ले माङ्घो ताःक्तेऽओ ॥
वाया थाङ्ङिल्ले वायामु ताःक्तेऽओ ॥
सेक्खा माङ् हेनेऽ निस्से माङ् हेनेऽरो ॥
पेलि सेक्खारो पाःल्लामु सेक्खारो ॥
अक्खे सेक्खारो ताऽजेङ्मु सेक्खारो ॥
साप्पाङ्ला निस्से केमाङ्ला निस्सेरो ॥
कङ्गमु चुक्वा नाम्सिङ्मु कत्तेऽओ ॥
कङ्गमु चुक्वा लाःसिङ्मु कत्तेऽओ ॥

कोखपूजा (२८७)

शिर उठाउने पूजा (१५)

डाँफेचरी र कन्याङकुरुङको जोडीले
पूजाप्रार्थना गरेकी छ नि ।
भोगबलि दिएकी छ, थापिदेऊ है ।
यसले गरेकी पूजाअनुष्ठान स्वीकार गरिदिनू है ।
तिमी त सत्य र साँच्चो देवता हौ ! ईश्वर नै हौ ।
साँच्चो र सत्य वचनले र
सत्य र साँच्चो बोलीले, साँच्चो साँच्चो मनले
प्रचलित विधिविधानअनुसार नै
बिन्ती, प्रार्थना र पूजा गरैं है ।
अब उपकारी (येबो मैनाम) को
घाम र जून दाहिने भइदिनू है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤨ᤺ᤰ ᤆᤨ᤹ᤔᤣᤴ (᥈᥎᥎)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤨ (᥇᥌)

ᤀᤠᤸᤗ ᤀᤠᤱᤃᤠ᤹ᤃ ᤑᤧᤈᤡᤖᤡ ᤑᤧᤍᤠᤱᤛᤠᤀᤠ ॥
ᤛᤡᤈᤨ᤹ᤘᤠ ᤐᤧᤜᤡ ᤋᤢᤶ ᤑᤧᤍᤠᤱᤛᤠᤀᤠᤔᤢ ॥
ᤛᤠ᤺ᤱᤃᤢ ᤐᤢ᤹ᤖᤠᤱᤗᤨ ᤛᤰᤔᤠ᤺ᤔᤢ ᤐᤢ᤹ᤖᤠᤱᤗᤨ ॥
ᤛᤠ᤺ᤱᤃᤢ ᤏᤠ᤹ᤖᤠᤱᤗᤨ. ᤛᤰᤔᤠ᤺ᤔᤢ ᤏᤠ᤹ᤖᤠᤱᤗᤨ ॥
ᤗᤠᤛᤠᤗᤠ ᤛᤱ ᤛᤱ ᤋ᤺ᤰ ᤜᤠᤱᤗᤠ ᤛᤱ ᤛᤱᤗᤨ ॥
ᤔ᤹ᤘᤠᤛᤠ ᤛᤱ ᤛᤱ ᤀᤨ᤹ᤛᤠᤀᤠᤱ ᤛᤱ ᤛᤱᤗᤨ ॥
ᤑᤰᤑᤰᤁᤧᤴ ᤔᤢᤕᤠ ᤛᤡᤖᤣ ᤔᤧᤴᤍᤠᤕᤧᤖᤨ ॥
ᤀᤠᤵᤗᤠᤱᤃᤧᤴ ᤔᤢᤕᤱ ᤛᤡᤖᤣ ᤔᤧᤴᤍᤠᤕᤧᤖᤨ ॥
ᤋᤰᤛᤱᤃᤧᤴ ᤛᤒᤠ ᤛᤡᤖᤣ ᤔᤧᤴᤍᤠᤕᤧᤖᤨ ॥
ᤏᤡᤛ᤻ᤛᤣ ᤔᤠᤱ ᤜᤧᤏᤧ᤹ᤛᤧᤰᤂᤠ ᤔᤠᤱ ᤁᤧᤘᤠᤖᤨ ॥

साप्पोःक्-चोʔमेन् (२८८)

माङ्गे़न्ना माङ्घो (१६)

आल्ल आङ्गाʔग फे़जिरि फे़दाङ्साआ ॥
सिजोʔवा पे़हि तुम् फे़दाङ्साआमु ॥
साःङ्गु पुʔराङ्लो सक्माःमु पुʔराङ्लो ॥
साःङ्गु नाʔराङ्लो. सक्माःमु नाʔराङ्लो ॥
लासाला सङ् सङ् तःक् हाङ्ला सङ् सङ्लो ॥
मʔवासा सङ् सङ् ओʔसाआङ् सङ् सङ्लो ॥
फक्फक्के़न् मुया सिरे मे़न्दाये़रो ॥
आप्लाङ्गे़न् मुयङ् सिरे मे़न्दाये़रो ॥
तक्सङ्गे़न् सबा सिरे मे़न्दाये़रो ॥
निस्से माङ् हे़ने़ʔसे़क्खा माङ् के़वारो ॥

कोखपूजा (२८८)

शिर उठाउने पूजा (१६)

म त फेदाङमाहरूमा जेठो फेजिरी फेदामा हुँ,,
डेग कहिले नबिर्सने चारैतिर डुलिहिँड्ने
गौँथलीजस्तो तिम्रो सन्देशवाहक हुँ नि ।
म त सारै गलेँ, सास पनि चुँडियो है ।
अब म केहीबेर विश्राम गर्दछु नि ।
तिम्रो पकवान (भात र मासु) पाकिन्जेलसम्म (बिसाउँछु) ।
यहाँ (पूजाथानमा) पखेटा फटफाउँदै उड्ने
चिलदेवता आउन नपाओस् है ।
खुट्टाको चाल मारेर हिँड्ने बिरालोदेव यहाँ आउन नपाओस् है ।
यहाँ वनको बाँदरदेव आउन नपाओस् है ।
हे सत्य र साँच्चो देवता, हे ईश्वर तिमी छौ है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹,ᤔᤣᤴ (᥈᥎᥏)

ᤔᤠᤱᤃᤣᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥇᥍)

ᤛᤛᤡᤰ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣ ᤕᤱᤍᤱ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣᤖᤥ॥
ᤛᤢᤃᤢᤳ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣ ᤑᤠᤱᤒᤢᤳ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣᤖᤥ॥
ᤗᤣ᤺ᤳᤇᤠᤶ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣ ᤑᤢᤱᤛᤠᤶ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣᤖᤥ॥
ᤀᤡᤎᤢᤰ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣ ᤛᤥᤄᤠ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣᤖᤥ॥
ᤛᤡᤲᤈᤥ᤹ᤘᤠ ᤐᤣᤜᤡ ᤋᤢᤶ ᤑᤣᤍᤠᤱᤔᤠᤛᤠᤃ॥
ᤑᤣᤈᤡᤖᤡ ᤑᤣᤍᤠᤱ ᤋᤢᤶ ᤑᤣᤍᤠᤱᤛᤠᤖᤣᤃᤠ॥
ᤐᤣᤗᤡ ᤂᤣ᤺ᤰᤂᤢᤱ ᤐᤠ᤺ᤸᤗᤠ ᤂᤣ᤺ᤰᤂᤢᤱᤗᤥ॥
ᤀᤰᤂᤣ ᤂᤣ᤺ᤰᤂᤢᤱ ᤋᤠ᤹ᤈᤣᤱ ᤂᤣ᤺ᤰᤂᤢᤱᤗᤥ॥
ᤛᤠ᤺ᤱᤃᤢ ᤐᤢ᤹ᤖᤠᤱᤗᤥ ᤛᤰᤔᤠ᤺ ᤐᤢ᤹ᤖᤠᤱᤗᤥ॥
ᤛᤠ᤺ᤱᤃᤢ ᤏᤠ᤹ᤖᤠᤱᤗᤥ ᤛᤰᤔᤠ᤺ ᤏᤠ᤹ᤖᤠᤱᤗᤥ॥

साप्पोःक्-चोॽमेन् (२८९)

माङ्गेन्ना माङ्घो (१७)

ससिक् मेन्दोःक्के यङ्दङ् मेन्दोःक्केरो
सुगुत् मेन्दोःक्के फाङ्बुत् मेन्दोःक्केरो ॥
लेःत्छाम् मेन्दोःक्के फुङ्साम् मेन्दोःक्केरो ॥
इधुक् मेन्दोःक्के सोघा मेन्दोःक्केरो ॥
सिंजोॽवा पेहि तुम् फेदाङ्मासाग ॥
फेजिरि फेदाङ् तुम् फेदाङ्सारेगा ॥
पेलि खेःक्खुङ् पाःल्ला खेःक्खुङ्लो ॥
अक्खे खेःक्खुङ् ताॽजेङ् खेःक्खुङ्लो ॥
साःङ्गु पुॽराङ्लो सक्माः पुॽराङ्लो ॥
साःङ्गु नाॽराङ्लो सक्माः नाॽराङ्लो ॥

कोखपूजा (२८९)

शिर उठाउने पूजा (१७)

मोचजस्तो शिशुका प्रेतात्मा नलागोस् है ।
मसान र डङ्किनी नलागोस् है ।
सुत्केरी सिहैँ भूतप्रेत र सिन्डी
केहीले पनि (उपकारीलाई) दुःख र पिर दिन नसकोस् है ।
डेग कहिले नबिर्सने, चारैतिर डुलिहिँड्ने गौँथलीजस्तो
तिम्रो सन्देशवाहक म,
फेदाङ्माहरूमा वरिष्ठ, म फेजिरी फेदाङ्माले
यहाँ सत्य र साँच्चो बोलीवचनले वाचाबन्धन गरैँ है ।
विधिअनुसारकै प्रचलनले वाचाबन्धन गरैँ नि ।
धेरै थाकेको छु नि ।
अब केहीबेर विश्राम गर्छु, बिसाउँछु है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤧᤴ (᥈᥏᥆)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥇᥎)

ᤀᤠᤴᤍᤧᤱᤃ ᤛᤠ᤺ᤱᤃᤢ ᤛᤰᤔᤠ᤺ᤔᤢ ᤐᤢ᤹ᤖᤠᤱᤗᤥ ॥
ᤀᤠᤴᤍᤧᤱᤃ ᤛᤠ᤺ᤱᤃᤢ ᤛᤰᤔᤠ᤺ᤔᤢ ᤏᤠ᤹ᤖᤠᤱᤗᤥ ॥
ᤐᤧᤗᤡ ᤋᤥ᤺ᤴᤍᤢᤱᤒᤠ ᤐᤠ᤺ᤸᤗᤠ ᤋᤥ᤺ᤴᤍᤢᤱᤒᤠᤱᤃ ॥
ᤀᤰᤂᤧ ᤋᤥ᤺ᤴᤍᤢᤱᤒᤠ᤺ᤴ ᤋᤠ᤹ᤈᤧᤱ ᤋᤥ᤺ᤴᤍᤢᤱᤒᤠᤱᤃ ॥
ᤀᤠᤸᤗ ᤗᤠᤛᤠᤗᤠ ᤋ᤺ᤰᤜᤠᤱᤗᤠ ᤛᤱᤀᤧᤖᤥ ॥
ᤔ᤹ᤘᤠᤛᤠ ᤌᤥ᤺ᤰᤛᤠ ᤀᤥ᤹ᤛᤠᤀᤠᤱ ᤛᤱᤀᤧᤖᤥ ॥
ᤗᤠᤛᤠᤗᤠ ᤋ᤺ᤰᤗᤥ ᤁᤧᤔᤠᤱ ᤋ᤺ᤰ ᤋᤥ᤺ᤴᤍᤢᤱᤗᤥ ॥
ᤋ᤺ᤰᤜᤠᤱᤗᤠ ᤋ᤺ᤰ ᤁᤧᤔᤠᤱ ᤋ᤺ᤰ ᤋᤥ᤺ᤴᤍᤢᤱᤗᤥ ॥
ᤀᤠᤸᤗ ᤛᤠᤶᤍᤠᤱᤘᤠ ᤁᤠᤖᤠ᤺ᤱᤘᤠᤖᤧᤃᤔᤢ
ᤁᤱᤃᤔᤢ ᤀᤥ᤹ᤛᤠ ᤌᤥ᤺ᤰᤛᤠᤀᤠᤱ ᤋᤥ᤺ᤴᤍᤢᤱᤗᤥ ॥

साप्पोःक्-चोॽमे़न् (२९०)

माङ्गे़न्ना माङ्घो (१८)

आन्देङ्ग साःङ्गु सक्माःमु पुॽराङ्लो ॥
आन्देङ्ग साःङ्गु सक्माःमु नाॽराङ्लो ॥
पे़लि तोःन्दुङ्बा पाःल्ला तोःन्दुङ्बाङ्ग ॥
अक्खे़ तोःन्दुङ्बाःन् ताॽजे़ङ् तोःन्दुङ्बाङ्ग ॥
आल्ल लासाला तःक्हाङ्ला सङे़रो ॥
मॽवासा थोःक्सा ओॽसाआङ् सङे़रो ॥
लासाला तःक्लो के़माङ् तःक् तोःन्दुङ्लो ॥
तःक्हाङ्ला तःक् के़माङ् तःक् तोःन्दुङ्लो ॥
आल्ल साम्दाङ्वा काराःङ्वारेगमु ॥
कङ्गमु ओॽसा थोःक्साआङ् तोःन्दुङ्लो ॥

कोखपूजा (२९०)

शिर उठाउने पूजा (१८)

अघि त सास पनि चुँडिन लागेको थियो,
गलेको र थाकेको पनि थिएँ ।
र विश्राम गर्छु है भनेर म त विश्राम गर्न बसेको थिएँ ।
किनभने तिमीलाई चढाएको भोगबलि पकाउनु थियो ।
उपकारीको मानाचामल पकानु थियो नि ।
अब त तिमीलाई चढाउने तात्तातो देवताको पकवान र भात पनि पाके है ।
अब तिमीमा सबै अर्पण गर्दछु नि ।
भोग दिएको मासु पनि पकाएको त पाके है ।
अब तिमीमा सबै अर्पण गर्दछु नि ।
भोग दिएका डाँफेचरी र कन्याङकुरुङको
पन्छीको पकुवा र सेकुवा मासु चढाएँ है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤧᤴ (᥈᥏᥇)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥇᥏)

ᤋᤠᤃᤧᤖᤠ ᤔᤠᤱᤅᤧ ᤏᤡᤱᤘᤠ᤹ᤑᤢ ᤔᤠᤱᤅᤧᤖᤥ ॥
ᤏᤡᤛ᤻ᤛᤣ ᤔᤠᤱ ᤜᤣᤏᤣ᤹, ᤛᤧᤰᤂᤠ ᤔᤠᤱ ᤜᤣᤏᤣ᤹ᤖᤥ ॥
ᤀᤠᤸᤗ ᤁᤴ ᤕᤧᤒᤥ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤧᤸᤗᤧᤃ ॥
ᤀᤠᤸᤗ ᤔᤠᤱᤃᤧᤴᤏᤠᤍᤠᤱᤔᤧᤸᤗᤧᤃ ॥
ᤆᤢᤴᤈᤡ ᤕᤧᤳᤇᤠᤲ᤹ᤖᤥ ᤛᤣᤘᤠᤔᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤀᤰᤂᤧᤍᤡᤱᤃᤔᤢ ᤋᤠ᤹ᤈᤧᤱᤔᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤛᤢᤶᤓᤢᤱᤃᤧᤴ ᤜᤢᤰᤘᤠ ᤁ᤹ᤀᤥ ᤋᤥ᤺ᤴᤍᤢᤱᤒᤠᤖᤥ ॥
ᤐᤀᤡᤰᤁᤧᤴ ᤗᤠᤱᤘᤠ ᤁ᤹ᤀᤥ ᤋᤥ᤺ᤴᤍᤢᤱᤒᤠᤖᤥ ॥
ᤆᤥ᤹ᤔᤧᤴᤍᤠᤱᤔᤠᤃ ᤂᤏᤧ᤹ᤍᤢᤔᤠ (ᤔᤡᤱ ᤐᤠ᤺ᤵᤔᤠ) ᤖᤥ ॥
ᤛᤠᤎᤠᤶ ᤏᤢ᤹ᤖᤖᤥ ᤌᤡ᤺ᤴᤎᤠᤶᤔᤢ ᤏᤢ᤹ᤖᤖᤥ ॥

साप्पोःक्-चोʔमे़न् (२९१)

माङ्गे़न्ना माङ्घो (१९)

तागे़रा माङ्ङे़ निङ्वाʔफु माङ्ङे़रो ॥
निस्से माङ् हेनेʔ से़क्खा माङ् हेनेʔरो ॥
आल्ल कन् ये़बो मैनाम्दाङ्मे़ल्ले़ग ॥
आल्ल माङ्गे़न्नादाङ्मे़ल्ले़ग ॥
चुन्जि ये़त्छांʔरो सेवामु के़त्तुङ्लो ॥
अक्खे़दिङ्गमु ताʔजे़ङ्मु के़त्तुङ्लो ॥
सुम्भुङ्गे़न् हुक्वा कʔओ तोःन्दुङ्बारो ॥
पइक्के़न् लाङ्वा कʔओ तोःन्दुङ्बारो ॥
चोʔमे़न्दाङ्माग खने़ʔदुमा (मिङ् पाःप्मा) रो ॥
साधाम् नुʔररो थिःन्धाम्मु नुʔररो ॥

कोखपूजा (२९१)

शिर उठाउने पूजा (१९)

हे सर्वज्ञ, सर्वव्यापी ईश्वर !
एक मात्र सत्य र साँच्चो देवता, हे ईश्वर !
अब यो त उपकारी येबो-मैनामको धनी,
शिर उठाउने पूजाको धनी, उपकारी (नाम भन्नू) को तर्फबाट
विनम्र प्रार्थना चढाइसकैं नि ।
उसका तर्फबाट अकिञ्चन सेवा-पुकार चढाइसकैं नि ।
उसका तर्फबाट करकोसेली र भेटीहरू,
करजोडी चढाइसकैं है ।
पाउजोडी उभिएर चढाइसकैं है ।
यो उपकारी फलानी (नाम भन्नू) येबो-मैनामको धनीलाई त . . .
सुरक्षित र सहज प्रसव दिनू है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤣᤴ (᥈᥏᥈)
ᤔᤠᤱᤃᤣᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥈᥆)

ᤀᤠᤳᤗ ᤁᤴ ᤕᤣᤒᤥ ᤔᤡᤏᤠᤶᤍᤠᤱᤔᤣᤴ ॥
ᤗᤠᤶᤓᤥ᤹ᤛᤠᤱᤃᤖ ᤕᤅᤠ᤺ᤵ ᤔᤣᤴᤗ᤹ᤀᤣᤖᤥ ॥
ᤗᤠᤶᤌᤢᤱᤌᤥᤃᤖ ᤀᤣ᤹ᤏᤠ᤺ᤶ ᤔᤣᤴᤗ᤹ᤀᤣ ᤖᤥ ॥
ᤗᤠᤱᤄᤣ᤺ᤰᤁᤡᤳᤗᤣ ᤗᤠᤱᤃᤠ᤺ᤱ ᤏᤢ᤹ᤖᤖᤥ ॥
ᤀᤣ - ᤐᤠ᤺ᤶᤒᤠ᤺ᤳᤋᤡᤳᤗᤣ ᤐᤠ᤺ᤴᤏᤠᤱ ᤏᤢ᤹ᤖᤖᤥ ॥
ᤘᤠᤃᤠ᤺ᤰᤁᤡᤳᤗᤣ ᤘᤠᤃᤠ᤺ᤰ ᤏᤢ᤹ᤖᤖᤥ ॥
ᤕᤠ᤺ᤰᤆᤡᤖᤡᤔᤠᤃ ᤕᤠ᤺ᤰᤁᤠᤱ ᤔᤣᤱᤃᤣᤱᤅᤣ ॥
ᤛᤡᤱᤆᤡᤖᤡᤔᤠᤃ ᤔᤰᤁᤠᤱ ᤔᤣᤴᤌᤠᤕᤣᤖᤥ ॥
ᤌᤠ᤺ᤱ ᤋᤡᤍᤡᤱ ᤋᤡᤍᤡᤱ ᤌᤠ᤺ᤱ ᤌᤠ᤺ᤱᤔᤢ ᤁᤳᤋᤣ᤹ᤀᤥ ॥
ᤌᤠ᤺ᤱ ᤕᤣᤵᤐᤡᤳ ᤕᤣᤵᤐᤡᤳ ᤌᤠ᤺ᤱ ᤌᤠ᤺ᤱᤔᤢ ᤁᤳᤋᤣ᤹ᤀᤥ ॥

साप्पोःक्-चोॽमेन् (२९२)
माङ्ग़ेन्ना माङ्घो (२०)

आल्ल कन् ये़बो मैनाम्दाङ्मे़न् ॥
लाम्भोॽसाङ्गर यङाःप् मे़न्लॽएरो ॥
लाम्धुङ्धोगर एॽनाःम् मे़न्लॽए रो ॥
लाङ्घेःक्किल्ले लाङ्गाःङ् नुॽररो ॥
ए - पाःम्बाःत्तिल्ले पाःन्नाङ् नुॽररो ॥
वागाःक्किल्ले वागाःक् नुॽररो ॥
याःक्चिरिमाग याःक्काङ् मे़ङ्गे़ङ्ङे़॥
सिङ्चिरिमाग मक्काङ् मे़न्धाये़रो ॥
थाःङ् तिदिङ् तिदिङ् थाःङ् थाःङ्मु कत्ते़ॽओ ॥
थाःङ् ये़प्पित् ये़प्पित् थाःङ् थाःङ्मु कत्ते़ॽओ ॥

कोखपूजा (२९२)
शिर उठाउने पूजा (२०)

यो उपकारी येबोमैनामको धनी त
बाटोमुनि हिँड्दा खुट्टा नचिप्लियोस्,
उकालोमा हिँड्दा जिउ नठोकियोस् है ।
हिँड्दा खुट्टाको चाल मिलोस् है ।
यिनले बोल्दा बोलीवचन मिठो होस्,
खोलानालाका जङ्घार तर्न सकोस्,
हिँड्दा भीरबाट नलडोस् है ।
रुख चढ्दा त चिप्लिएर नखसोस् है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤨ᤺ᤰ ᤆᤨ᤹ᤔᤧᤴ (᥈᥏᥉)
ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤨ (᥈᥇)

ᤛᤛᤡᤰ ᤕᤱᤍᤱᤔᤢ ᤀᤠᤸᤗ ᤔᤧᤴᤍᤨ᤺ᤰᤁᤧᤖᤨ ॥
ᤛᤢᤃᤢᤳ ᤑᤠᤱᤒᤢᤳᤋᤠᤱ ᤏᤡᤛᤛᤧ ᤔᤧᤴᤍᤨ᤺ᤰᤁᤧᤔᤢᤖᤨ ॥
ᤗᤧ᤺ᤳᤇᤠᤶ ᤑᤢᤱᤛᤠᤶᤔᤢ ᤛᤧᤰᤂᤠ ᤔᤧᤴᤍᤨ᤺ᤰᤁᤧᤔᤢᤖᤨ ॥
ᤀᤡᤎᤢᤰᤁᤧᤴ ᤛᤨᤄᤠ ᤁᤵᤔᤢ ᤔᤧᤴᤍᤨ᤺ᤰᤁᤧᤔᤢᤖᤨ ॥
ᤋᤡᤱᤍᤡᤱ ᤏᤠᤜᤧᤴᤏᤠᤱ ᤀᤠᤸᤗ ᤔᤧᤴᤍᤨ᤺ᤰᤁᤧᤖᤨ ॥
ᤛᤠᤎᤠᤶ ᤏᤢ᤹ᤖᤖᤨ ᤌᤡ᤺ᤴᤎᤠᤶᤔᤢ ᤏᤢ᤹ᤖᤖᤨ ॥
ᤌᤠᤰᤆᤢᤶ ᤌᤠᤰᤐᤧᤔᤢ ᤀᤠᤸᤗ ᤔᤧᤶᤒᤧᤴᤏᤧᤖᤨ ॥
ᤂᤡᤈᤢᤶ ᤂᤡᤒᤧᤔᤢ ᤀᤠᤸᤗ ᤔᤧᤶᤒᤧᤴᤏᤧᤖᤨ ॥
ᤌᤠᤰᤆᤢᤶ ᤌᤠᤰᤐᤧᤔᤢ ᤛᤴᤇᤧ ᤐᤡᤖᤧ᤹ᤀᤨ
ᤂᤡᤈᤢᤶ ᤂᤡᤒᤧᤔᤢ ᤛᤴᤇᤧ ᤐᤡᤖᤧ᤹ᤀᤨ ॥

साप्पोःक्-चो?मेन् (२९३)
माङ्गेन्ना माङ्घो (२१)

ससिक् यङ्दङ्मु आल्ल मेन्दोःक्केरो ॥
सुगुत् फाङ्बुत्ताङ निस्से मेन्दोःक्केमुरो ॥
लेःत्छाम् फुङ्साम्मु सेक्खा मेन्दोःक्केमुरो ॥
इधुक्केन् सोघा कप्मु मेन्दोःक्केमुरो ॥
तिङ्दिङ् नाहेन्नाङ् आल्ल मेन्दोःक्केरो ॥
साधाम् नु?ररो थिःन्धाम्मु नु?ररो ॥
थाक्चुम् थाक्पेमु आल्ल मेम्बेन्नेरो ॥
खिजुम् खिबेमु आल्ल मेम्बेन्नेरो ॥
थाक्चुम् थाक्पेमु सन्छे पिरे?ओ ॥
खिजुम् खिबेमु संछे पिरे?ओ ॥

कोखपूजा (२९३)
शिर उठाउने पूजा (२१)

जन्मदै मरिहाल्ने र अल्पायुमै मर्ने
दुधेशिशुको प्रेत मोचले देःख नदियोस् है ।
सुत्केरी सिहैं र सिन्डीहरूले दुःख नदेओस् है ।
भूतप्रेतले र जागित्रा अनि मसानहरूले नपिरोस् है ॥
कसैको ईर्ष्या र आँखीडाही नलागोस् है ।
सुरक्षित र सहज प्रसव दिनु है ।
यिनको त जीवन-तान नढलोस्,
फिँजाएका तानका धागाहरू नखुस्किउन्, नचुँडिउन् है ।
यिनको त जीवन-तान बलियो तन्काइदिनू है ।
तानको धागाहरू राम्री केलाई मिलाइदिनू है ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥ᤺ᤰ ᤆᤥ᤹ᤔᤧᤴ (᥈᥏᥊)
ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥈᥈)

ᤗᤠᤛᤠᤗᤠ ᤋ᤺ᤰᤜᤠᤱ ᤜᤢᤰᤛᤥᤔᤢ ᤆᤢᤵᤏᤧᤖᤥ ॥
ᤔ᤹ᤘᤠ ᤛᤠ ᤜᤠᤱᤗᤠ ᤋᤠᤱᤛᤥᤔᤢ ᤆᤢᤵᤏᤧᤖᤥ ॥
ᤁᤧᤜᤠᤈᤡ ᤆᤠᤈᤡ ᤗᤠᤛᤠᤋ᤺ᤰ ᤌᤠᤱᤅᤡᤸᤗᤧᤰ ॥
ᤜᤢᤰᤛᤥ ᤆᤢᤵᤛᤡᤅᤧ᤹ ᤋᤠᤱᤛᤥ ᤆᤢᤵᤛᤡᤅᤧ᤹ᤀᤥ ॥
ᤀᤰᤂᤧ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ᤋᤠ᤹ᤈᤧᤱᤔᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤋᤢᤶᤍᤢᤶ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ᤜᤧᤏᤠ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤆᤢᤴᤈᤡ ᤕᤧᤳᤇᤠ᤹ᤖᤥ ᤛᤧᤘᤠᤔᤢ ᤁᤧᤳᤋᤢᤱᤗᤥ ॥
ᤜᤢᤰᤛᤥ ᤆᤢᤵᤛᤡᤅᤧ᤹ ᤋᤠᤱᤛᤥ ᤆᤢᤵᤛᤡᤅᤧ᤹ᤀᤥ ॥
ᤏᤡ᤻ᤛᤧ ᤏᤡ᤻ᤛᤧ ᤔᤠᤱ ᤛᤧᤰᤂᤠ ᤔᤠᤱ ᤀᤧᤅᤧ ॥
ᤏᤡ᤻ᤛᤧ ᤏᤡ᤻ᤛᤧ ᤔᤠᤱ ᤛᤧᤰᤂᤠ ᤔᤠᤱ ᤆᤧᤍᤥ᤹ᤖᤥ ॥

साप्पोःक्-चो?मेन् (२९४)
माङ्गे़न्ना माङ्घो (२२)

लासाला तःक्हाङ् हुक्सोमु चुप्ने़रो ॥
म?वा सा हाङ्ला ताङ्सोमु चुप्ने़रो ॥
के़हाजि चाजि लासातःक् थाङ्ङिल्ले़ग ॥
हुक्सो चुप्सिङे़? ताङ्सो चुप्सिङे़?ओ ॥
अक्खे़ के़त्तुङ्लो ता?जे़ङ्मु के़त्तुङ्लो ॥
तुम्दुम् के़त्तुङ्लो हे़ना के़त्तुङ्लो ॥
चुन्जि ये़त्छा?रो सेवामु के़त्तुङ्लो ॥
हुक्सो चुप्सिङे़?ओ ताङ्सो चुप्सिङे़?ओ ॥
ए - निस्से माङ्ङे़ से़क्खा माङ्ङे़ ॥
निस्से, निस्से माङ्, से़क्खा माङ् चे़दो?रो ॥

कोखपूजा (२९४)
शिर उठाउने पूजा (२२)

तिम्रा लागि चढाएका भात र मासु
पक्कु र सेकुवाहरू तिम्रा हातमा नै चढाएँ नि ।
ताता ताता भात, पक्कु र सेकुवा
तिमीलाई चढाइएका बखत, तिमीले
प्रसन्न भई खुसीले थापिदिनु है ।
अब मैले त सेवापुकार, अभ्यर्थना सबै पूरा गरेँ नि ।
मेरा यी अकिञ्चन र विनम्र सेवापुकार
दुवै हातले थापी ग्रहण गरिदिनू है ।
तिमी त सत्य र साँच्चो देवता हौ ।
एक मात्र सत्य ईश्वर तिमी नै हौ, जदौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ᤛᤠᤵᤐᤥᤰ-ᤆᤥ᤻ᤔᤧᤴ (᥈᥏᥋)

ᤔᤠᤱᤃᤧᤴᤏᤠ ᤔᤠᤱᤄᤥ (᥈᥉)

ᤀᤠᤸᤗ ᤁᤧᤛᤠᤶᤔᤠᤱ ᤋᤠ᤺ᤰ ᤁᤧᤜᤠᤈᤡᤆᤠᤈᤡ ॥
ᤀᤠᤰᤂᤥ ᤔᤧᤴᤇᤠᤶ ᤕᤠᤵᤔᤡᤛᤠᤜᤠ᤻ᤖᤧᤃ ॥
ᤕᤧᤒᤠᤍᤠᤱᤔᤠ᤻ᤖᤧ ᤔᤤᤏᤠᤶᤍᤠᤱᤔᤠ᤻ᤖᤧ ॥
ᤔᤧᤈ ᤔᤧᤄᤢᤱᤛᤠᤱ ᤔᤧᤛᤥ᤻ᤀᤡᤸᤗ᤻ᤖᤥ, ᤆᤧᤍᤥ ॥
ᤀᤠᤸ ᤀᤧ᤺ᤰᤁᤢ ᤀᤰᤂᤢᤱ ᤛᤠ᤺ᤱᤒᤧᤔᤢ ᤀᤰᤂᤢᤱᤗᤥ ॥
ᤋᤧᤳᤗᤠ ᤀᤰᤂᤢᤱᤗᤥ ᤀᤠᤸ ᤗᤠᤈᤶ ᤀᤰᤂᤢᤱᤗᤥ ॥
ᤑᤧᤴᤇᤠᤱ ᤗᤠᤱᤍᤧᤶ ᤋᤠ᤻ᤈᤧᤱ ᤛᤧᤘᤠ ᤀᤰᤂᤢᤱᤗᤥ ॥
ᤆᤢᤵᤛᤠᤱ ᤜᤢᤰᤑᤠᤰ ᤋᤠ᤻ᤈᤧᤱ ᤛᤧᤘᤠ ᤀᤰᤂᤢᤱᤗᤥ ॥
ᤏᤡᤛᤛᤧ ᤛᤧᤰᤂᤠ ᤔᤠᤱ, ᤁᤧᤔᤠᤱ ᤏᤡᤛᤛᤧ ᤆᤧᤍᤥ᤻ ॥
ᤋᤠᤃᤧᤖᤠ ᤔᤠᤱᤅᤧ ᤏᤡᤱᤘᤠ᤻ᤑᤢ ᤔᤠᤱ ᤆᤧᤍᤥ᤻ᤖᤥ ॥

साप्पोःक्-चोʔमे़न् (२९५)

माङ्गे़न्ना माङ्घो (२३)

आल्ल क़ेसाम्माङ् तःक् क़ेहाजिचाजि ॥
आक्खो मे़न्छाम् याप्मिसाहाʔरे़ग ॥
ये़बादाङ्माʔरे़ मैनाम्दाङ्माʔरे़ ॥
मे़ज मे़घुङ्साङ् मे़सोʔइल्लʔरो, चे़दो ॥
आल् एःक्कु अक्खुङ् साःङ्बेमु अक्खुङ्लो ॥
तेत्ला अक्खुङ्लो आल् लाजम् अक्खुङ्लो॥
फ़ेन्छाङ् लाङ्दे़म् ताʔज़ेङ् सेवा अक्खुङ्लो ॥
चुप्साङ् हुक्फाक् ताʔज़ेङ् सेवा अक्खुङ्लो ॥
निस्से से़क्खा माङ्, क़ेमाङ् निस्से चे़दोʔ ॥
तागे़रा माङ्ङे़ निङ्वाʔफु माङ् चे़दोʔरो ॥

कोखपूजा (२९५)

शिर उठाउने पूजा (२३)

अब हे देवता, तिमीलाई चढाएको सबै पकवानहरू
भरे, उपकारी येबो-मैनामको धनी र
मनुष्य जाति(लालाबाला)ले प्रसाद भनेर
खाएमा, पिएमा कुनै बित्तल नपरोस् है ।
अब थानमान उठाउँदा पनि कुनै बित्तल नपरोस् है ।
टाँडमाथिको थानमान उठाउँछु ।
अब थानमान बनाएका केराका पात सबै विसर्जन गर्छु है ।
करजोडी, पाउजोडी चढाएको मेरा सबै बोलबिन्ती, सेवाप्रार्थना पूरा गरेँ है ।
हे ज्ञानको खानी सर्वज्ञ ईश्वर, तागेरा निङ्वाफुमाङ् !
हे एक मात्र सत्ते र साँच्चो ईश्वर छौ, जदौ ।

०००

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिशिष्ट (क) : पूजा विधि र सर्जामहरू

१. साप्पोःक्-चो?मेन् (कोखपूजा)मा कुदापको पूजा गर्दा चाहिने पूजाविधि र सरजामहरू

(क) सिरिङ्माको पूजाविधि र सरजामहरू

१. सफा गरेको भुइँमा ढिस्को उठाई सम्याएर सोमाथि वारपार केराको पात घोप्टो ओछ्याउने । यसरी ओछ्याइने केराको पातलई लाघोक भनिन्छ ।
२. लाघोकमाथि दुई जोर चितैचित पारेर केराको पात (लाघोकलाई क्रस गरेर) राख्ने । यसरी राखिएको पात थान हो जसलाई लासो भनिन्छ ।
३. लासोको दाहिनेतिर १ पेहेङ र देब्रेतिर १ पेहेङ लाघोकमाथि राख्ने । पेहेङ भनेको मुख छड्के काटेको बाँसको तोङ्बा हो । ठुलो देवतालाई नचढाएर स्तरमा अलि तल्लो स्तरको देवीदेवतालाई पेहेङ दिइन्छ । यसको ढकनी हुँदैन तर केराको पात बेरेर बुजोझैं लामो नै लगाउनुपर्दछ, जसलाई लाजम भनिन्छ ।
४. माथि क (२) मा उल्लिखित लासेमाथि डिम्मा १ राख्नू ।
५. सफा गरेर खालि भुइँमाथि लाघोक ओछ्याई १ जोर लासो चित राखेर सोमाथि मैनाम राख्नू । मैनाम भनेको उपकारी (कर्ता)को प्रतीक चिह्न हो । यो राखेपछि उपकारी पूजामा उपस्थित भइरहनु पर्दैन ।
६. सफा च्याप्टो ढुङ्गामाथि बलेको कोइला राखेर (काँचो वा सुकेको) तीतेपातीको धूप पोल्नू ।
७. लाघोक ओछ्याई सोमाथि यौटा बटुकोमा चोखो पानी (वदुम् पक्‌वा) राख्नू ।
८. माथि क (७) बटुकोमा राखेको चोखो पानी (वदुम् पक्‌वा) पूजा गर्दै जाँदा थान वरिपरि छर्कनका लागि केराको पात बेरेर डल्लो बिटो बनाउनू, जसलाई लाइक इक्सो भनिन्छ ।
९. कुखुरा (भाले र पोथी) जे भए पनि १ जोर भोगबलिका लागि चाहिन्छ ।

(ख) वागङ्मा (वाजमा)को पूजाविधि र सरजामहरू

१. सिरिङ्माकैझैं गर्ने ।
२. सिरिङ्माकैझैं गर्ने ।
३. सिरिङ्माकैझैं गर्ने ।
४. सिरिङ्माकैझैं गर्ने ।
५. सिरिङ्माकैझैं गर्ने ।
६. सिरिङ्माकैझैं गर्ने ।
७. सिरिङ्माकैझैं गर्ने ।
८. सिरिङ्माकैझैं गर्ने ।
९. सिरिङ्माकैझैं गर्ने ।
१०. थानमा यौटा लाम्चो ढुङ्गा गाडेर काँचो धागोले बेरेर वागङ्मा (वाजपा) को स्थापना गर्ने ।
११. बाँसको सित्राको अथवा तितेपातीको बोट काटेर १ जोर लिङ्गो गाड्ने । भरे भोगबलि दिइएका कुखुराका आन्द्राहरू धागाझैं त्यसमा टाँग्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ग) तक्सङ्बाको पूजाविधि र सरजामहरू

१. सिरिङ्माकैभैँ गर्ने ।
२. सिरिङ्माकैभैँ गर्ने ।
३. लासोको दाहिने र देब्रेतिर १।१ तोङ्बा लाघोक ओछ्याई, सोमाथि राख्ने । मुखको बिट गोल मिलाई मठारेको बाँसको ढुङ्ग्रो जुन बिर्कोको सट्टामा पातले छोपेको हुन्छ, तोङ्बा भनिन्छ । तोङ्बाको पिप्सिङ (पिपा) चाहिँ लाजप् (तोङ्बालाई छोपेको केराको पात) लाई छेडेर राखिएको हुन्छ ।
४. सिरिङ्माकैभैँ गर्ने ।
५. सिरिङ्माकैभैँ गर्ने ।
६. सिरिङ्माकैभैँ गर्ने ।
७. सिरिङ्माकैभैँ गर्ने ।
८. सिरिङ्माकैभैँ गर्ने ।
९. कुखुराको बास्ने भाले १ चाहिन्छ ।

(घ) तेन्छामा र खन्जमाको पूजाविधि र सरजाम

१. सिरिङ्माको १ देखि ४ सम्मको सर्जामहरू तेन्छामा र खन्जमाका लागि अलग अलग नै चाहिन्छन् र राख्नुपर्छ ।
२. सिरिङ्माको ५ देखि ८ सम्मको सर्जामहरू तेन्छामा र खन्जमाका लागि अलग अलग नराखे पनि हुन्छ ।
३. कुखुरा १।१ जोर अलग अलग चाहिन्छ ।
४. तेन्छामाको थान दाहिनेपट्टि र खन्जमाको थान देब्रेपट्टि थापना गरिन्छ । यसो भनेको पुजारीको देब्रेतिर सामुन्नेमा तेन्छामाको थान र दाहिनेतिर सामुन्नेमा खन्जमाको थान हुन्छ ।

२. साप्पोःक्-चोʔमेन् गर्दा युमाको पूजाविधि र सर्जामहरू

(क) साङ्बे बनाउने अर्थात् टाँड बनाएर त्यसमाथि थानमान थापना गर्ने । यस्तो थानालाई एक्कु साङ्बे भनिन्छ । घाँचाहरू गाडेर दुई फिटसम्म अग्लो टाँड बनाएर अलग अलग तीनओटा कोठा बनाइन्छ । यसरी बारेर बनाइएको अलग अलग कोठामा पहिलो कोठमा युमासाम्माङको थान, दोस्रो कोठामा हिम्साम्माङको थान र तेस्रो कोठामा थेबा साम्माङको थान थापना गरिन्छ । यसरी टाँड बनाउँदा बाँसको मसिना भाटाहरू खिपेर छापिन्छ । यस्तो टाँडलाई स्याउलाले छापेको हुन्छ । यसरी बनाएको टाँडमा. केराको पात घोप्टो पारी (लाघोक) राखिन्छ ।

(ख) लाघोक माथि १।२।३।४। जोर पात क्रमैले चितैचित पारेर जोर जोर ४ जोर केराको पातको लासो लाघोकलाई क्रस गरेर राखिन्छ । तर १ जोर भने पोट (५) पारेर राखीकन ६। ७। ८ औँ जोरहरू भने चितैचित राखिन्छन् । फेदाङ्माको दाहिनेतर्फ रहेको ६। ७। ८ औँ जोरहरू लासो चाहिँ काशीहाङ्माको थान हो । फेदाङ्माको देब्रेतर्फको १।२।३।४ औँ जोर लासो चाहिँ मुख्य देवी युमा साम्माङको हो । (तर काँकरभिटा, झापा बस्ने असलबहादुर केरूङ फेदाङ्माका अनुसार त युमा साम्माङको पूजा गर्दा चितैचित लासो राख्नुपर्दछ) । लासोमा ६। ७। ८ औँ तीन जोरहरूको थान भने काशीहाङ्माका रूपमा युमा साम्माङको को अवतार चरित्रका लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हो । भोगबलिको मुख्य भाग युमासाम्माङलाई नै दिइन्छ । काशीहाङ्मालाई भने प्रतीकात्मक रूपमा मात्र दिइन्छ ।

(ग) छुट्टाछुट्टै लाघोकमाथि दुई ओटा पूरा (सग्लो) तोङ्बा (पिप्सिङसहितको) लासोका दुई छेउमा राख्नुपर्छ । तोङ्बा (पिप्सिङसहितको) लाजप (बिर्कोको सट्टा केराको पातले)ले छोपेको हुनुपर्छ ।

(घ) तोङ्बामा (मर्चा र कोदोको दानाहरू) हालेको हुनुपर्छ । पूजा गर्दा सबै तोङ्बा पेहेङ्मा यस्तै जाँड हाल्नुपर्छ । पकाएको जाँड चल्दैन ।

(ङ) लाघोकमाथि १ जोर लासो राखेर मैनाम राखिन्छ ।

(च) लाघोकमाथि १ जोर लासो राखेर बटुकामा थानमा छर्कने (अभिसिञ्चन गर्ने) चोखो पानी राख्ने र केराको पात बेरेको मुठो (स्याउली) राख्नू, जसलाई लाइक इक्सो भनिन्छ ।

(छ) सुँगुरको बलि १ दिनू । नसकेमा माछा जिउँदै वा माछाको सिकुटी दिनू । यसको गाभ वा जोडीका रूपमा १ कुखुरा पनि दिनू ।

(ज) सुँगुरको बलि दिएमा डल्लै सुँगुर मुख्य देवी युमालाई र काशीहाङ्मालाई कुखुराको बलि दिनू र सुँगुरको सिल पारेर काटिएको मासुको केही भोग चढाउनू ।

३. साप्पोःक्-चो꞉मेन् गर्दा हिम्साम्माङको पूजाविधि र सरजामहरू

(क) माथि युमाको साङ्बे बनाएकैमा दोस्रो कोठामा हिम्साम्माङको थान बनाइन्छ । बनाउने विधिविधान युमाको थान बनाउने पद्धति (२ क) झैं हुन्छ ।

(ख) लाघोकमाथि फेदाङमाको देब्रेपट्टि १।२।३।४।५।६ गरेर चितैचित पारेर १।१ जोर केराको पातको लासो राखेर पोटैपोट (घोप्टो पारेर) पातको १ जोर लासो सातौं जोरका रूपमा राखिन्छ । त्यसपछि आठौं जोरका रूपमा चितैचित पारेर १ जोर पातको लासो राखिन्छ । (साँपदेव वा नागदेवका लागि) पोट राखेको सातौं जोर १ मा भोग दिंदा बलिको रगत वा त्यसको छिटा कुनै प्रकारले पनि नपरोस् भनेर हो । रगत परेमा अनिष्ट हुन्छ भन्ने किंवदन्ती छ ।

(ग) माथि युमामा गरेकोझैं गर्ने ।

(घ) माथि युमामा गरेकोझैं गर्ने ।

(ङ) माथि युमामा गरेकोझैं गर्ने ।

(च) माथि युमामा गरेकोझैं गर्ने ।

(छ) सुँगुर १ बलि दिनुपर्छ । सुँगुरको बलि दिन नसकेमा कुखुराको भाले (विशेषतः दुम्से भाले राम्रो) १ दिनू । सुँगुर दिए त्यसको गाभ वा जोडीका रूपमा कुखुरा (भाले) दिने । कुखुराको भाले दिएमा त्यसको गाभ वा जोडीका रूपमा डिम्मा १ दिने गरिन्छ ।

४. साप्पोक चोमेन गर्दा थेबा साम्माङको पूजाविधि र सरजामहरू

(क) टाँड बनाएर साङ्बे बनाएकोमा कोठाहरूमा पहिलोमा युमासाम्माङको थान, दोस्रोमा हिम्साम्माङको थान र अन्त्यमा तेस्रो कोठमा थेबा साम्माङको थान थापना गरिन्छ । बनाउने विधि र विधान युमा साम्माङको थान बनाउँदाको पद्धति (२ क) अनुसार गर्ने ।

(ख) फेदाङमाको देब्रेपट्टिबाट लाघोक माथि लासो राख्दै जाँदा १।२।३।४।५।६।७।८ जोर केराको पात पोट पोरेर लासो राख्ने । तत्पश्चात्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सोमाथि १।२।३।४।५।६।७।८ गर्दै चितैचित ८ जोर केराको पातको लासो राख्ने । यसरी जम्मा १६ जोर केराको पातको लासो राखिन्छ ।

(ग) युमासाम्माङको थान बनाउदाको विधिविधानभैँ गर्ने ।
(घ) युमासाम्माङको थान बनाउदाको विधिविधानभैँ गर्ने ।
(ङ) युमासाम्माङको थान बनाउदाको विधिविधानभैँ गर्ने ।
(च) युमासाम्माङको थान बनाउदाको विधिविधानभैँ गर्ने ।
(छ) कुखुराको भाले १ । सकेमा भोगबलिका सुँगुर १ दिने । भाले दिएमा त्यसको गाभ वा जोडीका रूपमा डिम्मा दिनू । सुँगुर नै दिएमा त्यसको गाभ वा जोडीका रूपमा भाले १ दिनू ।

५. साप्पोक चोमेन गर्दा आप्चारा पक्चानाको पूजाविधि र सर्जामहरू

(क) फुङेक् १ चाहिन्छ । यो लौकाबाट बनेको चिन्डो हो ।
(ख) राम्ररी खिपेको बाँसका भाटाहरूका दाबिलाहरू ४ ओटा चाहिन्छन् । ती प्रत्येक भाटा वा दाबिलालाई अङ्गारले छड्के छड्के पारेर धर्साहरू कोरेर बुट्टाजस्तै पार्नुपर्छ ।
(ग) एकपट्टिको टुप्पामा (प्रत्येक भाटाको) घाँटीभैँ काटेको ठाउँ हुन्छ, जहाँ काँचो धागोले बेरेर ती प्रत्येक भाटालाई उनेर फुङेक् अर्थात् लौकाको चिन्डोको घाँटीनेर प्वालपारी भुन्ड्याउनुपर्छ ।
(घ) यौटा दरो तर सानो लौरो फुङेक् अर्थात् लौकाको चिन्डोको फुटेको प्वालमा छिराईकन त्यो फुङेक्, जसमा धागोले भाटाको दाबिलाहरूलाई भुन्ड्याएको हुन्छ, लौराले (उचाली) बोकेर फेदाङ्माले घरबाट फलाक्दै दोबाटोतिर लानुपर्छ ।
(ङ) यौटा बलियो घाँचो चाहिन्छ, जसमा दोबाटोमा गाडेर फलाकिसकेपछि फेदाङ्माले चिन्डो र दाबिलाहरू त्यसमा भुन्ड्याउँछन् ।
(च) भोगबलिका लागि कुखुरा दिए पनि हुन्छ, नदिए पनि हुन्छ । फेदाङ्मा अनुसार हुन्छ ।

६. साप्पोक चोमेन गर्दा वागङ्माको पूजाविधि र सर्जामहरू

(क) परेवा १ जोर ।
(ख) खोलामा वा ठुलोखोला भएमा, एक छेउ सानो भङ्गालोमा ल्याएर साँघु बनाउनु पर्छ ।
(ग) काँचो धागो चाहिन्छ । साँघुको वारिपट्टिको खाँबोमा धागो बाँधेर साँघुमुनिबाट खोलामा बगिरहने गरी छोड्नु ।
(घ) साँघुमाथि लाघोक ओछ्याउनू र सोमाथि केराको पात २ जोर चितैचित पारेर लासो राख्नू ।
(ङ) पेहेङ १ जोर ।
(च) डिम्मा १ ।
(छ) तीतेपाती (धूपका लागि) ।
(ज) केराको पात मुठा पारेको लाइक इक्सो चाहिन्छ तर चोक्खो पानी बटुकामा राख्नु पर्दैन । खोलामा लाइक इक्सो चोप्दै पानी थानमा छर्कँदा हुन्छ । परेवाको भोग दिएको किनभने भोग दिएको परेवाले अलपत्र परेको वा हराएको उपकारी स्त्रीको सातो र हंस बोकेर घर पुऱ्याइदिन्छ भन्ने विश्वास गरिन्छ । वागङ्मालाई भोग दिएको परेवाको मासु स्त्रीजातिले वा निम्सरो (कमजोर) व्यक्तिहरूले खानु हुँदैन भन्ने किंवदन्ती छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७. **साप्पोक चोमेन गर्दा माङ्गेन्नाको पूजाविधि र सर्जामहरू**

(क) घरभित्र भुइँ सफा गरी लिपेर सोमाथि लाघोक ओछ्याउनु र त्यसमाथि ४ जोर चितैचित केराको पातको लासो राख्नुपर्छ ।

(ख) लासोको दुवैतर्फ लाघोक राख्दै सोमाथि पिप्सिङसहितको जाँड भनेको कोदोको दानाहरू र मर्चा मिसाएको १।१ तोङ्बा राख्नू । मानिसले खानका लागि पकाएको जाँडभने देवीदेवतालाई चल्दैन ।

(ग) थानको बिचमा सिरानतर्फ यौटा लिङ्गो र सोमाथि उपकारी स्त्रीको पोते झुन्ड्याउनू । सो पोतेमा फेदाङ्माले कुनै चिनो वा रङले टीका लगाई राख्नू । भेटेका सातोले लगाएको टीका त्या पोतेको चिनोसँग मिलेमा उपकारीको सातो सम्झनुपर्दछ भन्ने विश्वास गरिन्छ ।

(घ) काँसको थाल १, लोहोटा १, फूलहरू, दियो १ र थालमा चामल माना १ राखेर फूल हाली लोहोटा अर्थात् कलश राख्नु, र दियो जलाईकन थालमाथि राख्नू र लाघोक ओछ्याई १ जोर केराको पात चित (लासो) राखेर सो लासोमाथि थाल राखिन्छ ।

(ङ) लाघोकमाथि १ जोर चित लासो राखेर त्यसमाथि मैनाम राख्ने ।

(च) धूप जलाउनका लागि च्याप्टो ढुङ्गामा बलेको कोइला राख्ने । सो च्याप्टो ढुङ्गामाथि १ जोर लासो राख्ने ।

(छ) लाधोकमाथि १ जोर चित लासो राखेर डबकामा वादुम् पक्‌वा (सिङ्दुम् पक्‌वा र लुङ्दुम् पक्‌वा मिसिएर बनेको सृष्टिको आदिम र पवित्र जल हो । वादुम् भनेको पानी मिसिनु अर्थात् दोभान पनि हो) । घरभित्र पूजा गर्दा अभिषेक गर्नलाई डबकामा राखेको जललाई वदुम् पक्‌वा भनिन्छ तर त्यही जल वा पानीलाई घरबाहिर पूजा गर्दाका बेला चोखो जल त भनिन्छ तर वादुम् पक्‌वा भनिँदैन ।

(ज) वादुम् पक्‌वा छर्कने केराको पातको मुठो पारेर बेरेकोलाई लाइक् इक्सो भनिन्छ ।

(झ) कुखुराको भाले १ चाहिन्छ । कतिपय फेदाङ्माले भोगबलि नदिईकन फूलफलेदोले मात्र पनि माङ्गेना पूजा सम्पन्न गर्दछन् ।

◆ ◆ ◆

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिशिष्ट (ख) : शब्द, शब्दार्थ र टिप्पणी

१. आप्चारा पक्चाना

आदिमकालमा लोग्नेमान्छेले पनि पिँडौलामा गर्भधारण गर्दथे भन्ने लिम्बू मौखिकपरम्परागत साहित्यमा उल्लेख पाइन्छ । पक्चाना नामक दोबाटे सिकारीले पनि पिँडौलामा गर्भ बोकेको र दोबाटो रुङेर बसिरहेको देख्दा अरू मान्छेले दयामाले उसलाई खानेकराहरू दिन्थे र उसले खानेकुरा पकाउँदा भकिअमिलोको काठको दाबिलोले चलाइरहन्थ्यो । मृत्यपश्चात् दोबाटोमा नै आफ्नो बासस्थल बनाई गर्भिणी स्त्रीहरूले दिएको खानेकुरा ग्रहण गरी तिनको गर्भको रक्षा गरिदिन्थ्यो भन्ने लोककथान पाइन्छ ।

२. आप्ताङ्वा

पाँचथर जिल्लाको नाम्भुन यक तथा इधुङ्यककै उत्तर पश्चिमतर्फ फेदीमा यो आप्ताङ्वा खोला बग्दछ । कतिले यसलाई अरुण नदी भन्दछन् ।

लिम्बूको नेम्बाङ कुलवंशको चुक्निबा र लात्तिबाको देहमा थेबा साम्माङले प्रविष्ट भएपछि तिनीहरू दुवै भाइ बल, पराक्रम र शक्तिले युक्त भएका ती दुई भाइले बढेमानको ओखलको यासापिपु (चुच्चेटोपी) लाएर ढुङ्गाको ठुलो जाँतोको ढाल काखीमा च्यापेर यही खोलाको वारी किनारबाट पारि किनार, पारि किनारबाट वारि हाम्फाल्दथे भन्ने मिथक छ । यसको सहायक खोलाको नाम तिदाङ्वा हो । कतिले तिदाङ्वालाई टिस्टा नदी हो भन्दछन् ।

लिम्बूको नेम्बाङ कुलवंशको उत्पत्तिको अवस्थल यही क्षेत्र हुनाले आफूहरूलाई यिनीहरू इधुङ्यक नाम्भुन यक तथा आप्ताङ्वा र तिदाङ्वाको सन्तान भन्दछन् (हेर्नू : इधुङ्यक, तिदाङवा, नाम्भुन्यक पनि) ।

३. आम्बेपज काम्ग़ेत्लुङ्मा सुम्हाल्लुङ्मा

यो पवित्रस्थल पाँचथर जिल्लाको सदरमुकाम फेदेन यक(फिदिम)को गढी गाउँमा पर्दछ । गढी भनेको सुरक्षात्मक प्रयोजनका लागि रोजिएको स्थानमा नै निर्माण गरिएको हुन्छ । स्व. इमानसिंह चेम्जोङले सर्वप्रथम आफ्नो किरात इतिहास (१९४८) मा ले. कर्णेल भ्यान्सिटार्ट (द गुर्खाज, १९१५)ले लेखेकोलाई आधार बनाएर इस्वीपूर्वको छैटौं शताब्दितिर हुक्काङको लडाइँमा हारेर छरिएका १० सरदारहरूले यहाँ आइपुगेर पुराना आदिवासी आठ राजाहरूलाई युद्धमा पराजित गर्ने प्रतिज्ञा गर्न तीनओटा रातो ढुङ्गा रोपी गाढे । त्यसपछि त्यहीँ तीन बोट आँप पनि रोपे भनी भ्रामक कुरा लेखेका हुन् भनेर श्री बिरही काइँलाले (फेदेनयक र पाँचथर जिल्लाको ऐतिहासिक कथा, स्रष्टा, जुलाई १९९०) अनेक प्रमाणसहित खण्डन गरेका छन् । श्री बिरही काइँलाका मतमा वि.स. १८३० को अन्त्यतिर गोर्खाली सेनाका विरूद्ध युद्ध गर्न लिङ्हिया नेम्बाङ राजाले तमोर पारका राजाहरूमा पापो राजा र चङ (जङ्ग) थेगिम राय राजाहरूसँग मिली तमोरको किनार नजिकै पर्ने फेदेन यकमा अग्लो डाँडामा संयुक्त रूपमा गढी बनाउने निर्णय गरी तीन थरका लिम्बूहरूको दृढ सम्बन्धको प्रतीकका रूपमा तीन बोट आँप रोपेपछि भुरूप्प होस् भनेर (आम्बे पज) र तीन जना (थर) को मुटु (प्राण) यौटै हो भनी तीनओटा ढुङ्गा गाढेर रातो (रगत) रङले रङ्गाए (सुम्हेत्लुङ्मा) । यसरी मित्रता कायम गरे (काम्गेलुङमा) र साक्षीका रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रही सबैको सुरक्षा गरुन् भनी १ बोट सिमल पनि रोपे । यसरी यो पवित्र देवस्थलको जन्म भयो ।

४. आम्बेब्रुक्मा

तमोर नदीको गढतीरको स्थानविशेष । यसैलाई कतिले सेरेक सुरुङमा पनि भनेको पाइन्छ । यस पवित्र स्थलको पारिपट्टि वा तमोर नदीको पश्चिमतिरको गढतीरमा ढुङ्गाका चट्टान छन्, जहाँ तान फिँजाइएको सेतो डाम वा छाप आज पनि देखिन्छ भनिन्छ । आदिकालमा युमा देवीले यहीं बसेर तान बुन्दथिन् भन्ने जनश्रुति छ । यसैले यस स्थानलाई थाक्पेलुङ्मा खिबेलुङ्मा अर्थात् तान टाँगिएको अवस्थल भनिन्छ र पवित्र स्थल मानिन्छ ।

५. इधुङ्यक

वर्तमान समयमा इत्थुङ नामले जानिने यो अवस्थलको नाम इधुङ्यक हो । यसको अर्को खण्डका रूपमा रहेका नाम्भुनयक केही दक्षिण र पूर्वतिर अवस्थित छ । ईश्वरले थेबा साम्माङको अवतार चरित्रका रूपमा मानिसका बिच अवतरित हुन इच्छा गर्दा उचित पात्रको खोजी गर्दै आउँदा नेम्बाङ कुलवंशको चुक्निबा र लात्तिबाले यसै क्षेत्रमा लिसोपासो र दर्जन थापेर सिकार गरिहिँडेका बेला तिनका लिसोपासो र दर्जन उल्टाउँदै, पल्टाउँदै अन्तमा पासोमा परेजस्तो भएर यसै क्षेत्रमा तिनको देहमा प्रवेश गरे । यसरी नेम्बाङ कुलवंशको चुक्निबा र लात्तिबा देवतुल्य हुनपुगे । त्यसैकारण इधुङ्यक र नाम्भुन यक नेम्बाङ कुलवंशको उद्‌गमस्थल वा यक भनिन्छ । उत्पत्तिको अवस्थललाई नै माङ्गेना लुङधुङ वा चोत्लुङ पनि भन्ने गरिन्छ । (हेर्नू : आप्ताङ्वा, तिदाङवा, नाम्भुन यक पनि) ।

६. एːक्कु साːङबे

टाँड बनाएर सोमाथि निर्मित देवीदेवताको थानमान ।

ठुला देवताहरू, जस्तै थेबा साम्माङको थान बनाउँदा आठतलाको थान बनाइन्छ । आठ तला (येत् + कु + साङ्बे = एःक्कु साङबे) अथवा एकभन्दा बढी तला (आठतला?) भएको अथवा टाँडमाथि बनाएको थान भन्ने अतिशयोक्तिपूर्ण उक्तिको रूपमा प्रकट गर्दा वा अलि आलङ्कारिक तवरले भन्दा पनि यसरी भनिन्छ ।

७. कका माङ

ककाखोला र सप्तकोशीको सङ्गमस्थलमा अवस्थित कका, कोका अथवा कोकाहा नामले जानिने देवस्थललाई बाराह देव भनिन्छ । सप्तकोसीको पूर्वी किनारमा वर्तमान सुन्सरी जिल्लामा यो देवस्थल पर्दछ । लिम्बू लोककथन अनुसार लेउती खोला (जो धेरै माथि नै तमोर नदीमा मिल्दछ) ल्याइते र ककाखोला (जो त्रिवेणीदेखि निकै तल सप्तकोसीमा मिल्दछ) ब्याइते हुन् । यी दुई सौता सौता हुन् । लिम्बू जातिको श्रुतिपरम्परामा कका खोलाको महत्त्व छ ।

८. काताःक्वा थिः

जाँड कुम्म्याउँदा मर्चा मिलाई केहीबेर मान्द्रोमा फिँजाइन्छ । यसरी मर्चा मिसाइएको पकाएको कोदो सेलाएपछि थुन्से आदि पात्रमा उनिउँ पातले भित्रपट्टि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वरिपरि छापेर ओथारो दिइन्छ । यसरी ओथारेर उठेको (फर्मेमेन्टेड) जाँडलाई उनिउँ पातले गुम्स्याई ओथारेको भनेर काता:क्वा थि: भनिएको हुनपर्छ ।

९. काराःङ्वा

नेपालीमा कन्याङकुरुङ भनिन्छ । हिमाल नाघेर आउने यो माइग्रेटरी बर्ड हो । सिकारी जीवनयापन गर्दा मारेको सिकार सिकारी देवतालाई चढाएर मात्र खाने परम्परागत चलन अझ पनि सिकारीहरूमा विद्यमान छ लिम्बू जातिमा कन्याङकुरुङको भोग दिने चलनले आदिम चलनको झझल्को दिन्छ । तर हिजोआज भने यिनको अभावमा तिनका सट्टामा कुखुराको भाले वा पोथीको भोगबलि दिइन्छ । लिम्बू श्रुतिपरम्परामा कन्याङकुरुङको उल्लेख निकै हुन्छ । अत्यन्त उचाइमा ताँतीमा लर्को लागेर उड्ने यो जातको पन्छीबाट लिम्बूले एकताबद्ध हुन सिके होलान् । त्यसैले यिनलाई हाम्रा साम्बा, येबा र येमाले इष्टदेवताको रूपमा पनि लिन्छन् ।

१०. कुदाप साम्मांङ

नराम्रा अथवा अनिष्टकारी वनका सिकारी आत्मा (देवीदेवता)हरूको समस्टी हो कुदाप अर्थात् ताप् साम्माङ । कुदापलाई ताप् साम्माङ (घुमिहिँड्ने, डुलिहिँड्ने देवता) अथवा ताम्भुङ तेत्ला पनि भनिन्छ । यिनको सङ्ख्या ठुलो छ जसको विस्तृत उल्लेख हज्सन पाण्डुलिपि, भो. ८५ मा पृ.१-४२ मा (बैरागी काइँला, वि.स. २०६१) दिइएको छ तर साप्पोक चोमेन (कोखपूजा) को सन्दर्भमा भने मुख्य रूपमा पुजिने अनिष्टकारी सिकारी आत्मा वा देवीदेवता हुन् (१) सिरिङ्मा, (२) वागङ्मा/वाजमा, (३) तेन्छामा र (४) खन्जमा । तीबाहेक (५) आप्चारा पक्चाना पनि सिकारी देव नै मानिन्छन् ।

११. केवालुङ

हिमालय पर्वत शृङ्खलामध्येको एक पर्वत । धेरैले यसलाई कञ्चनजङ्घा पर्वत भनेर पनि बुझ्दछन् तर कतिले सेन्छेन्लुङलाई पो कन्चनजङ्घा पर्वत हो भनेका छन् (हुनसक्छ, यो मकालु पर्वत हो) । लिम्बू मुन्धुममा यस पर्वतको ठुलो महत्त्व छ । यसलाई सृष्टिको आदिस्थल हो भन्ने पनि विद्वान्हरू देखिन्छन् ।

१२ .खन्जमा अथवा पिप्पोलि याङखन्जमा

खन्जमा वनको देवी हो । यस देवीलाई खौंच, औल वा मधेसतिर बास गर्ने देवीको रूपमा लिइन्छ । खन्जमाको पूजा गर्दा एउटा ढुङ्गा र एउटा लिङ्गो गाडेर थान बनाइन्छ, जसमा ध्वजाहरू टाँगिन्छ । तीन जोर केराको पातको लासो वा थान बनाइन्छ । ढुङ्गाको वेदीलाई उनिउँको पात छापेर कटेरोजस्तो बनाउने गरिन्छ । कोरा पूजा गर्दा फूलपात र बलिपूजा गर्दा बलि चढाएको पन्छी राखेर पूजा गरिन्छ । साप्पोक चोमेन पूजा–अनुष्ठान गर्दाभने कतिपय फेदाङ्माले पिप्पोलि याङखन्जमा र योबादाङ्मालाई एउटै थानमान दिएर त्यसैमा पालो पालो पूजा गर्ने गरेको पनि देखिन्छ ।

हज्सन पाण्डुलिपि, भोल्युम ८५, फेदांबाको लम्बर ५(१-४२) का अनुसार खन्जमा तक्सङ्बाको छोरी हो र यसलाई डाकिनी हो भनिएको छ । यस (याङ) खन्जमाको छोरीलाई तुम्लिङ्मा केङामा भनिन्छ । खन्जमालाई सुँगुर र कुखुराको बलि दिइन्छ । तुम्लिङ्मालाई कपासको टुक्रा र दुना (२) राखेर माटाको ढिस्को उठाएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थान बनाई पूजा गरिन्छ । खन्जमासँग पुजिने तेन्छामा हो, जसको अर्को नाम पाखामा पनि हो ।

१३. खाम्तोःक

माटोबाट उब्जिने अर्थात् अन्नपानी । "खाम्तोःक थाङा" अर्थात् माटाबाट उब्जेको अन्नपात (तिनबाट बनेको खाद्य पदार्थ) चढाउँछु भनेर पूजा गर्दा पुजारीले भन्दछ ।

१४. चम्फतुलुङ

हिमालय पर्वत शृङ्खलामध्येको एक पर्वत । वाधिन लुङ पर्वत नाघेर उँधो झर्दा भेटिने एक पवित्र पर्वत र स्थानविशेष । थेबा साम्माङको क्रीडास्थलमध्येको एक ।

१५. चुक्निबा-लात्तिबा

नेम्बाङ कुलवंशको पुर्खा, प्रसिद्ध पुरूषहरू । सिदिइङको २१ पुस्तापछिका तुम्याङसेका छोरा तथा सिदिइङको २२ सौं पुस्तामा जन्मेका चुक्निबा हुन् र लात्तिबा पनि उही पुस्ताका अथवा एक पुस्तापछि २३ सौं पुस्ताका हुनसक्दछन् तर कतिपयले काका भतिजा हुन् पनि भनेका छन् । यिनैका दरसन्तान आजका याङसोबा, साहरदप्पा, फेजोङ, नाम्लाक्पा र याङदेम्बा नेम्बाङहरू हुन् । यसरी यिनका पछिबाट यौटै कुलको सन्तान विभिन्न थर तथा उपथरमा विभाजित भएका हुन् ।

ईश्वरले मानिसको कल्याण गर्ने ईच्छाले पृथ्वीमा अवतरित हुँदा उपयुक्त मानवदेहको खोजी गर्दै जाँदा यिनको देहमा प्रविष्ट हुन पुगे । त्यस पछि यी दुई भाइ अत्यन्त शक्तिशाली भए । भाला, बर्छा, च्याप्सा अथवा भोटेतरबारले सुसज्जित बल, पराक्रम, शक्ति र शौर्यका धनी यी दुई भाइलाई रणको देवताका रूपमा पुजिन्छ । विशेषतः नेम्बाङ कुलवंशको लिम्बूहरूको पुर्खा तथा कुलदेवता भए तापनि कल्याणकारी देवता हुनाले सबै लिम्बू जातिको र मानवताकै संरक्षक देवता मानिन्छ थेबा साम्माङलाई ।

१६. चैजिते खरबले

चैचिते र खरबले (खर्बराय ?) मा चैचिते(जयजीत राय ?)लाई कतिपय फेदाङमाले (जस्तै स्व. रणसेर नेम्बाङरनाचवीर) पनि धन्जिती भनेकाले त्यो नाम पनि यसको प्रथम संस्करणमा परेको हो तर धेरैले चैचिते नै भन्ने गरेकाले त्यसै नामलाई यस संस्करणमा प्रयोग गरिएको छ ।

लोककथन अनुसार लिम्बू जातिमा माबोहाङ कुलवंशभित्रका चैचिते तथा खरबले दुई दाजुभाइ वा काकाभतिजा थिए । निभूखोलामा जाल हान्दै माछा मारेर जीविका चलाउँदथे । एक पटक निभूखोलामा उँभोतिर जाल हान्दै आउँदा निभूखोलामा जहाँ सिवाखोला आएर मिसिन्छ, खोलाकिनारको माक्सिङवा भन्ने स्थानमा तान फिँजाएर बुन्दै बसेकी तरुनीको चोला धारण गरेकी युमासाम्माङलाई देखे । परमसुन्दरी र मस्त यौवनकी तिनलाई ती दुई भाइले घर जाऔं घरजम गरेर बसौंला भनी लिएर गए । तिनको घरमा पुगेपछि युमा साम्माङले तिनको देहमा प्रवेश गरेर परमेश्वरको इच्छाबमोजिम मानवजातिको कल्याण र रक्षा गरिन् भन्ने लोककथन छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रचलित जनश्रुतिअनुसार हाल पाँचथर जिल्लामा पर्ने फाल्गुनन्द गाउँपालिकाको फाक्तेपको कोलबुङ गाउँमा तिनका घर थियो । यस घरको नजिकै दाजुभाइ चैजिती र खरबलेले युमाका लागि विश्राम गर्नका लागि उनकै इच्छाअनुसारको यौटा रूख ढालेर खाट बनाइदिएका थिए । त्यो खाट अझ पनि छ भनिन्छ । हाल यहाँ साम्बङ्गेन येत्लिङहाङ माङ्हिम (मन्दिर) बनाएर उक्त खाटलाई सुरक्षित राखिएको छ भनिन्छ ।

१७. तक्सङबा

तक्सङबालाई वनको सिकारी देवताहरूमा प्रमुख सिकारी देवता मानिन्छ । अटव्य वनभित्र मालिङ्गो घारी, देवनिगालोघारीभित्र छुट्याउनै नसकिने गरी वास गर्ने, मालिङ्गोको टुसा खाइहिँड्ने, मालिङ्गोको ससाना तोङ्बा बनाई (साप्तोक) जाँड हालेर खाने सिकारी देवता हो तक्सङबा । भीरपहरा, वनजङ्गल डुलिखेलीखाने वनको देवता जसको कोपभाजन भएमा रगत छादेर ठहरै हुन्छन् मानिस । घरभित्रका देवताबाहेकका वनका देवतामा पूर्ण तोङ्बा दिएर सत्कार गर्नुपर्ने बस्तुभाउ, घरगोठको रक्षक देवता तक्सङबा हो ।

१८. तागेरा निङ्वाफु माङ

सर्वव्यापी (तागेरा) र सर्वज्ञाता (निङ्वाफु) अर्थात् स्वयम्भू, सर्वशक्तिमान् र निर्गुण अनि निराकार परम सत्ता अथवा ईश्वरलाई लिम्बू जातिमा तागेरा निङ्वाफु माङ भनिन्छ । ईश्वरलाई बुझाउने विशेषणका रूपमा प्रयोग हुने पदावली हो तागेरा निङ्वाफु । जान्न नसकिने वा निर्गुण (मेन्नि) र देख्न नसकिने वा निराकार (मेन्धा) माङ (ईश्वर) लाई सर्वव्यापी (तागेरा) र सर्वज्ञाता (निङ्वाफु) भनिन्छ । अन्य सबै देवीदेवता (साम्माङ देहसहितका साकार रूपका हुन्छन् । नरचोला वा कुनै प्राणीको चोलामा मानवसँग साक्षात्कार गरिरहन्छन् । साकार र सगुण यी देवीदेवता सर्वव्यापी (तागेरा) र सर्वज्ञाता (निङ्वाफु) माङ (ईश्वर) कै अवतार चरित्र हुन् ।

१९. तादिगेन् सेप्माङ

अघिबाट नै सपनामा आउने सूक्ष्म ज्ञान । त्यसो त पाएको सपनाबाट अब के हुन्छ, भरे के हुन्छजस्ता आउने समयमा घटित हुने घटनाको पूर्वसङ्केत वा पूर्व जानकारी पाइन्छ भन्ने विश्वास सबै जाति र समुदायमा पाइन्छ नै । लिम्बू जातिमा त यसको निकै महत्त्व भएको तिनको मातृभाषामा भएको उखान "सेप्माङ तुम्बा (सपना जेठो)" बाट नै थाहा हुन्छ ।

ज्ञानगुनका कुरा ईश्वरकहाँ माग्न जाने जोकोहीलाई आफ्नो खुट्टाको बुढीऔँलामा सिरानी पारी सुत्नु, सपना देख्छस्, सोअनुसार गर्नू भनेर आदेश दिइन्छ । अनुरोधकर्ता मान्छेले पनि त्यसै गर्दछ र सपनामा ज्ञान पाउँछ । ईश्वरको खुट्टाको बुढीऔँलामा सिरानी पार्नुले समर्पित हुनुको अर्थ दिन्छ, तथा सुत्नुले ध्यानमग्न भएर योगासनमा रहनुको अर्थ दिन्छ । त्यसरी पाएको सपनाले बोधी वा ज्ञानको अर्थ बोक्छ । यसै कारण लिम्बू मुन्धुममा सपनाको ठुलो महत्त्व रहेको हो साथै लोकजीवनमा उखानको रूप लिएर उसलाई झकझकाइरहेको हुन्छ । सपना अर्थात् बोधी भनेको सिद्धिप्राप्ति सरहको ज्ञानभैँ हुनाले ज्ञानमा सबैभन्दा जेठो मानिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०. तिदाङ्वा

आप्ताङ्वा खोलाकै सहयोगी खोला हो । कतिपयले यसलाई टिस्टा नदी हो भन्दछन् । देहमा थेबा साम्माङले प्रवेश गरेपछि दैवी शक्तिले युक्त भएका चुक्निाबा र लात्तिबा (लाधिप्पा) सँग कुस्ती खेल्दै जाँदा थेबा साम्माङको कुर्कुच्चा धस्सिएको स्थानबाट मूल फुटेर तिदाङवा खोला बग्यो भनिन्छ । तिदाङ्वा खोला हेन्खाम्देन र मध्यतामाखे गाउँ हुँदै आप्ताङवा खोलामा मिसिन्छ । यिनै खोलाहरूको पूर्वतर्फ उठेको करालो परेको जग्गा सम्मिएको स्थानमा तमाखे नामक गाउँ छ, जसलाई पहिले तुम्पाङ्यक भनिन्थ्यो । थेबा साम्माङ तिनका मानवदेहमा प्रविष्ट भएर दिएको सन्देश अनुसार नै यही हेन्खाम्देनमा तिनले लासो बिछाईकन थेबा साम्माङको प्रथमपटक पूजा गरेका थिए भन्ने जनश्रुति छ । (हेर्नू : इधुङ्यक, तिदाङवा, नाम्भुन्यक पनि) ।

२१. ते्न्छामा - खन्जमा

ऋतुपरिवर्तन हुँदा तेन्छामा र खन्जमाको पूजा गरिन्छ । यिनलाई ऋतुपरिवर्तनको देवीदेवता भन्न सकिन्छ । सूर्यको गति उत्तरायण हुँदा तेन्छामाको पूजा गरिन्छ, जसलाई थोदोःक्ला साम्माङ (उँभौलीको देवता) भनिन्छ । त्यसरी नै सूर्यको गति दक्षिणायन हुँदा योदोःक्ला साम्माङ (उँधौलीको देवता) को रूपमा पूजा गरिन्छ । योदोःक्ला साम्माङ भनेको खन्जमा हो तर यहाँ (कोखपूजाको अवसरमा) गरेको पूजामा भने जुनै ऋतुमा भए पनि पूजा गर्रिंदा दुवैको एकैसाथ (युगल) पूजा गरिएको देखिन्छ । (हेर्नू थोदोःक्ला साम्माङ (२५) पनि) ।

२२. ते्मेःन् वारःक

वारःक्लाई वलक् पनि भनिएको सुनिन्छ । छोटकरीमा तेमेःन् वारःक् हो भने आलङ्कारिक अभिव्यक्तिमा ते्मेःन्दिङ् वारःक् भनिन्छ । ते्मेःन् भन्दा औल मधेस (तराई प्रदेश) बुझिन्छ जहाँ पहाडबाट बगेर झरेका खोलानालाले विशाल रूप धारण गरेका हुन्छन् । वारःक् भन्दा समुद्र अर्थ लाग्दछ जो पोखरीको विशालकाय रूप हो । वारःङ् भन्दा सागर अथवा महासागरको अर्थ लाग्दछ । ते्मेःन्दिङ् वारःक्ले विशाल समुद्रको अर्थ दिन्छ भने ते्मेःन्दिङ् वारःङ्ले महासागरको । त्यसैले ते्मेःन्दिङ् वारःङ् भन्दा हामी हिजोआजका दिनमा भारतीय महासागर (इन्डियन ओसन) पनि बुझ्दछौँ । त्यसरी नै, हिजोआज त तेमेन लाजे भन्दा भारतीय उपमहाद्वीप वा भारत देश बुझ्दछौँ ।

२३. तोःङ्बा

तोङ्बा (तोःङ्बा) लिम्बू संस्कृतिको अभिन्न अङ्ग नै हो । सामाजिक जीवनमा पाहुनापात, इष्टमित्र, कुलकुटुम्बलाई स्वागत-सत्कारका बेला यसको प्रयोग गरिन्छ । लिम्बू जनजीवनमा एकप्रकारले नभई नहुने सांस्कृतिक आइटमजस्तै पनि देखिन्छ । घरका बूढापाका, गन्यमान्यलाई घरैमा पनि दिने गरिन्छ । सांस्कृतिक र धार्मिकहिसाबले यसको व्यापक प्रयोग हुने कुरा लिम्बू जातिले विविध अवसरमा गर्ने विविध देवीदेवताको पूजाअनुष्ठानमा यसको अनिवार्यताले जताउँछ । लिम्बू जातिले विभिन्न देवीदेवता पुज्छन् र तिनको स्तर वा हैसियत पनि विभिन्न हुन्छ । सोही स्तरअनुरूप तिनलाई चढाइने तोङबाका प्रकार हुन्छन् । माथिल्लो तहका देवीदेवतालाई पूरा तोङ्बा चढाइन्छ भने केही तल्ला स्तरका देवीदेवतालाई पे्हे्ङ् दिइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलदेवता, कुलदेवी वा घरभित्र पुजिने अन्य ठुला देवीदेवताले तोङ्बा पाउँछन् भने अन्य सानामसिना वा वनका देवीदेवताले पे़हेङ् (कमसल तोङ्बा) पाउँछन् तर तक्सङबाले भने तोङ्बा नै पाउँछ । कुलदेवता, कुलदेवी वा घरभित्र पुजिने अन्य ठुला देवीदेवतालाई मुख गोलो मठारेको वा काटेको बिट मिलाएको बाँसको ढुङ्ग्रोको तोङ्बा दिइन्छ । यस्तो तोङ्बाको बिर्को पनि बाँसकै मिलाएर बनाउनुको सट्टा पातको ढकनी राखेको हुन्छ जसलाई लाजप् भनिन्छ ।

२४. थाक्थाक्कुम्मा माबोहाङ्मा

लिम्बू जातिको मुन्धुममा नश्वर जीवनलाई फिँजाएको तानसँग तुलना गरिएको छ । तानको स्याहारसम्भार गर्ने परम् सत्ता भनेको ईश्वर हो तर निर्गुण र निराकार ईश्वर तागेरा निङवाफुलाई पूर्णतः बोध गर्न नसक्दा मानिसले साकार र सगुणरूपको उनकै अवतार चरित्र युमाको कल्पना गरेको देखिन्छ । तान बुनिरहनु भनेको जीवनको अविच्छिन्न निरन्तरता हो । यसलाई साकार गर्ने क्षमता ईश्वरीय सत्तामा मात्र हुनाले युमाको परिकल्पना वा जगतमा तिनको दैहिक पदार्पण भएको हो ।

जीवनलाई फिँजाइएको धागोहरूको तानको रूपमा कल्पना गर्ने लिम्बू जातिको मुन्धुममा सो तानको सञ्चालक वा धनी ईश्वरको माबोहाङ लिम्बू कुलवंशमा अवतरण भई प्रकट भएको सगुण र साकार नारीरूप युमासाम्माङलाई माबोहाङमा तथा थाक्थाक्कुम्मा (तानको धनी) भनिएको हो ।

२५. थुङ्धाङ्बा

यसलाई सूर्यदेवताका रूपमा पनि मानिन्छ । यो सूर्यदेव हो । यसको प्रकोपले मानिसमा घुँडा दुख्ने इत्यादि व्यथा लाग्दछ र तिनबाट बच्नका लागि थुङ्धाङ्बा साम्माङको पूजा गरिन्छ । यस देवताको पूजामा कुखुराको दुम्सेभालेको भोग दिइन्छ । कतिले थुङ्धाङ्बा साम्माङलाई माथि अथवा शिरमाथि रहने भनेर शाब्दिक अर्थ लगाएको पनि पाइन्छ । त्यसैले माथि अथवा शिरमाथि भनेको चुह्लोमाथिको साराङ अथवा भारमा बास गर्ने देवता भन्दछन् तर कतिले कोठेबारीमा अदुवाको पाना वा लसुनको पोटीमा बास गर्ने रुङ्ने देवता हो भन्दछन् ।

२६. थे़बा साम्माङ

लिम्बू जातिको परमपूजनीय देवतामध्ये एक हो थेबा साम्माङ । युमा साम्माङ पछि अवतार चरित्रका रूपमा सर्वाधिक पूजनीय ईश्वरको पुरुष-स्वरूपमा अवतरित देवता थेबा अथवा थेबा साम्माङ नै हो । आगोको ज्वालाझैँ रापिलो तापिलो, पराक्रमी, शत्रुलाई दमन गर्ने, रणको देवता, ढालतरबारले सधैँ सुसज्जित तर करूणाले पूर्ण, सन्तान दिने रूपमा थेबाको कल्पना लिम्बू जाति र समाजमा छ । ईश्वरले नरदेहमा प्रकट हुने इच्छा राख्दा लिम्बू जातिको नेम्बाङ कुलवंशको चुक्निबा र लात्तिबाको देहलाई माध्यम बनाएर वृद्ध पुरुषका रूपमा अवतरित भई मानव र जगतको कल्याण र रक्षा गरे । (हेर्नू चुक्निबा-लात्तिबा (१३) पनि) । शक्ति र शौर्यको प्रतीक मानिने देवता थेबा साम्माङले हाल पाँचर जिल्लाको नाम्भुनयक तथा इधिङ्यकमा रजगज गरिबसेका पेभाक्कुम नेम्बाङ कुलवंशका चुक्निबा र लादिप्पाको देहमा प्रवेश गरी अवतरित भएका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७. थोदोःक्ला साम्माङ

थोदोःक्ला साम्माङ उँभौलीको देवता हो । त्यसरी नै तेन्छामा उँधौलीको देवता हो । तेन्छामालाई गाउँघरको रैथाने देवता पनि मानिन्छ भन्ने यिनको वर्णन गरेको भाषाबाट थाहा हुन्छ । (हेर्नू : तेन्छामा - खन्जमा (१९) पनि) ।

२८. तुङ्दुङ्गे

लिम्बू जातिभित्र पुजिने ठुला देवतामध्येका एक तुङ्दुङ्गे साम्माङ हुन् । ईश्वरले साकार र सगुण चोला धारण गर्दा लिम्बू जातिको साम्बा–सेरिङ कुलवंशभित्र अवतरित भई वृद्ध पुरुषका रूपमा प्रकट भएका देवता हुन् । मानवसमाज र परिवारभित्र रहने समग्र लिम्बूवंशको कल्याण र रक्षाका लागि मात्र नभई मानव कल्याणका लागि प्रकट भएका देवता मानिन्छन् ।

२९. नाम्भुन्यक

इधुङ्यकको अर्को सहायक तर उच्चो डाँडा हो । यो इधुङ्यकदेखि केही दक्षिणतर्फ अवस्थित उठेको अग्लो शिखर हो । नेम्बाङ कुलवंशको उत्पत्तिको अवस्थल मानिने आप्ताङ्वा, तिदाङ्वा, इधुङ्यककै विस्तारित भौगोलिक क्षेत्र हो, जो महाभरत पर्वत शृङ्खलाको सबैभन्दा पूर्वी खण्डमा पर्दछ । इतिहासको मध्यकालको प्रारम्भका अघि नै नेम्बाङ कुलवंशको यहाँ गढीगौंडा हुनाले नै यक भनिएको हुनुपर्छ । हालका दिनमा महागुरु फाल्गुनन्दले आफ्नो धार्मिक मत सत्यहाङमा पन्थ स्थापित गरेपछि वि.स. १९९६ मा यसको अल्गो शिखरमा यौटा कुटी निर्माण गरेका थिए र अझै छ । (हेर्नू : आप्ताङ्वा, इधुङ्यक, तिदाङ्वा पनि) ।

३०. नाहाङ्मा

नाहाङमासँग जोडिएर आउने अर्को देवता पित्चम्मा हो । मुन्धुमको शब्दावलीमा नाहाङमा-पित्चम्मा जोडिएरै बोलिन्छ जसरी युमा-थेबा सँगसँगै बोलिन्छ । मुन्धुमको अनुष्ठान गर्दाभने नाहाङमा र पित्चम्माको अलगअलग गरिन्छ भनिन्छ । लिम्बू जातिमा ईश्वरको अवतारचरित्रहरूमा परमपूजनीय देहधारी देवतामध्ये एक हो नाहाङमा साम्माङ । बल, पराक्रम, शौर्यको प्रतीक, रणको देवता नै हो यो देवता पनि । धेरैले भन्ने गरेको नाहाङमा साम्माङको कथाअनुसार पापो ना अर्थात् लिम्बुनी माछाको रूपमा पापो कुलवंशभित्र अवतरित भएको ईश्वरको साकार दैहिक रूप हो । ईश्वरको साकार रूपमा अत्यन्त पुजनीय देवता मानिन्छ ।

३१. निभु होःप्मा

इधुङ्यक र नाम्भुनयकदेखि पूर्वदिशामा महाभारत शृङ्खलाको पूर्वी र उत्तर दिशामा अवस्थित सुकेपोखरी र देउराली भागमा मूल भएर दक्षिणतिर बगेको यो खोला पाँचथर जिल्लामा धानको धेरै उप्जनी हुने स्थान अथवा बैंसी वा ब्याँसी भएको खोला हो । दक्षिण बगेको निभु खोला अन्ततः तमोर नदीमा मिल्दछ । तमोर नदीमा मिसिनुअघि यस निभुखोलामा मिसिने मुख्य खोलाहरूमा स्याङ्वा र सिवा खोलाहरू हुन् । अरू पनि धेरै खोल्साखोल्सीहरू पनि मिसिन्छन् । सिवा खोला र निभु खोलाको संगमस्थलमा अवस्थित माक्सिङवा नामक स्थानमा लिम्बू मिथकमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्णित जालहारी चैचिते र खरबलेले तान बुन्दै बसेकी अवस्थामा युमा साम्माङलाई भेटेका हुन् ।

३२. पक्चाना

घरबाहिर पुजिने विविध देवीदेवतामा एक हो पक्चाना । यसलाई आप्चारा पक्चाना पनि भनिन्छ । दोबाटामा बस्ने देवता हुनाले यसलाई नेपाली भाषामा दोबाटे देवता भनिन्छ । यसको पूजा विशेषतः कुनै स्त्रीजाति दोजिया भएपछि सहज प्रजनन होस् र जन्मने शिशु सकुशल होस् भनेर गर्ने गरिन्छ ।

पक्चानाको पूजा गर्दा "थानको बाँयातिर एउटा ढुङ्गा र एउटा लिङ्गो गाडी धागोले बेरिन्छ । एउटा चिन्डो फुटाई त्यसको मुखतिर चारओटा प्वाल पारी भाटाको सिन्का त्यो प्वालमा छिराउने र पाँच रङ्गको धागो चिन्डोको वरिपरी बुन्ने गरिन्छ । यी रातो–नीलो रङ्गीचङ्गी धागालाई मेरिहेम्बाङ खि भनिन्छ । त्यसको चारै सुरमा भकिअमिलोको काँचो काठको पनिउँ (लङ्खत) बनाएर धागोको उभिन्डो लगाई झुन्ड्याइन्छ । परम्परागत तरिकाले फेदामाङ्बाट बलि दिएर पूजा गरिन्छ ।

३३. पक्लुङ

पक्लुङको शाब्दिक अर्थ छेलोहान्ने ढुङ्गा (सर्टपुट) हो । लिम्बू जातिमा छेलोहान्ने चलन लोकप्रिय छ । मेलाबजार, बिहेबटुल वा चाडबाडमा भेला हुँदासमेत होडबाजीका रूपमा अथवा मनोरञ्जनका रूपमा छेलोहान्ने होडबाजी सुरु भइहाल्छ । लिम्बू जातिमा छेलोहान्ने चलनको सांस्कृतिक महत्त्व ठुलो छ । तङसिङ तक्माको पूजाअनुष्ठान गर्दा किशोर र किशोरी र कुमारी युवतीहरूको सुस्वास्थ्य, दीर्घायु र सुयशका लागि फूल (जीवन र जोबन) लाई जगाउने, झरिलो फुलाउने अनुष्ठान (फुङ्वा चाङ्मा) गरिन्छ । त्यस्तै किशोर र युवाहरूको सुस्वास्थ्य, दीर्घायु, शौर्य, शारिरिक सुगठन, र सामर्थ्य बृद्धि होस् भनेर छेलो हान्ने अनुष्ठान (पक्लुङ् लेप्मा) गरिन्छ । पक्लुङको धार्मिक र सांस्कृतिक महत्त्व केमा पनि छभने बिउबिजन नम्रिँदा पोरोक्मिबा यम्भामिबाले हान्नेको पक्लुङको प्रहारका कारण आकाश थर्काउँदै बादल गर्जेर ठुलो पानी परपछि भिजेका बिउबिजन उम्रिए, कन्दमूल उम्रिए । त्यसपछि मानवजीवन सहज भयो । यसबाट पक्लुङको सम्बन्ध खेतीपाती र सिँचाइसँग भएको सङ्केत गर्दछ । अर्को शब्दमा पक्लुङ भनेको छेलाहान्ने ढुङ्गा मात्र नभएर यो उसबेलाको ढुङ्गे हतियार वा प्रविधिको ज्ञान पनि थियो । खेलकुदको प्रतीक थियो र कृषियुगमा मानवजातिले प्रवेश गर्न लागेका बेला सिँचाइको प्राथमिक विज्ञानको ज्ञान पनि थियो ।

३४. पाङ्फइ

शाब्दिक अर्थ हो, कम्मरमा बाँधिने कपडाको पटुका । इधुङ्यक र नाम्भुनयकमा रजगज गरिबसेका चुक्निबा र लात्तिबा लिसो-पासो, सोला-दर्जन थापेर पशुपन्छीको सिकार गर्दै गुजारा चलाउँदथे । उत्तरबाट मानव समुदाय खोज्दै, आफ्ना आफन्त खोज्दै झरेका ईश्वरको देहधारी चोलामा आएका थेबा साम्माङले तिनले थापिराखेको लिसो-पासो, सोला-दर्जन उल्टाउँदै भत्काउँदै गरेर तिनलाई आफू आइपुगेको सङ्केत दिए । कति गर्दा पनि ती दुई भाइ मान्छेले तिनको सङ्केत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नबुझेकाले एकदिन आफै पासोमा बाँधिएर वृद्ध पुरूषको भेषमा लडिरहेका बेलामा दुई भाइले भेटे । त्यसपछि तिनका बिचमा कुस्ती (लाक्पा) पऱ्यो ।

दुई भाइले मिलेर थेबा साम्माङलाई किसिम किसिमका लहराले बाँधे, पाता फर्काए तर ऊ फुस्किहाल्दथे । अन्ततः तिनले कम्मरबाट पटुका फुकाएर त्यसले बाँधेपछि भने फुस्कन सकेनन् । यही पटुकालाई लिम्बू मिथकमा पाङफइ भनिन्छ ।

३५. पाङ्फे? चम्मा

पाङफेचम्मालाई पात्चा हम्मा पनि भनिन्छ । कुनै पनि मुख्य पूजाआजा (तीनराते पूजा–अनुष्ठान, तङसिङ तक्मा आदि) वा अति महत्त्वपूर्ण अनुष्ठानहरू हुनाले पारिवारिक सम्बन्धमा नज़िकका दाजुभाइ, इष्टमित्र, पञ्चभलाद्मीहरूलाई समेत निम्तो दिइन्छ । सो महत्त्वपूर्ण आयोजना वा अनुष्ठानको सुरु गर्नअघि एक जना भलापञ्च वा फेदाङमाबाट अघि सरेर पूजाअनुष्ठान गर्ने उद्देश्यकाबारेमा सबैलाई बताउने काम गरिन्छ । एक प्रकारले आधुनिक भाषामा यो विषयप्रवेश गरेको जस्तो हो । त्यसपछि पूजा–अनुष्ठान गर्नेगराउने कर्ता वा उपकारीले अघिबाट कुनै प्रकारको निषेधको वाचाबन्धन गरेको भएमा, आजदेखि त्यसबाट मुक्त भएको र उसले सो पूजा–अनुष्ठान गर्नसक्ने कुराको घोषणा सबैले गर्दछन् । त्यसपछि पूजा–अनुष्ठानको सफलताको प्रार्थना देवीदेवतासँग गरिन्छ । यस कार्यलाई पाङफे चम्मा भनिन्छ ।

३६. पाङ्रिमा चमतिमा

हिम्साम्माङ देवताको पछिपछि लागेर अनेक राम्रा-नराम्रा देवी-देवताहरू मानव समाजमा आए । तिनमध्येको एक हो पाङरिमा चमतिमा । यो अनिष्टकारी देवी-देवताको वर्गमा पर्दछ, त्यसैले पाङरिमा चमतिमालाई च्याङ पनि भनिन्छ । लिम्बू भाषाको प्रकाण्ड विद्वान् रन्धोज नेम्बाङले हिन्दुशास्त्रानुसारको व्याख्या गर्दै च्याङ शब्दको नेपाली रूपान्तर योगिनी भनी अनुवाद गरेका छन् । उनका अनुसार नौग्रह (पेगियो फाङ् साम्माङ) सँगै नाम लिइने आठ योगिनी (जोगिनी) मा एक हो पाङरिमा चमतिमा ।

३७. पायुङ (हायुङ)

यो शब्द हिम्साम्माङको पूजा गर्दा भनिने हरेक मन्त्रयुक्त वाक्यको आरम्भमा भनिने पद हो । यसरी नै थेबा साम्माङको पूजा गर्दा प्रत्येक वाक्यको आरम्भमा ए . . भनेर अन्तमा पनि ए . . एरउम् . . उम् भनिन्छ । पायुङलाई हायुङ अथवा फात्युङ उच्चारण गरेको पनि सुन्नमा आउँछ । यसो किन गरेको होला भन्ने जिज्ञासाको उत्तरमा हिम्साम्माङको पूजा गर्दा एक मुठो फेसेक्वा (बाँसको पात) को स्याउली हल्लाउँदै मुन्धुम गाइने वा मन्त्र फलाकिने हुनाले भनिएको होला भन्ने बी.बी. सुब्बा, मुरिङ्ला (सिक्किम) को मत छ ।

३८. पिन्दाङ माङ

शाब्दिक अर्थ हो उफ्रँदै हिँड्ने देवता । उफ्रँदै हिँडने यस देवतालाई सबा साम्माङ (बाँदरदेव) भनिन्छ (हेर्नू सबा साम्माङ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३९. पुङ साम्माङ

सिकारी समूहभित्रै राखिने देवता हो यो पनि । पहिले पहिले थेबा साम्माङ थेम्मा (थेबा साम्माङको पूजा गर्रिंदा) पुङ साम्माङको पनि अघिबाट पूजा गरिन्थ्यो भन्ने भनाई पनि सुनिन्छ तर हिजोआज भने त्यसो गर्रिंदैन । पुङ साम्माङको पूजा गर्दा एउटा एउटा लिङ्गो, ध्वाजा र ढुङ्गा गाड्ने । दश जोर लासो र एक जोर दियो-कलश राखेर पूजा गरिन्छ पनि भनिन्छ ।

४०. पुपाङ्देन

चराहरूको उत्पत्तिको अवस्थल । हिमालय पर्वतशृङ्खला नाघेर दक्षिण आई पुगेर फियामलुङ्मा पनि नाघेपछि चराचुरुङ्गी प्रशस्त पाइने स्थलमा आइपुगिन्छ । उहिले थेबा साम्माङ (चुक्निबा र लात्तिबा) ले पन्छीको सिकार गर्दा पासो र लिसो थाप्ने मुख्य स्थलमध्येमा एक हो । हुन सक्दछ, यो स्थान चराचुरुङ्गी प्रशस्त पाइने अरुणबरुणको शिरतिर अवस्थित कुनै स्थान हो ।

४१. पेहेङ

पूजा गर्दाका अवस्थामा साना अथवा निम्नकोटीका देवीदेवता वा मन्साइनु पर्ने नराम्रा अनिष्टकारी देवीदेवतालाई मुख छड्के काटेको बाँसको हाँगाको चोङ्ग वा ढुङ्ग्रो (कोदो र मर्चा मिसाएर हालेर) को तोङ्बा दिइन्छ । यस्तो कमसल तोङ्बालाई पेहेङ भनिन्छ । पूजा गर्दा देवीदेवतालाई तोङ्बाका रूपमा पेहेङ दिँदा बुजो पनि केराको पात नै बेरेर लगाइएको हुन्छ, जसलाई लाजम् भनिन्छ । (हेर्नु तोङ्बा पनि) ।

४२. फक्ताङ्लुङ

कुम्भकर्ण हिमाललाई लिम्बू भाषामा फक्ताङलुङ भनिन्छ । यो पर्वत हिमालयको पूर्वी पर्वत शृङ्लाको महत्त्वपूर्ण पर्वत हो । यसै क्षेत्रमा कञ्चनजङ्घा हिमाल पर्दछ तर यी दुईमा लिम्बू मुन्धुममा भने फक्ताङलुङको अत्यधिक महत्त्व छ । यसलाई लिम्बू मुन्धुममा पृथ्वीको नाभि (इक्सा खाम्बेःक् पेहि) मानिन्छ (हज्सन पाण्डुलिपि, भो., पृ.) । यसै क्षेत्रमा मानव उत्पत्तिको अवस्थल मारुङ तेम्बे पारुङ तेम्बे भएको अनुकल्पना गर्ने लिम्बू मुन्धुमका अध्येताहरू पनि छन् ।

४३. फनागा

अनिष्टकारी देवतामध्ये एक देवता हो । हिम्साम्माङ अर्थात् थाक्फुत् माङले मानव कल्याणका लागि मानव समाज र समुदायभित्र आउन इच्छा गरेर आउँदा डुल्दै घुम्दै लिम्बू जातिको कल्लेरे कन्दङ्वा लिम्बू कुलवंशमा प्रविष्ट भई प्रकट भएको मिथक लिम्बू मुन्धुममा पाइन्छ । यस देवताको काम घरघडेरीको रूङालो गर्नु (सुरक्षा) हो तर हिम्साम्माङ अर्थात् थाक्फुत् माङ मानव समुदायमा आउँदा उसका साथ लागेर अनेक अनिष्टकारी देवीदेवता पनि मानव समुदायभित्र आए । तिनैमध्येको एक हो फनागा । लिम्बू भाषाको प्रकाण्ड विद्वान् रन्धोज नेम्बाङका अनुसार नौग्रह (पेगियो फाङ् साम्माङभित्रको यौटा ग्रह देवता हो यो । उनले फनागालाई नेपाली भाषामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केतु भनेका छन् । हिन्दु धर्मशास्त्रमा केतुलाई अत्यन्त विग्रहकारी ग्रहदशाको देवता मानिन्छ ।

४४. फाक्मुरा

हिम्साम्माङ अर्थात् थाक्फुत् माङले मानव कल्याणका लागि मानवसमाज र समुदायभित्र आउन इच्छा गरेर डुल्दै घुम्दै आउँदा पूर्व दिशाअवस्थित सुखिम देशबाट साथ लाएर आएकोर लिम्बू समाजभित्र पुजिएको ग्रहको देवता ।

४५. फाङ्बुत

सिहैं अथवा सिन्डी, जागित्राफैं प्रेतात्मा ।

४६. फियाम्लुङ

शाब्दिक अर्थमा चुन ढुङ्गाको पहाड भएको स्थान । लिम्बू श्रुतिपरम्परामा उल्लेख भइरहने पवित्र स्थान, जस्तैः मुक्कुमलुङ्मा फियामलुङ्मा ।

४७. फुङेक

लौकाको फल छिप्पिएपछि त्यसभित्रको गुदी र बियाँहरू सबै झिकेर सफा गरी बनाएको पानी आदि तरल पदार्थ राख्ने चिन्डो नामको भाँडो । लिम्बू जातिमा रक्सी राख्न विशेष रूपमा प्रयोग हुने यो पात्र लिम्बू जातीय पुराहितको वर्गमा पर्ने साम्बा, येबा र येमाले आफ्ना तानाबानाका रूपमा समेत प्रयोग गर्दछन् ।

४८. फेदाङ्मा

देवता आङमा चढेका, दैवी शक्तियुक्त भएका व्यक्ति नै फेदाङ्मा हुन सक्दछन् । ईश्वर मान्छेका बिचमा सम्बन्धसूत्र वा माध्यम मानिन्छ फेदाङ्मालाई । दुःखबिमार, लागो लाग्दा, कुलदेवीदेवताको पूजाअनुष्ठान गर्दा, जन्म, विवाह, मृत्यु आदि अनेक सामाजिक, सांस्कृतिक र धार्मिक कार्यहरू फेदाङ्माले मात्र सम्पन्न गर्ने कार्य हुन् । लिम्बू श्रुतिपरम्परा अर्थात् मुन्धुमका अनुसार फेदाङ्माले आफूलाई ईश्वरको दूत (सिजोवा इङ्मि सा) मान्दछन् ।

४९. बाराह माङ (पाराहा माङ)

वर्तमान सुन्सरी जिल्लाको पश्चिममा सप्तकोसीको संगमस्थलमा प्रख्यात तीर्थस्थल वराहक्षेत्र अवस्थित छ । यौटा
लोककथाअनुसार दुधकोसीलाई बिहे गरेर रमाउँदै बगेको अरुण नदी र ढिलो भएर पछिमात्र आइपुगेको तमोरको भेट यही त्रिवेणीमा हुन्छ । त्यसपछि त्यो नदी सप्तकोशी नामले प्रख्यात हुन्छ । यही प्रसिद्ध सप्तकोसीको केही तल पुगेपछि उत्तरपूर्वबाट हतार हतार बग्दै आउने ककाखोला (कोकाहा) यसैमा मिसिन्छ । यसरी कका खोला सप्तकोशीमा मिसिएको पूर्वपट्टिको पवित्र स्थललाई नै वराहक्षेत्र भनिन्छ । लिम्बू, खम्बु र याक्खाहरूका आख्यान (मिथक) मा प्रशस्त उल्लेख हुने धार्मिक स्थल हो, यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५०. माक्सेमि/फसेमि

चौँरीको पुच्छरबाट बनेको चँवर । कालो रङको चँवर हो भने माक्सेमी र सेतो रङको चँवर हो भने फसेमि भनिन्छ । विशेषतः थेबा साम्माङको पूजाअनुष्ठान गर्दा वाचन गरिने मुन्धुममा यी चँवरको उल्लेख हुन्छ पनि भनिन्छ। त्यसैले थेबा साम्माङलाई सेतो र कालो चँवरले हम्किरहनुपर्ने देवता पनि भनिन्छ ।

५१. माक्सिङ्वा

सिवाखोला दक्षिण दिशामा बग्दै आउँदा निभुखोलामा मिसिएको स्थानमा अवस्थित पवित्रस्थलको नाम । यही क्षेत्रमा तान फिँजाएर बुन्दै गरेकी युमासाम्माङलाई माबोहाङ कुलवंशका चैचिते र खरबलेले भेटेका थिए । त्यति राम्री सुन्दरी तरुनीलाई तिनले उनका घर लगेका थिए भन्ने लिम्बू मिथक पाइन्छ । (हेर्नू निभुखोला पनि) ।

५२. माङ्गे्न्ना

लिम्बू जातिमा शिर उठाउने पूजालाई माङ्गेन्ना अथवा माङ्लेना भनिन्छ । यसको अर्को शाब्दिक अर्थ चेली (दिदी - बहिनी) हो । लिम्बू जातिमा आपदविपत् र दशाग्रह आदि दुःखबिमारका रूपमा आई मान्छेलाई दशाले नघेरोस् भनेर उसको शिर उठाउने, उसलाई स्वस्थ राख्ने वा उसको स्वस्तिशान्तिका लागि वर्षमा १ पटक माङ्गेन्ना गर्ने गरिन्छ । दुईजिउकी स्त्रीजातिको सहज प्रसवका निम्ति गरिने साप्पोक चोमेन (कोखपूजा) भन्ने तीनदिने पूजाको अन्तमा माङ्गेन्ना पूजा गरिन्छ, नगरेमा पूजा अधूरो रहन्छ । बिहेमा लगनविधि गर्दासमेत माङ्गेन्ना गरिन्छ ।

५३. माङ्हुप

शाब्दिक अर्थमा यसले देवताको नाममा किरिया हालेको बुझाउँछ । कुनै कार्य यसो गर्नु वा नगर्नु भनेर दृढतापूर्वक प्रतीज्ञा गर्दा वा कबोल गर्दा कसम खाइन्छ वा किरिया हालिन्छ। अर्को शब्दमा वाचाबन्धन गरिन्छ । लिम्बू जातिमा देवता भाकेर प्रतिज्ञा गर्ने यस्ता क्रियाकलापलाई माङ्हुप् भनिन्छ । यसैलाई पात्चा खेङ्मा पनि भनिन्छ । कुनै प्रकारको पूजा, महत्त्वपूर्ण अनुष्ठान गर्दा प्रथमतः नराम्रा देवीदेवता, जस्तै : वनका सिकारी तथा प्रेतात्मा, डङ्किनी, जागित्राहरू आई पूजा बिथोल्न नसकुन् भनेर पूजास्थलको चारैसुरमा मन्त्रले बाँध्ने वा छेक्ने गरिन्छ । यस्ता कामलाई पनि माङ्हुप् वा पात्चा खेङ्मा भनिन्छ ।

५४. मादि खो

औलतिर पाइने बेतबाट बनाइदिएको ढाल ।

५२. माबोहाङ

(१) लिम्बू कुलवंशमा एक प्रसिद्ध कुलवंश । (२) लिम्बू किंवदन्तीका अनुसार एक प्रसद्धि व्यक्ति, राजा । ईमानससिंह चेम्जोङ(१९६१, २००३) का अनुसार उबाहाङका छोरा हुन् । सिकारमा जाँदा जङ्गलभित्र यिनले तान बुन्दै गरेकी तरुनीको रूपमा युमाको दर्शन पाएका थिए । पछि पूजाभक्ति गरेको सातौं दिनमा भने बुढीबजुको रूपमा माबोहाङलाई दर्शन दिइन् । त्यसपछि माबोहाङको देहमा प्रवेश गरी शक्तिले युक्त पारिन् । लिम्बूमा चेम्जोङआदि थर भएका माबोहाङ कुलवंशले युमालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्नो कुलदेवी पनि मान्दछन् । यसरी माबोहाङको देहमा प्रवेश भई प्रकट भएको युनाले युमासाम्माङलाई माबोहाङमा भनेर पनि सम्बोधन गरिन्छ । (हेर्नु थाक्थाक्कुम्मा माबोहाङ्मा पनि) तर हिजोआजका कतिपय लिम्बू मुन्धुमका विज्ञहरूले भने मुक्तोबुङ चेम्जङ भनेर माबोहाङलाई भनेको पाइन्छ भनेको समेत सुनिन्छ ।

५३. मिसे:क

एकभन्दा बढी अर्थ भएको यो शब्दले (१) आगोको झिल्का तथा (२) नराम्रो जागित्र अथवा वनका सिकारी देवता भनेर अर्थ बोकेको छ । सिकारी देवका अनेक रूप हुन्छन् । कतिले यसलाई तिनैमध्येको चकमके सिकारी देवता पनि भन्दछन् । कुनै पनि शुभकार्यको सफलताका लागि पूजाआजा गर्दा पूजा–अनुष्ठानलाई बिटुलो पार्न नपाउन् भनेर यसलाई पहिले नै मन्साउने वा यसको बाटो छेक्ने काम फेदाङ्मा, साम्बा, येबा वा येमाले गर्दछन् ।

५४. मुक्कुम साम्बे

मुक्कुम शब्दको लोकव्युत्पत्ति यसरी गर्न सकिन्छ, जस्तै : मुक (शक्ति) + कुम् (जम्मा भएको वा एकीकृत) अथवा शक्तिको पुञ्ज । साम्बे शब्दको लोकव्युत्पत्ति यसरी गर्न सकिन्छ, जस्तै : साम् (आत्मा) + पा (पुरूष बोधक प्रत्यय) + ए (सम्बोधनको प्रत्यय) । हे शक्तिपुञ्जको देवता अर्थात् अत्यन्त शक्तिशाली । लिम्बू मुन्धुममा थेबा साम्माङलाई बल, पराक्रम, शौर्य र शक्तिको देवता मानिन्छ । त्यसैले थेबा साम्माङलाई सम्बोधन गर्दा "मुक्कुम्साम्बे" भनिन्छ ।

५५. मुक्तुबुङ

घुङरिङ अथवा घुङरिङको बोट । घुङरिङ एक जातको उद्‌भिद हो । लिम्बू मुन्धुम र धार्मिक-सांस्कृतिक क्रियाकलापमा यसको महत्त्व धेरै छ । विशेषतः लिम्बू पुरोहितको एकवर्ग साम्बा अथवा येबा र येमाहरूले चिन्ता बस्दा थान थापना गर्दा वा खड्‌गो काट्‌दा वा नाघ्दा अत्यन्त महत्त्व दिएर यसको उपयोग गर्दछन् ।

५६. मुदे़न

तिब्बत वा भोट । लिम्बू जातिको मुन्धुममा प्रशस्त उल्लेख हुने वा प्रयोग हुने शब्द मुदेन (मु + तेन्) र सिन्युक (सिन् + युक) हुन् । (१) मुदेम्बा (भोटेजाति वा तिब्बतीजाति) को बसोबासको देश वा (२) तल्लो (मु) वा समथरिलो भौगोलिक प्रदेश वा क्षेत्र (तेन्) र चिनियाँ जाति (सिन्)को अवस्थल (युक) अथवा चीनसँग लिम्बू जातिको सन्निकटताको स्पष्ट सङ्केत यी दुई देश जनाउने शब्दले दिन्छन् ।

५७. मुयङ साम्माङ

बिरालो जनाउने लिम्बू शब्द मुयङ हो । भाषिकागत भेदका कारण मियङ पनि भनिन्छ । चाल मारेर हिँड्ने बिरालोका रूपमा बिरालोदेवको कल्पना लिम्बू जातीय सांस्कृतिक र धार्मिक जीवनमा देखिन्छ । कतिपय अवस्थामा बाहेक बिरालो देवलाई अनिष्टकारी देवता नै मानिन्छ । यसलाई लिम्बू मुन्धुममा वर्णन् गर्दा मुयङ वा मियङसिरे पनि भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५८. मुया साम्माङ

चिलदेव । चिलका रूपमा कुनै पनि क्षण आक्रमण गर्न सक्ने अनिष्टकारी देवता । यसलाई लिम्बू मुन्धुममा वर्णन गर्दा मुयासिरे भनिन्छ ।

५९. मेन्धामाङ

नजानिने देवता अथवा जान्नै नसकिने, रस वा गन्ध चालै पाउन नसकिने ईश्वर । गुणरहित अथवा निर्गुण ईश्वरलाई बुझाउने शब्दविशेष ।

६०. मेन्निमाङ

नदेखिने देवता अथवा कुनै रूप वा आकार नभएको, स्पर्श गर्न वा छाम्नै नसकिने ईश्वर । आकाररहित वा निराकार ईश्वरलाई बुझाउने शब्दविशेष ।

६१. मैनाम

मुइ + नाम् । शाब्दिक अर्थ आयुवर्द्धक । पूजा गर्दा कर्ता अथवा उपकारी उपस्थित भएर पनि पूजास्थलमा बसिरहन नसक्ने अथवा जसको नाममा पूजा गरिँदै छ, ऊ स्वयम् उपस्थित नभएको अवस्था वा परदेश गएको अवस्थामा उसको प्रतीकात्मक उपस्थितिको निमित्त उसले प्रयोग गर्ने ऊर्ध्ववस्त्र (पुरुष भए दोरा, टोपी कोट आदि र स्त्री भएमा चोली पछ्यौरी आदि) राखी पूजा गरिन्छ । यही प्रतीक चिह्नलाई मैनाम तथा येबो पनि भनिन्छ । (हेर्नू येबो पनि) ।

६२. यासापिप्पु

थारको जुरोको छालाबाट बनाएको युद्धमा जाने योद्धाहरूले ओढ्ने चुच्चो परेको टोपी (शिरस्त्राण) । रणका देवता मानिने थेबा साम्माङ यस्तै टोपी ओढेका हुन्थे भन्ने लिम्बू मुन्धुममा वर्णित छ ।

६३. युमा साम्माङ

ईश्वरको नारीस्वरूप । लिम्बू जातिमा सर्वव्यापी, निर्गुण र निराकार ईश्वरको अवतार चरित्रमा सबैभन्दा बढी पूजनीय र शक्तिशाली मानिएकी देवी हुन् । ईश्वरले नरदेहमा प्रकट हुने इच्छा गर्दा नारीस्वरूपमा परमसुन्दरी युवतीका रूपमा अवतरित भएको ठानिन्छ ।

महाभारत पहाडको शृङ्खलाले पाँचथर र इलाम जिल्लालाई अलग गरेको छ । यस पहाडको जनश्रुतिअनुसार सबैभन्दा पूर्वी र उत्तरी शृङ्खलालेको पश्चिम पाटामा ढल्केर बसेको गाउँमध्ये यौटा लिगिम्बा (<लिग्याङ < लि - के - याङ् -मा) गाउँमा उहिले हाङ्जितेको परिवार बसोबास गर्दथे । पछि उनी केही टाडा दक्खिनतिरको गाउँ फाक्तेप गाउँमा सरेर बसे । उनका छोराहरू दुई भाइ थिए . . चैजिते र खरबले । तिनले क्रमसः आङदेम्बे र सेर्मा थरका पत्नी बिहे गरेका थिए भनिन्छ । एक पटक सिकारमा जाँदा फदाङलुङ (धेरैले निभुखोला किनारमा अवस्थित माक्सिङ्वा भन्दछन्) भन्ने स्थानमा तान बुन्दै बसेकी सुन्दरी तरुनीका भेषमा तिनले युमासाम्माङलाई पहिलो पटक भेटेका थिए तर देवी हुन भनेर ठम्याउन सकेनन् । पछिबाट यिनै माबोहाङ कुलवंशका दाजुभाइ चैचिते र खरबलेका देहमा प्रविष्ट भएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अवतरित भई जगत र मानिस तथा सकल प्राणीको कल्याण र रक्षा गरेका हुन् भन्ने ठानिन्छ ।

यिनै युमादेवीका लागि यौटा सिङ्गो खोटेसल्लाको रुखबाट आराम गर्नका लागि ती दाजुभाइले खाट बनाई दिएका थिए । त्यो खात अझसम्म छँदै छ भन्ने त्यस गाउँका मानिसले भन्दछन् ।

विशेष युमाको मात्र मुख्य पूजा गर्दा भोग दिएको सुँगुरको भित्री बोसो काढेर सग्लो निकालीकन डल्लै सुँगुरको भोगबलिमाथि पत्थाङ (पछ्यौरी) जस्तो गरी ओढाई दिइन्छ । सुँगुरको दाहिने र देब्रे पाटाको मासु, मुटु र कलेजो पोलेर युमाको थानमा चढाइने पनि गरिन्छ ।

६४. ये़बा

लिम्बू जातीय पुजारीको एक वर्ग ।

समाजभित्र रहेर अनेक कार्यहरू मान्छेले सम्पन्न गर्नुपर्दछ । कामहरू अनेक किसिमले बाँडिएका हुन्छन् । अकाल मृत्यु वा अगति परेर भएको मृत्यु, भूतप्रेत, जागित्रा, सिहैँझैँ अप्राकृतिक शक्तिबाट मानवजातिलाई सुरक्षित राख्न येबाको आवश्यकता पर्दछ । माथि उल्लेख भएका स्थितिमा फेदाङमा वा साम्बाले होइन, येबाले मात्र मान्छेजातिलाई उकास्न अथवा विपतबाट मुक्त गर्न सक्दछ । येबाले पशुपन्छीका नृत्यको अनुकरण गरी नाच्दै, थाल ठटाउँदै, जोरलिङ्गो गाढेर ढोलसमेत ठटाउँछन् । सृष्टिको आख्यान, नीतिका कथाहरू यिनले सस्वर गाउँछन् । आफ्ना योग्यता र क्षमताअनुसार आफूलाई येबक्को या, याहिली या आदि आदि समूहमा देखाउने पदले विभूषित पनि गर्दछन् ।

६५. ये़बो

पूजा गर्दा कर्ता अथवा उपकारी उपस्थित भएर पनि पूजास्थलमा बसिरहन नसक्ने अवस्थामा अथवा जसको नाममा पूजा गरिँदै छ, ऊ स्वयम् उपस्थित नहुँदा उसको सट्टामा प्रतीकात्मक उपस्थितिको निमित्त उसले प्रयोग गर्ने ऊर्ध्ववस्त्र (पुरूष भए दोरा, टोपी कोट आदि र स्त्री भएमा चोली, पछ्यौरी आदि) । यिनै प्रतीक चिह्नलाई मैनाम पनि भनिन्छ । मैनाम शब्दकै पर्यायको रूपमा येबो शब्दको पनि प्रयोग हुन्छ (हेर्नू मैनाम पनि) ।

६६. ये़मा

येबाको स्त्रीरूप तर साम्बा वा फेदाङमाका भने स्त्रीरूप हुँदैनन् । स्त्रीले फेदाङमा वा साम्बा हुन पाउँदैन । अहिलेसम्म लिम्बू समाजमा यस्तो भेटिएको पनि छैन । लिम्बू जातीय पुजारीको वर्गमा येबाका कार्यहरू भने स्त्रीले पनि योग्यता पुगे, गुरुले दीक्षा दिएमा गर्न सक्दछन् भन्ने लिम्बू जातिमा येबाको स्त्रीरूप येमा भएबाट प्रस्ट हुन्छ ।

६७. योदोःक्ला माङ

उँधौलीको देवता । खन्जंमा देवतालाई वर्णन् गर्दा यसो भनिन्छ । (हेर्नू खन्जमा, थोदोःक्ला पनि) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६८. लाइक इक्सो

पूजाआजा गर्दा फेदाङ्माले थानमा वादुम् पक्वा अथवा पवित्र जल अभिसिञ्चन गर्नका लागि केराको पात बेरेर बनाएको मुठो वा बिटा ।

६९. लाघोःक

पूजास्थल बनाएपछि आसनका रूपमा प्रयोग गरिने केराको पात जो पोट पारेर वारपार राखिन्छ ।

७०. लाङ्साङ् माङ

बाँदर देव । (हेर्नू सबा साम्माङ) ।

७१. लाजप

ठूल्ठुला देवता अर्थात् माथिल्ला सतरका देवताहरू वा कुलदेवी वा कुलदेवता आदिलाई पूर्ण तोङ्बा नै दिनुपर्दछ तर बिर्को बाँसको वा काठको हुँदैन । केराको पातले ढकनी वा छोपोझैँ मुखमा लामो तेर्सो राखेर छोप्नुपर्छ । यसलाई लाजप् भनिन्छ ।

७२. लाजम

पूजा गर्दा साना साना ठानिएका वा तल्लोस्तरका देवीदेवताहरूलाई मुख छड्के काटेको तोङ्बा अर्थात् पेहेङ दिइन्छ । त्यसको बिर्को हुँदैन तर केराकै पात बेरेर ठाडो बुजोझैँ हालिन्छ, जसलाई लाजम भनिन्छ ।

७३. लासो

देवीदेवताअनुसार पातको गन्ती राखेर लाघोकमाथि जोरका हिसाबले केराका च्यातेका पात चित वा पोट पारेर राखिन्छन् । जस्तैः थेबाका थानका लागि ८ जोर पोटैपोट र ८ जोर चितैचित गरेर जम्मा १६ जोर । यसरी राखिने पातलाई वा निर्मित थानलाई लासो भनिन्छ ।

७४. लाःहिगे़न से़प्माङ

शाब्दिक अर्थमा जूनजस्तो घुम्दै पछि आउने सपना । अर्को नकारात्मक अर्थमा खराब सपना । तुलनीय : ताःदिगे़न् से़प्माङ

७५. लेःत्छाम फुङ्साम

जङ्गल जङ्गल, खोलानाला र मसानघाटतिर डुलिहिँड्ने जागित्रा ।

७६. वागङ्मा

खोलामा डुलिहिँड्ने हितकारी देवता । आदिकालमा चेलीका निमित्त फूल टिप्न जाँदा भीरपहराबाट तमोर नदीमा खसेर मृत्यु भई, जसको लास पछिबाट सेरेक (सेगेक) सुरुङमा भन्ने स्थलमा फेला पारी चेलीले सद्गत गरेर गर्भवती स्त्री वा चेलीहरूका रक्षा गर्ने देव हुन्, खोलामा नै बस्नू भनी वरदान दिएकाले आजसम्म पनि खोलामा खेल्दै आफ्नो कार्य गरिरहेका छन् भन्ने किंवदन्ती छ । यसरी गर्भवती स्त्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र उसको गर्भको रक्षा गर्ने कोखपूजा गर्ने परम्परा भयो भनिन्छ । यस कथाको अन्य रूपहरू पनि पाइन्छन् ।

वागङ्माका् पूजा "घर नजिकको पँधेरो वा पानीको मूल अथवा खोल्सी भएको ठाउँमा गर्नुपर्दछ । पानीमा साङ्बे (बाँसको भाटाको पुलजस्तो थान) बनाएर यसमाथि माटो राखी सम्याउनुपर्दछ र त्यसको बिचमा रेखा कोरी साङ्बेलाई दुई भागमा विभाजन गर्नुपर्दछ । दायाँतिर वागङ्मालाई दुई जोर लासो राखी एउटा ढुङ्गा, एउटा लिङ्गो गाड्नपर्दछ । ढुंगालाई धागोले तीन फेरा लगाउनुपर्छ भने लिङ्गोमा ध्वजा झुन्ड्याउनु पर्छ । त्यहाँ भोगबलि दिएका प्रसाद वा अन्य सामग्री चढाएर पूजा गरिन्छ ।

७७. वाजमा/वजमा

लिम्बू जाति र समाजमा अन्य अनेक देवीदेवताझैँ हिमाल नाघेर आई रैथाने भई पुजिएका देवीदेवतामध्ये एक देवी वजमा पनि हो । यिनलाई बिजुवानी पनि भनिन्छ । येबा वा येमाहरूले अत्यन्त ने श्रद्धाले यिनको पूजा गर्दछन् । गलामा बज्ने चाँप र पाउमा घुङ्घुरू लाउने तथा थाल र ढोल बजाउँदै थान वरिपरि नृत्य गर्ने वजमा देवी येबा र येमाहरूका गुरु हो । (हेर्नू वागङ्मा पनि) ।

७८. वादुम पक्वा

शाब्दिक अर्थ (१) दोभानको पानी र (२) जेठो पानी अथवा पवित्र जल । लिम्बू जातिको मुन्धुममा वर्णित सिङ्दुम् पक्वा (रुखको टोड्कामा जमेको पानी) र लुङ्दुम् पक्वा (ढुङ्गाको टोड्कामा जमेको पानी) अर्थात् पवित्र जलकै प्रतीकात्मक रूपमा यो जललाई लिन सकिन्छ । फेदाङ्माले पूजा गर्दा (घरभित्र) सानो बट्टुको वा डबकामा पूजा गर्दा बेरेको केराको पातको मुठो लाइक इक्सोले पानीमा चोप्दै थानमा अभिसिञ्चन गर्नाका लागि डबका (पोखरी)मा राखिएको पानीलाई वदुम् पक्वा भनिन्छ ।

७९. वाधिःन्लुङ

कुम्भकर्ण हिमालको दक्षिणतर्फको डिम्बाकार चट्टानहरूको पर्वत, पवित्र र सिद्ध स्थानविशेष । थेबा साम्माङले क्रीडा गर्ने स्थानहरूमा एक ।

८०. वाया/वाया केदाःक्तु

बलि चढाइएका पशुपन्छीको झरेको वा बगेको रगत स्वीकार गऱ्यौ भन्ने अर्थमा । वाया (<वा–युमा अर्थात् पानी–चुहिनु) अर्थात् डँडालोमा हिर्काएर बलि दिएको कुखुराको भालेको रगत चुच्चोबाट चुहिन्छ, जो ओछ्याएको लासो, केराको पातमाथि थापिन्छ । यही रगतबाट राम्रो नराम्रो जोखना खुट्याउने काम गरिन्छ । घरभित्र पूजा गर्दा मात्र बलि दिने भालेलाई डँडालोमा लट्ठीले वा खुकुरीको बीटले हिर्काएर भोग दिइन्छ । घरबाहिर पूजा गर्दा भने डँडालोमा हिर्काएर होइन खुकुरीले काटेर पनि बलि दिइन्छ भन्दछन् फेदाङमा चन्द्रबहादुर नेम्बाङ तर (यहाँ वर्णित अनुष्ठानमा) वागङ्माको पूजामा भने डँडालोमा हिर्काएर बलि दिएको छ । काटेर बलि दिएको कुखुराको रगतबाट जोखना हेरिँदैन भन्ने उनैको भनाइ छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८१. स :

दोबाटे सिकारी देव पक्चानाको पूजा गर्दा प्रत्येक वाक्यको उच्चारण गर्नअघि वा फलाक्दा आरम्भमा यो एकाक्षरी शब्द (मन्त्र) उच्चारण गरिन्छ । यसरी नै हिम्साम्माङको पूजा गर्दा आरम्भमा द्विअक्षरी शब्द पायुङ् (हायुङ् वा फात्युङ्) र थेबा साम्माङको पूजा गर्दा प्रत्येक वाक्यको आरम्भमा एकाक्षरी ए . . तथा अन्त्यमा एकाक्षरी उम् अथवा ए . . नै उच्चारण गरिन्छ ।

८२. ससिक

मोच । प्रसवकालमा मरेका वा शिशुअवस्थामामै मरेका शिशुबाट जन्मने प्रेतात्मा जसले शिशुको मृत्यु गराउँछ ।

८३. सबा साम्माङ

बाँदरदेव । भीरपहरामा उफ्रिहिँडेने, नाचिहिँड्ने भएकाले यिनै बाँदरदेवलाई पिन्दाङ साम्माङ तथा लाःङ्साङ साम्माङ पनि भनिन्छ । लिम्बू जातिमा हेम्म्या कुलवंशभित्र बाँदरदेव प्रकट भएको मानिन्छ । (हेर्नू : केबिम्बा साम्माङ) ।

८४. साक्फा

फुर्के बाँस । यसको पात भालुबाँसको पातसँग मुठा पारी हिम्साम्माङको पूजाअनुष्ठान गर्दा स्याउलीका रूपमा चलाइन्छ ।

८५. साप्तोःक

मलाई सूचना दिने सूचकका अनुसार मालिङ्गोका चोयाले बाक्लो पानी पनि नचुहिने गरी बुनेको थुन्सेभैँ पात्र जसमा उनिउँ पातहरू भित्रपट्टि वरिपरि छापेर जाँडका लागि पकाएको कोदो मर्चा मिसाएर मान्द्रोमा फिँजाई सेलाएपछि ओथार्न (fermentation) का निमित्त केही दिन राखिन्छ । त्यहीअनुसार त्यो पात्रलाई साप्तोःक् भनेकाले (पृ. ३८ पहिलो संस्करण) मा अनुच्छेद २ मा सोहीअनुसारको अनुवाद दिएको हुँ तर पछि पाण्डुलिपि हेरेर सुभाउ दिँदा लिम्बू भाषाका विद्वान् मुरिङ्ला, बी.बी. सुब्बाले साप्तोःक् भनेको सानो तोङ्बा हो भन्नुभएको छ ।

८६. साप्पोःक चोॽमे़न

लिम्बू भाषामा साप्पोःक् भनेको भुँडी र चोॽमे़न् भनेको रक्षाका लागि गरिने पूजा हो । शाब्दिक अर्थ भुँडीको पूजा हो अर्थात् कोखपूजा । त्यसैले होला, गर्भ रहेका स्त्रीलाई नेपाली हेय भाषामा भुँडी बोकेकी स्त्री पनि भनिन्छ । लिम्बू जीवनचक्रमा कोखपूजाको अत्यन्त ठुलो महत्त्व छ । गर्भमा रहेको शिशुलाई भूत, प्रेत, मोच, सिहैं, जागित्रा, वायु र मसानजस्ता अनिष्टकारी आत्माले नपिरून, गर्भवती स्त्रीलाई नपिरून् भनेर नै यो पूजा गरिन्छ । स्त्रीजाति गर्भवती भएपछि उसको गर्भको रक्षा र निर्विघ्न जायजन्म होस् भनेर देवीदेवतालाई पूजाप्रार्थना गरिन्छ । यस्तो पूजा पहिले पहिले पूरा तीन दिन र तीन रात लगाएर सम्पन्न गरिन्थ्यो । वर्तमान समयमा भने केही छिटो (समय कम खर्च गरेर) सम्पन्न गर्ने चलन आइसकेको छ । यसरी गर्भरक्षाका लागि कोखपूजा सम्पन्न गरेमा प्रसव निर्विघ्न अथवा बिना दुःखकष्ट हुने,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जन्मेको शिशु पनि स्वस्थ रहने र जन्मने शिशुको तथा सुत्केरी हुने आमा (स्त्री) को पनि प्रसवकालमा अकाल मृत्यु नहुने विश्वास लिम्बू जातिमा छ । साप्पोःक चोʔमेन् (कोखपूजा) गर्दा पहिले कुदाप समूह, त्यसपछि युमा साम्माङ, हिम् साम्माङ र थेबा साम्माङको पूजा गरिन्छ ।

८७. साम्दाङ्वा

डाँफे । हिमाल क्षेत्रमा पाइने नौरङ्गी पन्छी । डाँफेको भोग दिने चलनले लिम्बू जातिको सिकारी जीवनको झलकको सङ्केत गर्दछ । यो जाति हिमाल दक्षिणको उच्च पहाडतिर निवास गर्दथे भन्ने पनि सङ्केत गर्दछ । यो पन्छी मानवहितैषी पन्छी हो भन्ने लिम्बू मुन्धुममा यसले मानवजातिलाई गरेको सहयोगबाट थाहा लाग्दछ ।

८८. साम्बा

शाब्दिक अर्थ कवि अथवा गायक । काव्यात्मक संरचनालाई सस्वर गाउने हुनाले कवि गायक । लिम्बू जाति र समाजमा सृष्टिको आख्यान, नीतिका कथाहरू र इतिहासका गाथा सस्वर गाएर यिनले श्रुतिपरम्परालाई जीवित राखेका छन् । दुःखबिमार पर्दा यिनैले उपकार गरेको उति पाइँदैन, न त कुलपूंजा नै यिनले सम्पन्न गरेको त्यति पाइन्छ तर यी लिम्बू समाजका दैविक शक्तिले युक्त गायक हुन् जसले श्रुतिपरम्परालाई जीवित र शृङ्खलावद्ध राखेका छन् । साप्मुन्धुम र येप्मुन्धुम (इतिहासका गायक) का सन्तति नै वर्तमानका साम्बा हुन् । गुरुपरम्पराबाट नै सष्टि, नीति र इतिहासको ज्ञान पाएर साम्बा भएका हुन्छन् । कतिले आफ्ना योग्यता, क्षमता र गुरुअनुरूप आफूलाई सावाला साम्बा, सोइन्नाङ लाङ्दिन्नाङ साम्बा, लाप्चेमि साम्बा आदि पदले विभूषित पनि गर्ने गर्दछन् ।

८९. सारि

कलश । विशेष पूजाअनुष्ठान गर्दा फूलको कलश (जोडी) राख्ने चलन पनि लिम्बू परम्परामा देखिन्छ । पूजास्थलमा पानी हालेको लोहोटामा फूलहरू हालेर थानको दाहिने र देब्रेतिर राखेको लोहोटा वा कलशलाई सारि भनिन्छ ।

९०. सायाला मुदेन

हिम् साम्माङ अथवा बूढा थाक्फुत् माङले मानवसदुदायका बिच आफू आउँदा साथ लागी आएका विभिन्न साहनवाहनमा एक सायाला मुदेन् पनि हो । यो हिमालको उत्तरको उसपारबाट आएको हुनाले आगन्तुक भोटेदेवता भन्न सकिन्छ । लिम्बू भाषाका विद्वान् रन्धोज नेम्बाङका अनुसार भने ईशान कोण (उत्तर र पूर्व जनाउने दिशासूचक कोण) मा रहने बुधग्रह हो । उनले यस देवतालाई नवग्रहमध्येको एक ग्रहदेवता मानेका छन् ।

९१. सिगि : सातो चेतना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९२. सिदि खो

गुलियो बेतसँग मिसाएर लेकमा पाइने तिते बेतबाट बुनेको ढाल । लिम्बू जातिको रणका देवता थेबा साम्माङले बोक्ने ढाल तर भगिराज इङनाम (लिम्बू जातिको इतहिास, २०७५, पृ. १६३)का अनुसार बेत-बाँसको चोयाबाट बनाएको ढाल मादि खो हो र गैंडाको छालाबाट बनाएको ढाल सिदि खो हो ।

९३. सिनुयुक

चिनियाँ जातिले बसोबास गरेको ठाउँ, चीन देश । लिम्बू भाषामा चीनलाई सिन् भनिन्छ र युक् शब्दको अर्थ अधीनमा रहेको वा भोगचलन गरेको हो भन्ने बुझिन्छ ।

९४. सिरिङ्मा

अनिष्टकारी मानिने कुदाप् समूहमा पर्ने देवीदेवतामध्येको एक । अनेक उत्पात र विग्रह गर्न सक्ने क्षमता भएको जङ्गली देवीदेवता (घरबाहिर पुजिने) अथवा वनको सिकारीदेवमध्येमा एक ।

९५. सिवा होःप्मा

झन्डै नाम्भुनयक (सिलौटी डाँडा) कै दक्षिणपूर्व फर्केको करालो परेको काख वा लोभ्रे डाँडाको उत्तरपूर्व कुना वा काखबाट मूल फुटी बगेको सानो खोला । निकै बँसी भएको यो खोला दक्षिण बग्दै बग्दै अन्ततः माक्सिङ्वा नामक पवित्रस्थलमा पुगेपछि निभुखोलामा मिसिन्छ । (हेर्नू निभु, माक्सिङ्वा पनि) ।

९६. सुगुत

सुत्केरी सिहैं । प्रसवकाल वा प्रसववेदनाको क्रममा मर्ने स्त्रीजातिको प्रेत ।

९७. सुम्जिरि सुम्हाःल्लुङ

शाब्दिक अर्थ तीनचम्के चुह्लो । फिदिमको गढी डाँडा (गाउँ) अवस्थित सुम्जिरि सुम्हेत्लुङ आम्बेपज काम्गेत्लुङमालाई पनि भनिन्छ । सुम्हाःल्लुङलाई सुम्हेत्लुङको पाठान्तर पनि मानिन्छ । तीनओटा राता ढुङ्गा गाढेकालाई हेर्दा तीनचम्के चुह्लोजस्तो देखिएकाले यस्तो पनि अर्थ दिइएको हुन सक्दछ । (हेर्नु : आम्बेपज काम्गेत्लुङमा सुम्हेत्लुङमा)

९८. सुयेःङ्घा

थेबा साम्माङलाई सुयेङ्घा पनि भनिन्छ । थेबा साम्माङलाई सम्बोधन गर्दा प्रयोग गरिने अनेक विशेषण वा पदावलीमध्ये एक हो । हालको लिम्बूवान अर्थात याक्थुङ लाजे भित्रिनअघि सावा येत्हाङ अर्थात् आजका लिम्बू (थाक्थुङ) का पुर्खा लामो कालसम्म हिमाल पारको तिब्बती पठार (मालभूमि) मा बसेको झल्को यस शब्दले दिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९९. सेबाङ्देन (साबाङ्देन)

पुबाङ्देन्को निकटवर्ती स्थलविशेष। सिकारका लागि प्रशस्त पशु पाइने स्थान। थेबा साम्माङले वन्यजन्तु, जनावरमा, जस्तैः मृग, थार, घोरल आदि जन्तुको सिकार गर्दै क्रीडा गर्ने ठाउँविशेष।

१००. सेरेःक सुरुङ्मा (सेगेःक सुरुङ्मा)

तमोर नदीको गढतीरको स्थानविशेष। यस स्थानमा उहिले आदौमा युमासाम्माङले तमोर नदीको वारिदेखि पारिसम्म तान फिँजाएर बुन्दथिन् भन्ने लोककथान सुन्न पाइन्छ। वागङ्मा देवता (गर्भको रक्षक) को अवस्थल। (हेर्नू आम्बेब्रुक्मा तथा वागङमा पनि)।

१०१. सोघा

प्रेतात्मा। अकालमृत्यु अर्थात् खोलाले बगाएर मर्ने तथा भीरपहरा अथवा रुखबाट लडिमर्ने मानिसहरूका प्रेत, सिहैं।

१०२. सोदु(धु)ङ कुमु (तेम्बे) – ब्रह्माण्ड, अन्तरिक्ष, स्पेस

१०३. सोदु(धु)ङ पोमु तेम्बे – उत्पत्तिको अवस्थल

१०४. सोसाम – आत्मा, सातो, हंस

१०५. हाङ्फा

भालुबाँस। भालुबाँसको पातको स्याउली हिम् साम्माङको पूजा गर्दा फेदाङ्माले चलाउँछन्। अन्य पूजाअनुष्ठान, अवसर तथा घरेलु प्रयोजनका लागि पनि भालुबाँसको प्रयोग गरिन्छ।

१०६. हिम साम्माङ

घरको रक्षक देवता, जसको कल्पना सेतैफुलेको बुढो मानिसका रूपमा गरिन्छ। श्रुतिपरम्परामा जीवित मुन्धुमअनुसार सैतै फुलेका बुढो मान्छेको रूपमा सदेह प्रकट भएर ईश्वरले लिम्बू जातिको घरघडेरीको रक्षा गर्दछन् हिम् साम्माङले। हिम् साम्माङका अनेक सहचर र अनुचर साथसाथैमा रहन्छन् भन्ने विश्वास गरिन्छ। लिम्बू जातिको कल्लेरे कन्दङ्वा कुलवंशमा प्रकट भएका हिम् साम्माङ देवताको पूजा तिनले सुँगुरको बेफा भोग दिएर गरेपछि नै यिनको पूजा गर्दा भोगदिने प्रचलन थालियो भनिन्छ।

१०७. हे . . . (अथवा ए . . . .)

थेबा साम्माङको पूजा गर्दा थालनीमा तीन पटक जोडले हे . . . भनेर आह्वान गर्ने गर्दछन् फेदाङ्माहरू। यो तिनको ध्यानाकर्षणका लागि हो भनिन्छ। फेरि उनी कान पनि उति सुन्दैन थिए पनि भनिन्छ। जे होस्, यो ईश्वरको कृपा प्राप्त गर्नका लागि निरन्तर अभ्यास वा साधना गरिनु पर्छ भनिएको नै हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थेबा साम्माङको पूजामा मुन्धुम वा मन्त्र वाचन गर्दा गर्दा प्रत्येक वाक्यको थालनीमा हे (ए) . . . बाट थालनी गरेर वाक्यको अन्तमा फलाकिने वा भनिने पद उम् . . . उम् हो। धेरजसो छोटा छोटा वाक्यमा गाइने थेबा साम्माङको मुन्धुमको प्रत्येक वाक्यको सुरुमा ए र अन्त्यमा उम् . . उम् हुन्छ। कतिपय देवीदेवताका मुन्धुमभन्दा छोटा छोटा वाक्य हुन्छ थेबा साम्माङको मुन्धुममा। त्यसो त अन्य देवीदेवताका मुन्धुम पनि छोटा छोटा आकारका वाक्य हुन्छन्। तिनको वाचनमा पनि सुरुमा केही पद भन्ने गरिन्छ। तुलनाका लागि लिन सकिन्छ हिम्साम्माङको मुन्धुम गायन। हिम्साम्माङको गाउँदा मात्र नभएर आप्चारा पक्तानाको गाउँदा पनि छोटा छोटा वाक्यको सुरुमा एकाक्षरी वा द्वयाक्षरी पद उच्चारण गरिन्छ। (हेर्नु· आप्चारा पक्चाना, हिम् साम्माङ पनि)।

बलि दियने सुँगुरलाई बाहिर घरको बलैंसीमा किलोमा बाँधिन्छ। किलो पैयुँ (फुन्जिङ्बा) को हाँगाको गाडिन्छ। यस किलोलाई कतिका भनाइमा मुक्सिङ भनिन्छ। बलि दिइने सुँगुर पुच्छर नकाटेको र खसी नपारेको हुनुपर्छ। धेरैको भनाइमा तीन वर्षको डाङो सुँगुर (लामिबा) हुनपर्छ। कतिले भन्दछन् खसी पारेको बुच्चा भए पनि पुच्छर भने नकाटेको वा नकाटिएको हुनपर्छ। सुँगुरको जोडी (कुगाप) कुखुरको भाले चाहिन्छ। पकाको कोदोको जाँडको छोक्रा पनि चाहिन्छ भन्दछन्। प्रायसः पूजा गर्दा युमाको पहिले पूजा गरिन्छ। थेबा साम्माङको गर्दा पनि वा अन्य प्रयोजनको पूजा गर्दा पनि युमाको पनि गर्ने अवस्था परेमा, युमाकैपूजा पहिले गरिन्छ।

हातहतियार चाहिने सामान हुन्। धनुकाँड पनि राख्छन् भन्दछन्। तर थेबा साम्माङको मुन्धुम गाउने फेदाङ्माले ढाल, तरबार, च्याप्सा, भाला र बर्छाको मात्र धेरजसो बखान गरेको सुनिन्छ।

◆ ◆ ◆

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789937 781671